सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ फागुन २०८२, बुधबार (25 Feb 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३०७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

घोषणापत्रमा सबै दलको प्रतिबद्धता

विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार

सर्वोच्च अदालतको आदेशको सम्मान गर्दै नेपालको आमनिर्वाचनमा विदेशमा बसोबासरत नेपाली नागरिकलाई विदेशबाटै मतदान गर्न सक्ने व्यवस्था गर्न निर्वाचनसम्बन्धी कानुन संशोधन गर्छौं ।

विभिन्न बाध्यता वा अध्ययनका क्रममा देश छाडेर विदेशमा रहेका नागरिकलाई सम्बन्धित ठाउँबाटै मताधिकार दिन मिल्ने व्यवस्था मिलाइनेछ ।

प्रवासमा रहेका नेपाली नागरिकहरूको मतदानको अधिकारलाई आगामी निर्वाचनमा नै सुनिश्चित गरिनेछ ।

विदेशमा रहेका नेपालीहरूलाई लगानीका निर्णयहरूसहित राज्यका तर्फबाट उपलब्ध गराइने सम्पूर्ण सेवाहरू एकल विन्दुबाट उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गर्नेछौं । राज्यले आफ्ना नागरिकलाई दिने सेवा नेपालमा मात्र नभई जहाँ नेपाली छन् त्यहींसम्म विस्तार गर्नेछ ।

विदेशमा रहेका नेपालीहरूका लागि मतदानको अधिकार प्रदान गर्नुको साथै गैरआवासीय नेपालीहरूको एकपटकको नेपाली, सधैंको नेपाली भन्ने भावनात्मक सम्बन्धलाई कदर गर्दै, केही विशिष्ट अपवादबाहेक सिद्धान्ततः दोहोरो नागरिकताको पक्षमा उभिँदै सम्पत्तिको अधिकारमा रहेका प्रशासनिक झन्झटहरूलाई तत्काल अन्त्य गर्नेछौं ।

पर्शुराम काफ्ले, कमलराज भट्ट

विदेशमा रहेका नेपालीको मतदान अधिकार सुनिश्चित तथा अन्तरजिल्ला मतदानको व्यवस्था गर्न यसपटक चर्को बहस भए पनि अन्तिम समयमा सरकार पछि हट्यो । कानुनी, प्राविधिक र राजनीतिक तयारी नपुगेका कारण सम्भव नभएको सरकारको भनाइ छ । तर, प्रमुख दलहरूले विदेशमा रहेका नेपालीलाई मताधिकारको व्यवस्था गर्ने चुनावी प्रतिबद्धता भने जनाएका छन् । प्रायः सबै दलको घोषणापत्रमा यो विषय समेटिएको छ ।

डायस्पोराका सबैको मतदानको अधिकार सुनिश्चित गर्ने कांग्रेसको प्रतिबद्धता छ । 'हामी एकपटकको नेपाली, सधैंको नेपाली भन्ने भावनालाई आत्मसात् गर्दै नागरिकताको निरन्तरता, सम्पत्ति र मतदानको अधिकार सुनिश्चित गरेर डायस्पोराका सबै पुस्ताको भावना, ज्ञान, सिप र पुँजीलाई देशको समुन्नतिमा जोड्नेछौं । गैरआवासीय नेपालीको नागरिकता निरन्तरता, पैतृक सम्पत्ति र मतदानको अधिकार सुनिश्चित गर्दै विदेशमा रहेका नेपालीको हित संरक्षण गर्छौं,' कांग्रेसले भनेको छ, 'सर्वोच्च अदालतको आदेशको सम्मान गर्दै नेपालको आमनिर्वाचनमा विदेशमा बसोबासरत नेपाली नागरिकलाई विदेशबाटै मतदान गर्न सक्ने व्यवस्था गर्न निर्वाचनसम्बन्धी कानुन संशोधन गर्छौं ।'

सरकारी 'थिंक ट्यांक'को सुझाव के थियो ?

एमालेको घोषणापत्रमा विदेशमा रहेका नेपालीहरूको मताधिकारबारे उल्लेख छैन । एमालेले श्रमिकहरूलाई सामाजिक


» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



■ यसपटक पनि किन भएन विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार ?

● **रामप्रसाद भण्डारी**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त



निर्वाचन मिति घोषणा भइसकेपछि नीति र विधि परिवर्तन गर्न पाइँदैन भन्ने अन्तर्राष्ट्रिय मान्यता छ । हामीले विदेशमा रहेकालाई राखेर मतदान गरेको भए संविधानबमोजिम प्रश्नचिह्न हुन सक्थ्यो । बदर पनि हुन सक्थ्यो । अहिलेको ऐनले विदेशमा रहेका नेपालीलाई निषेध गर्छ । छोटो समयमा विधि र प्रविधि परिवर्तन गरेर सानो जनशक्तिले निर्वाचन गर्न सम्भव थिएन । एकातिर विदेशमा रहेका नेपालीको मत संकलन गर भन्ने र अर्कोतिर यो लागू भयो भने निर्वाचन हुँदैन, हामी भाग लिँदैनौं भन्ने दलहरूको दबाब थियो । यी सबै कारणले अहिले सम्भव भएन ।

● **दोलखबहादुर गुरुङ**
पूर्वकार्यवाहक प्रमुख निर्वाचन आयुक्त



सरकारले चाहेको भए केही देशमा परीक्षणका रूपमा गर्न सकिन्थ्यो । मतदान विदेशमा रहेका नेपालीको नैसर्गिक अधिकार हो । यसमा प्राविधिक, राजनीतिक र कूटनीतिक समस्या त छ । तथापि, गर्नैपर्छ र गर्न सकिन्छ ।

मधेशका मुद्दा प्रमुख दलका घोषणापत्रमा कति प्राथमिकतामा ?

विगतमा जस्तै यसपटक पनि मधेशको शिक्षा, स्वास्थ्य, आवास, खानेपानी, खाद्य सुरक्षा, कृषि र पूर्वाधारलाई प्रमुख दलहरूको घोषणापत्रमा प्राथमिकता, तर कमजोर मानव विकास सूचकांक, गरिबी र बेरोजगारीका तथ्यांकबिच वाचा कार्यान्वयन कठिन

● **चन्द्रकिशोर**, विश्लेषक



दलहरूको घोषणापत्रबिच नीतिगत रूपमा भिन्नता कम छ, तर व्यावहारिक कार्यान्वयनको पक्षमा अन्तर हुने गरेको छ । अहिले चुनावी घोषणापत्रबारे भुइँतहमा व्यापक छलफल हुन सकेको छैन ।

● **जितेश कर्ण**, युवा अभियन्ता



दलहरूले सार्वजनिक गरेको घोषणापत्रमा हरेक विषय छोए पनि मधेशलाई विशेष प्राथमिकतामा राख्न सकेका छैनन् । नयाँ-नयाँ र आशा देखाउने खालका घोषणापत्र भए पनि निर्वाचनपछि कार्यान्वयनमा दलहरूले कति सक्रियता देखाउँछन् भन्ने महत्त्वपूर्ण हुन्छ ।



सिराहामा **सुरेन्द्र कामती**

धेरै मतदाता र निर्वाचन क्षेत्र समेटेको मधेश प्रदेश यसपटक पनि दलहरूको घोषणापत्रको केन्द्रमा परेको छ । विगतमा जस्तै प्रमुख दलहरूले यसपटक पनि आफ्नो निर्वाचन घोषणापत्रमा मधेशका शिक्षा, स्वास्थ्य, आवास, खानेपानी, खाद्य सुरक्षा, कृषि र पूर्वाधारलाई प्राथमिकतामा राखेका छन् ।

कांग्रेसले मधेशका लागि छुट्टै अध्याय राख्दै रोजगारी, कृषि, सिँचाइ, जल व्यवस्थापन र सहरी विकासका महत्त्वाकांक्षी कार्यक्रम अघि सारेको छ । एमालेले शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधारमा जोड दिएको छ ।

नेपाल कम्युनिस्ट पार्टीले कृषि सुधार, किसान अधिकार र औद्योगिक करिडोरमार्फत संरचनागत रूपान्तरणको वाचा गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले सुशासन, स्वास्थ्य बिमा र धार्मिक पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिएको छ ।

प्रतिज्ञापत्रमा मधेशको प्रदेशको छुट्टै च्याप्टर समावेश गरेको कांग्रेसले नवीन सोच भएका युवा तथा महिला उद्यमीलाई विनाधितो परियोजनाकै आधारमा पाँच लाखदेखि ५० लाख रुपैयाँसम्मको कर्जा उपब्लध गराउने भनेको छ ।

यसबाहेक कांग्रेसले मिसन रोजगारी अभियानलाई निरन्तरता दिँदै कृषि, पर्यटन र उद्योग क्षेत्रमा लघु तथा साना उद्यम प्रवर्द्धन गर्ने, पाँच वर्षमा कम्तीमा १५ लाख मर्यादित र उत्पादनशील रोजगारी सिर्जना, पाँच वर्षभित्र वैदेशिक रोजगारीमा जानेको संख्या ५० प्रतिशतले घटाउने, स्वास्थ्य बिमा कार्यक्रम, प्रत्येक स्थानीय तहमा नमुना विद्यालयको संख्या कम्तीमा दुईवटा रहने गरी विस्तार गर्ने घोषणा गरेको छ ।

त्यस्तै, कांग्रेसले कृषि लगानी दशक रूपमा मनाउने, पाँच वर्षभित्र घरविहीन अवस्थाबाट सबै नेपालीलाई मुक्त गर्ने, वीरगन्जलाई सुविधायुक्त आधुनिक सहरका रूपमा विकास गर्ने लक्ष्य समावेश गरेको छ ।

हुलाकी राजमार्गमा नयाँ सहरमा आधुनिक सुविधा विस्तार गर्ने, स्वच्छता अभियानमार्फत धार्मिक तथा सांस्कृतिक धरोहरको संरक्षण,

» पृष्ठ २ मा क्रमशः

■ तथ्यांकमा मधेश

६१ लाख १४ हजार ६०० जनसंख्या रहेको मधेशमा ३६ लाख ३६ हजार ४१४ मतदाता छन् । जसमा पुरुष १९ लाख ७२ हजार ९६४, महिला १६ लाख ६३ हजार ३७४ र अन्य ७६ छन् ।

२५% नागरिक गरिबीको रेखामुनि
नेपाल जीवनस्तर सर्वेक्षण ०७९/८० । देशमा २०.२७%

६३.५% साक्षर
जबकि, सबैभन्दा बढी बागमतीमा ८२ प्रतिशत साक्षर छन्

१ लाख २४ हजार ३९४ बेरोजगार सूचीकृत
मधेश अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण, ०८०/८१

२ लाख ७३ हजार ४१० हेक्टरमा मात्र सिँचाइ
मधेशमा कृषियोग्य क्षेत्र पाँच लाख ८७ हजार ७४० हेक्टर

७१.८ % परिवारले ट्युबेल, हातेपम्पबाट पिउँछन् पानी
राष्ट्रिय जनगणना ०७८ अनुसार ११ लाख ५६ हजार ३८३ परिवार

०.५१९ मानव विकास सूचकांक
मधेश प्रदेश नीति तथा योजना आयोगको प्रतिवेदन

एक लाखमा १४० मातृ मृत्युदर
मधेशमा ५८.६ प्रतिशतले खाना पकाउन दाउरा प्रयोग गर्छन् । ११ लाख ५६ हजार ३८३ घरधुरीमध्ये ८८ प्रतिशतमा मात्र शौचालय छ ।

■ प्रधानमन्त्रीलाई सुरक्षा ब्रिफिङ

विगतका निर्वाचनमा भन्दा सुरक्षा व्यवस्था मजबुत

होलीमा राजनीतिक गतिविधि तथा सामाजिक सद्भावविरोधी क्रियाकलाप हुन सक्ने भन्दै निर्वाचनविरोधी समूहलाई निगरानी र नियन्त्रण गर्न निर्देशन



नयाँ पत्रिका

सुरक्षा निकायका प्रमुखहरूले यसपटकको निर्वाचन सुरक्षा तयारी विगतका निर्वाचनमा भन्दा मजबुत रहेको प्रधानमन्त्री सुशीला कार्कीलाई ब्रिफिङ गरेका छन् । मंगलबार प्रधानमन्त्रीनिवासमा

» पृष्ठ २ मा क्रमशः

रिजर्भ फोर्स बढाइने

● **आनन्द काफ्ले**, प्रवक्ता, गृह



सुरक्षा व्यवस्थालाई थप मजबुत र प्रभावकारी बनाउनका लागि तीनवटै सुरक्षा निकायबाट शीघ्र परिचालन हुने गरी थप जनशक्तिसहितको जगेडा फोर्सको व्यवस्था गर्ने निर्णय भएको छ । कतै समस्या आएमा तत्काल परिचालन हुने गरी यस्तो फोर्स बढाउन भनिएको हो ।

■ 'हाई अलर्ट'मा सुरक्षा निकाय

तीन दिन सीमा बन्द हुने र सात दिन मदिरा बेचबिखनमा रोक

निर्वाचन आयोगमा मंगलबार बसेको उच्चस्तरीय निर्वाचन सुरक्षा समिति बैठकमा सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीले निर्वाचन तयारीमा 'हाई अलर्ट'मा रहेको ब्रिफिङ गरेका छन् । बैठकमा प्रहरी प्रमुख दानबहादुर कार्कीले मधेशका केही जिल्लामा देखिएको घटना पनि साम्य भइसकेको र सम्भावित घटना रोक्न संवेदनशील जिल्लालाई 'हाई अलर्ट'मा राखिएको बताए । 'सानातिना विरोध गर्ने हुन सक्छन् । उच्च निगरानी र अलर्टमा छौं । निर्वाचनलाई कुनै सुरक्षा समस्या हुँदैन,' उनले भनेका थिए । नेपाल-भारत सीमा ७२ घण्टा बन्द गर्न सरकारलाई सिफारिस गर्ने र मदिरा बिक्री-वितरण सात दिन बन्द गर्ने निर्णय गरिएको छ ।

कर्नर किक

● रवि मिश्र



निर्वाचनमा अनुहार नयाँ, सीमा पुरानै



● बिनोज बस्न्यात

निर्वाचनपछि पुरानै प्रणालीभित्र नयाँ अनुहार फर्किनु बलिदानप्रतिको अन्याय हो र मतपेटिकाले परिणाम दिएन भने सडक फेरि सक्रिय हुन्छ

(पृष्ठ ४)

०८२/८३ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा

चालू पुँजी कर्जामा झनै लचिलो केन्द्रीय बैंक

पक्की पुलमाथि झोलुंगे पुल



(विस्तृत पृष्ठ ६)

चुनावी मुद्दा मात्र बन्छन् मुसहरका समस्या

मुसहरका लागि योजना भाषणमा आउँछ, तर बजेटमा सधैं हराउँछ । भूमिहीन, अशिक्षा, कुपोषण, बेरोजगारी र सामाजिक विभेदको चक्रबाट बाहिर निस्कनै मुस्किल ।

विराटनगरमा **गणेश लम्साल**

हरेक वर्ष बर्खामा उर्लेर बाढी आउने सिँघिया नदीछेउमा छ झुपडी बस्ती । १०० घरपरिवार रहेको मोरङको बुढीगंगा गाउँपालिका- १, खापटोल र करैयाका अधिकांश घरका छाना फुसले छाएका छन् । जस्तापाताका छाना भएका झुपडी फाट्टफुट्ट देखिन्छन् । ४२ वर्षीय रमेश मुसहरको घर त्यसमध्ये एक हो ।

चुनावी सरगर्मी बढेसँगै रमेशको बस्तीमा पनि उम्मेदवारहरू भोट माग्न छिरिरहेका छन् । यो गाउँ मोरङ ६ अन्तर्गत पर्छ । भोट माग्न आउनेहरू आश्वासन बाँढिरहेका छन्, 'यसपटक जग्गा र नागरिकता दिलाइदिन्छौं, घर बनाइदिन्छौं, बालबच्चालाई छात्रवृत्ति र रोजगारी दिलाइदिन्छौं, बाढी रोक्न पक्की तटबन्ध पनि बनाइदिन्छौं ।' तर, रमेश यस्ता वाचा हरेक चुनावमा सुन्दै आएको बताउँछन्, तर गाउँको अवस्था भने उस्तै छ ।

बस्तीका कसैको पनि आफ्नै नाममा एक धुर जमिन छैन । बर्खामा बाढी पसेपछि हरेक वर्ष कुम्लो-कुटुरो बोकेर सार्वजनिक भवनमा आश्रय लिन पुनुपर्छ, नभए सडकमै पाल टाँगेर बस्नुपर्छ । बर्खामा मात्रै

» पृष्ठ २ मा क्रमशः



मोरङको बुढीगंगा गाउँपालिका- १ खापटोलस्थित मुसहर बस्ती

■ के भन्छन् मोरङ ६ का उम्मेदवार ?

मुसहरको अधिकारका लागि पहल गरिरहनेछु

शेखर कोइराला, कांग्रेस



मैले धेरै ठाउँका मुसहर बस्तीमा मन्दिर र सामुदायिक केन्द्र बनाउन भनेर सहयोग गर्दै आएको छु । डुबानमा परेको वेला पनि सहयोग गरेको छु । पालिकामार्फत पनि महोत्सवहरू आयोजना गर्न सहयोग गराएको छु । अब पनि मुसहरका अधिकारका लागि पहल गरिरहनेछु ।

डुबानबाट जोगाउन तटबन्ध निर्माण गर्नेछु

ओपेन्द्र राय, नेकपा



मुसहर समुदायको समस्या नजिकैबाट देखेको छु । मुसहर समुदायलाई आश्वासन मात्र दिनेछैन । उनीहरूलाई डुबानबाट जोगाउन तटबन्ध निर्माण गर्ने, भूमि दिलाएर सुरक्षित आवास निर्माण गरिदिनेदेखि निःशुल्क शिक्षासहित पहिचानको संरक्षणका लागि पहल गर्नेछु ।

भूमिहीन दलितलाई जग्गा र निःशुल्क शिक्षा

विनोद ढकाल, एमाले



मैले आफ्नो प्रतिबद्धतापत्रमै प्रस्ट रूपमा भूमिहीन दलितलाई जग्गा वितरण गर्ने, निःशुल्क शिक्षा दिलाउने र संस्कृतिको संरक्षण गर्ने कुरा उल्लेख गरेको छु । विजयी भएर गएपछि पूर्ण पालना गर्नेछु

सुरक्षित आवास निर्माण गराउन लाग्नेछु

रुविना आचार्य, रास्वपा



मुसहरहरूको मुख्य समस्या जग्गाजमिन नहुनु र अशिक्षा हो । उच्च शिक्षासम्म निःशुल्क पढ्ने हक र जमिनसहित सुरक्षित आवास निर्माण गराउन लाग्नेछु । उच्च शिक्षासम्म पढ्न पाए भने उनीहरू आफैं सक्षम हुँदै जानेछन् ।

मानव अधिकार परिषद्मा प्रधानमन्त्रीको भर्चुअल सम्बोधन

‘मानव अधिकारप्रति नेपाल प्रतिबद्ध’

नयाँ पत्रिका

प्रधानमन्त्री सुशीला कार्कीले संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को ६१औँ नियमित सत्रअन्तर्गत उच्चस्तरीय खण्डलाई मंगलबार सम्बोधन गर्दै ‘मानव अधिकारप्रति नेपाल प्रतिबद्ध रहेको’ बताएकी छिन्। नेपाली प्रतिनिधिमण्डलको नेताका रूपमा काठमाडौंबाट भर्चुअल सम्बोधनमा प्रधानमन्त्री कार्कीले विश्व बहुआयामिक संकटको घडीमा रहेको, तर मानव अधिकारप्रतिको प्रतिबद्धता अटल रहेको उल्लेख गरेकी हुन्।

‘जलवायु परिवर्तन, बढ्दो द्वन्द्व र प्राकृतिक विपत्जस्ता संकटहरू आपसमा गाँसिएका र जटिल बन्दै गएका छन्। अहिले बहुपक्षीयता स्वयं परीक्षणको चरणमा रहेको छ। मानव अधिकारको सार्वभौमिकतालाई जोगाइराख्नु सबैको साझा दायित्व भएको छ,’ उनले भनिन्।

प्रधानमन्त्री कार्कीले लोकतन्त्र र स्वतन्त्रताप्रतिको नेपालको यात्रा मानव अधिकार सुनिश्चित गर्ने निरन्तर प्रयासको साक्षी भएको पनि बताएकी छिन्। ‘नीति, कानुनी र संस्थागत तहमा विभिन्न सुधारमार्फत मानव अधिकारलाई व्यवहारमा उतारिएको छ। मानव अधिकारलाई संस्कृति बनाउन हाम्रो प्राथमिकतामा छ,’ उनले भनिन्, ‘पारस्परिक सम्मान, मानव मर्यादा, समानता र राज्यको उत्तरदायित्वलाई संस्थागत गर्नेछौँ।’

कार्कीले नेपालको संविधान मानव अधिकार र मौलिक स्वतन्त्रताको आधारस्तम्भ भएको स्पष्ट पारेकी छिन्। ‘महिला, बालबालिका, अपांगता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, दलित, सीमान्तकृत समुदाय तथा यौनिक तथा लैंगिक अल्पसंख्यकका अधिकार सुनिश्चित गरिएको छ,’ उनले भनिन्, ‘शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा र स्वच्छ वातावरणजस्ता अधिकारलाई व्यवहारमा उतार्न विभिन्न कानुन र नीतिहरू कार्यान्वयनमा ल्याइएको छ। नेपाल सात प्रमुख मानव अधिकार महासन्धि र ११ वटा आइएलओ महासन्धिसहित २४ अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरूको पक्ष राष्ट्र हो।’

प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघको बडापत्रका उद्देश्य र सिद्धान्तप्रति नेपाल दृढ रहेको उल्लेख गर्दै शान्ति प्रक्रियामार्फत नेपालमा सशस्त्र द्वन्द्व अन्त्य गरिएको स्मरण गराएकी छिन्। संक्रमणकालीन न्याय प्रक्रिया विश्वसनीय, समावेशी र पीडितकेन्द्रित ढंगले निष्कर्षमा पुर्‍याउन सरकार प्रतिबद्ध रहेको पनि उनले उल्लेख गरेकी छिन्। ‘यसका लागि हामीले गत वर्ष सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग पुनर्गठन गरेका छौँ,’ उनले भनिन्।

अन्तर्राष्ट्रिय शान्ति सुरक्षामा नेपालको योगदान उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले संयुक्त राष्ट्रसंघीय शान्ति मिसनहरूमा नेपाल हाल सबैभन्दा बढी सेना योगदान गर्ने मुलुकमध्ये अग्रस्थानमा रहेको बताइन्। ‘नेपाली शान्ति सैनिकहरूले शान्ति स्थापना, नागरिक सुरक्षा र मानव अधिकार संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्,’ उनले भनिन्।

नेपालको घरेलु राजनीतिका सन्दर्भमा गत भदौ २३ र २४ को जेन-जी आन्दोलनले पारदर्शी, जवाफदेही र भ्रष्टाचारमुक्त शासनको माग गरेको स्मरण गर्दै प्रधानमन्त्रीले युवाहरूको आकांक्षा सम्बोधन गर्नु सरकारको मुख्य एजेन्डा भएको पनि उल्लेख गरेकी छिन्। सरकार भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा प्रतिबद्ध रहेको पनि उनको भनाइ छ। प्रतिनिधिसभाको आसन्न निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन अन्तिम चरणको तयारी भइरहेको पनि प्रधानमन्त्री कार्कीको भनाइ थियो।

Request for Proposals

First Published Date: 25/02/2026

Nabil Bank, established in 1984, is a market leader in the Nepalese banking sector. We are dedicated to being the “Bank of First Choice” for all our stakeholders. Nabil Bank Ltd. invites sealed proposals from reputable, competent and experienced service providers for the outsourcing of the following functions:

a. Security Services
b. Janitorial Services (Part-Time / Full-Time / Complete Outsourcing)
c. Messenger Services
d. Receptionist / Telephone Operator Services
e. Note Sorter Services (on a per-bundle basis)
f. Outsourced Non-Core Banking Technical Assistant (Clerical Personnel) Services
g. Driver Services
h. Electrician Services
i. Process Function for Sanction Letter Preparation
j. Account Opening Function (on a per-account basis)

Terms and Conditions:

1. **Eligibility Criteria:**
   Bidders must meet all the following mandatory criteria:

   Legal & Regulatory Compliance
   - Legally registered company under Government of Nepal.
   - Valid PAN/VAT Registration.
   - Valid Labor Supply License specifying relevant services.
   - Updated Company Renewal Certificate.
   - Tax Clearance Certificates (last three fiscal years).
   - SSF Registration.
   - Not blacklisted by any Government/Regulatory Authority.
   - For Security Services:
     - CDO Approval Letter (if applicable)
     - Municipality/Metropolitan Registration (if applicable)
     - Radio Communication License (if applicable)

   Experience & Capacity
   - Minimum five (5) years of proven experience in the proposed service.
   - Must currently be deploying at least 100 personnel in the respective service category or from the company for specialized service.
   - Experience with three reputed large institutions, including at least one Class ‘A’ Commercial Bank
   - Operational presence in Kathmandu and/or at least one Province.

   Financial Eligibility
   - Positive Net Worth in last three fiscal years.
   - Minimum Annual Turnover of NPR 20 Million in each of the last three fiscal years.
   - Submission of Audited Financial Statements (last three years) with UDIN.
   - No record of insolvency, bankruptcy, or major litigation affecting operations.

2. Interested bidders can receive the desired RFP documents with detailed Scope of works, Terms and Conditions from the **Administration Department, 4th Floor, Ghantaghar building, Kathmandu, Nepal** upon submission of an application letter for the RFP document in the official letter head of the bidding company and submission of a proof of deposit of non-refundable application fee of **NPR. 2,000/- (Nepalese Rupees Two Thousand only).**

3. The RFP Document Fee is to be paid by Cash Deposit to the under mentioned Account. The proof of deposit/transfer must be attached with the documents. The application money is non-refundable.
   Account Name: Miscellaneous Deposit Receipt
   Account Number: 93254001006
   Bank: Nabil Bank Limited, Head Office

4. The Physical copy of Proposal document along with copy of other supporting documents must be submitted to **Nabil Bank Limited, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than **4:00 PM, 11th March, 2026 i.e. 27th of Falgun 2082**. Bid documents received after this deadline will not be accepted.

5. The Proposal documents must be complete and properly bound. Unbound or loosely compiled submissions shall be disqualified without any further clarification or query.

6. In case the last day of submission falls on government holiday, then submission can be done on the next working day. Same applies for bid opening day as well.

7. The received Bids shall be opened at **Nabil Bank Ltd, Ghantaghar, Kathmandu at 11:00. A.M. on 12th March, 2026 i.e. 28th of Falgun 2082**. Non-attendance of any or all the bidder’s representatives shall not hinder the opening of the bid.

8. The Bank reserves the ultimate rights to accept/ reject any proposals and shall not be required to disclose any reason whatsoever.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871

मधेशका मुद्दा...

पृष्ठ १ बाट क्रमशः

पोखरी सरसफाइ र मन्दिरपरिसरको सौन्दर्य, बेटी पढाऊ बेटी बचाऊ अभियानले शिक्षा र सशक्तीकरणमा जोड दिने र भूमिगत जलस्रोतमा आधारित सिँचाइ आयोजना र कृषि उत्पादन वृद्धिका कार्यक्रमले खाद्य सुरक्षा सुदृढ गर्ने उद्देश्य कांग्रेसले राखेको छ।

यस्तै, पाँच वर्षमा ८० वटा खाद्यान्न भण्डार र ६५ वटा शीतभण्डार निर्माण, जलसंकटलाई ध्यानमा राख्दै भूमिगत जलस्तर सुधार र मरुभूमीकरणको जोखिम न्यूनीकरणमा केन्द्रित नीति लागू गर्ने, मधेशको जलसंकटलाई अन्त्य गर्न खोलाको पानी व्यवस्थापन र वर्षाको पानीको संकलन गर्ने व्यवस्था तत्काल लागू गरी जल व्यवस्थापन गर्ने कांग्रेस प्रतिज्ञापत्रमा उल्लेख छ।

एमालेले शिक्षा, स्वास्थ्य, खानेपानी, गरिबीका मुद्दा समेटेको छ। मधेशबाट वैदेशिक रोजगारीमा अत्यधिक युवा पलायन हुने गरेको परिदृश्यमा एमालेले विदेशमा रहेका युवालाई रेमिट्यान्स पठाउँदा वार्षिक पाँच हजार छुट सुविधा दिने घोषणा गरेको छ।

प्राविधिक धारमा उच्च शिक्षा आर्जन गर्न चाहनेलाई २० लाखसम्म निर्ब्याजी ऋण, आधुनिक प्रविधि र पूर्वाधार विकास गर्दै सबै पालिका केन्द्रलाई गुणस्तरीय स्वास्थ्य, शिक्षा, उद्योग, व्यापार, उत्पादन र रोजगारीका अवसरसहित समृद्धका केन्द्रका रूपमा विकास गर्ने लक्ष्य एमालेको छ।

हुलाकी राजमार्गलाई औद्योगिकीकरण, कृषिको व्यवसायीकरण, व्यापार व्यवसायको हबका रूपमा विकास गर्ने, सबै नेपालीलाई चौबिसै घण्टा र सातै दिन सुरक्षित पिउने पानी उपलब्ध गराउन अगामी दुई वर्षमा सम्पूर्ण घरमा आधारभूत खानेपानी तथा सरसफाइ पहुँच पुर्‍याउने, आगामी पाँच वर्षमा सबै नागरिकलाई स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी र सरसफाइमा पहुँच सुनिश्चित गर्ने एमालेको घोषणा छ।

एमालेले एक वडा एक कृषि प्राविधिक व्यवस्था गर्न कृषि विज्ञान शिक्षालाई प्रोत्साहित गर्ने, प्रदेश र स्थानीय तहसमेतको सहकार्यमा आगामी पाँच वर्षभित्र थप तीन लाख हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गरी ७५ प्रशित पुर्‍याउने भनेको छ।

त्यस्तै, प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तीमा एक एमडिजिपी चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराउने, प्रदेश स्तरमा प्रभावकारी रिफरल प्रणाली स्थापना, हुलाकी राजमार्गलाई रणनीतिक राजमार्गका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ।

नेकपाले घोषणापत्रमा संघीय बजेटको ६० प्रतिशत प्रदेश र स्थानीय तहबाट परिचालन गर्ने घोषणा गरेको छ। प्रत्येक प्रदेशमा विशेषतामा आधारित औद्योगिक र कृषि करिडोर निर्माण गरिने भनिएको छ भने एक वर्षभित्र एकीकृत कृषि ऐन र किसान अधिकार ऐन बनाई लागू गरिने उल्लेख छ।

कृषि दशक घोषणा गर्ने, किसानलाई परिचयपत्र वितरण, स्थानीय तहमा एकीकृत कृषि सेवा केन्द्र र प्रयोगशाला स्थापना, प्रत्येक वडामा कम्तीमा एक कृषि तथा एक पशु प्राविधिक राख्ने, कृषि श्रमिकका लागि न्यूनतम ज्याला, सामाजिक सुरक्षा र बिमाको विषय नेकपाले समेटेको छ।

यस्तै, सातै प्रदेशमा दुग्ध विकास बोर्ड गठन गरी दुध बिक्री र अनुदान एक महिनामा उपलब्ध गराउने, हरेक स्थानीय तहमा बिउ बैंक स्थापना गरिने घोषणापत्रमा उल्लेख छ। हुलाकी राजमार्ग तथा मध्यपहाडी लोकमार्गआसपास व्यावसायिक कृषि-खाद्य प्रशोधन करिडोर विकास गरिने, सातै प्रदेशमा कृषि औद्योगिक पार्क स्थापना, सातै प्रदेशमा एक-एक शीतभण्डार र बहुस्तरीय कृषि थोक बजार निर्माण, किसानलाई माटो स्वास्थ्य कार्ड, सोलार/लिफ्ट सिँचाइ प्रवर्द्धन गरी दुई वर्षभित्र देशलाई भोकमुक्त नेपाल घोषणा गर्ने लक्ष्य लिएको छ।

दलित, अल्पसंख्यक, शारीरिक अपांगता भएका व्यक्तिले उत्पादन तथा रोजगारमूलक उद्यम गर्न चाहेमा १० वर्षका लागि एक करोडसम्म ऋण दिने र त्यसको ब्याज पाँच प्रतिशत मात्र रहने, स्टार्टअप तथा आइटी उद्यम निःशुल्क दर्ता र पाँच वर्षसम्म पूर्ण कर छुट, मधेश प्रदेश (कृषि तथा धार्मिक पर्यटन हब) कृषि प्रशोधन तथा धार्मिक पर्यटन सर्किट (जानकी, बौद्ध क्षेत्र आदि) उल्लेख छ। तराई मधेशलाई मरुभूमीकरण हुन नदिन चुरे र शिवालिक पर्वत शृंखलाको संरक्षण गरिने नेकपाले बताएको छ।

रास्वपापले आधारभूत विषयलाई राष्ट्रियस्तरमा समेटेको छ। त्यसबाहेक रामजानकी विवाहको ऐतिहासिक भूमि जनकपुरधामलई धार्मिक सांस्कृतिक पर्यटन केन्द्रका रूपमा प्रवर्द्धन गर्न विशेष पूर्वाधार निर्माण गर्ने घोषणा गरेको छ। सातै प्रदेशमा अत्याधुनिक र पूर्णतः पहुँचयुक्त खेल पूर्वाधार निर्माण गर्ने, प्रत्येक प्रदेशमा कम्तीमा एक अत्याधुनिक अपांगता पुनर्स्थापना विशिष्टीकृत स्रोत केन्द्र स्थापना, स्वास्थ्य बिमा कार्यक्रममा जोड, चुरे संरक्षणलाई उच्च प्राथमिकता र आर्सेनिकमुक्त तराई अभियान सुरु गर्नेलगायत लक्ष्य रास्वपाको छ।

मधेश मामिलाका जानकार चन्द्रकिशोरले दलहरूको घोषणापत्र नीतिगत रूपमा दलहरूबिचमा भिन्नता कम भए पनि व्यावहारिक कार्यान्वयनको पक्षमा अन्तर रहेको बताए। चुनावी घोषणापत्रबारे भुइँतहमा व्यापक छलफल हुन नसकेको उनले बताए।

युवा अभियन्ता जितेश कर्णले राजनीतिक दलले सार्वजनिक गरेको घोषणापत्रमा हरेक विषय छोए पनि मधेशलाई विशेष प्राथमिकतामा राख्न नसकेको बताए। नयाँ-नयाँ र आशा देखाउने खालका घोषणापत्र भए पनि निर्वाचनपछि कार्यान्वयनमा दलहरूले कति सक्रियता देखाउँछन् भन्ने महत्त्वपूर्ण हुने बताए।

कांग्रेस युवा नेता रामकिशोर यादवले समग्र घोषणापत्रले देशका आधारभूत विषयलाई धेरथोर छोए पनि कांग्रेसले बृहत् रूपमा समावेश गर्न खोजेको बताए। कांग्रेसमा नयाँ नेतृत्वमाथि परिवर्तनको दबाब र आशा पनि भएकाले नै घोषणापत्रमा नयाँ वाचाका रूपमा हरेक पक्ष समेट्न खोजेको उनले बताए।

विदेशमा रहेका...

पृष्ठ १ बाट क्रमशः

‘विदेशमा रहेका नेपालीहरूलाई लगानीका निर्णयहरूसहित राज्यका तर्फबाट उपलब्ध गराइने सम्पूर्ण सेवाहरू एकल विन्दुबाट उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गर्नेछौँ,’ एमालेले भनेको छ, ‘श्रम कूटनीतिलाई प्रभावकारी रूपमा प्रवर्द्धन गर्नका लागि श्रम गन्तव्यका सबै देशहरूमा सामाजिक सुरक्षा कोषको प्रावधानसहित द्विपक्षीय श्रम सम्झौता गर्नेछौँ। राज्यले आफ्ना नागरिकलाई दिने सेवा नेपालमा मात्र नभई जहाँ नेपाली छन् त्यहीँसम्म विस्तार गर्नेछ।’

नेपाली कम्युनिस्ट पार्टीले मताधिकार दिन मिल्ने व्यवस्था मिलाइने बताएको छ। ‘विभिन्न बाध्यता वा अध्ययनका क्रममा देश छाडेर विदेशमा रहेका नागरिकलाई सम्बन्धित ठाउँबाटै मताधिकार दिन मिल्ने व्यवस्था मिलाइनेछ,’ नेकपाको घोषणापत्रमा छ।

यस्तै, रास्वपा मतदानको अधिकार र दोहोरो नागरिकताका पक्षमा उभिएको छ। ‘विदेशमा रहेका नेपालीहरूका लागि मतदानको अधिकार प्रदान गर्नुको साथै गैरआवासीय नेपालीहरूको एकपटकको नेपाली, सधैँको नेपाली भन्ने भावनात्मक सम्बन्धलाई कदर गर्दै, केही विशिष्ट अपवादबाहेक सिद्धान्ततः दोहोरो नागरिकताको पक्षमा उभिँदै सम्पत्तिको अधिकारमा रहेका प्रशासनिक झन्झटहरूलाई तत्काल अन्त्य गर्नेछौँ,’ रास्वपाले भनेको छ।

राप्रपाले आगामी निर्वाचनमा मतदानको अधिकार सुनिश्चित गर्ने बताएको छ। ‘प्रवासमा रहेका नेपाली नागरिकहरूको मतदानको अधिकारलाई आगामी निर्वाचनमा नै सुनिश्चित गरिनेछ,’ राप्रपाको घोषणापत्रमा छ।

सरकारी ‘थिंक ट्यांक’को सुझाव के थियो ?

प्रधानमन्त्री कार्यालयको अनुरोधमा विदेशमा रहेका नेपाली नागरिक तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदातालाई मतदान गर्न दिने व्यवस्था सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानले अध्ययन गरेको थियो। प्रतिष्ठानले ५ मंसिरमा निर्वाचन आयोगमा अध्ययन निष्कर्षको प्रस्तुतीकरण गरेको थियो जहाँ आयोगका आयुक्तहरू तथा कर्मचारीहरू र प्रतिष्ठानका अध्ययन टोली थिए।

प्रतिष्ठानको विज्ञप्तिअनुसार त्यसवेला प्रतिष्ठानका कार्यकारी अध्यक्ष तथा अध्ययन टोलीका संयोजक प्रा.डा. लेखनाथ शर्माले अध्ययनको निष्कर्ष प्रस्तुत गरेका थिए। बाह्य मतदान विधिका वैश्विक अभ्यास, नेपालको मताधिकारको न्यायिक र राजनीतिक सन्दर्भ र नेपालले २०८२ को निर्वाचनमा प्रयोग गर्न सक्ने विधि र मार्गचित्र प्रस्तुत भएको थियो।

प्रस्तुतिमा वैदेशिक मतदानको हकमा डिजिटल पहिचान प्रणालीसहितको हुलाकमार्फत गरिने मतदान विधि अधिक सम्भाव्य भएको र इन्टरनेट मतदान विधिको सम्भावनाबारे पनि थप प्राविधिक परामर्श गर्न सकिने उल्लेख थियो। देशभित्र अन्तरनिर्वाचन क्षेत्र मतदानको हकमा त्यस्तो मतदानका लागि प्रत्यक्ष निर्वाचनका लागि सबै निर्वाचन क्षेत्रको संयुक्त एक मतपेटिका र समानुपातिक निर्वाचनका लागि अर्को मतपेटिका गरी दुई मतपेटिका राख्ने गरी छुट्टै मतदान केन्द्र स्थापना गरी मतदान गराउन सकिने सम्भाव्यता रहेको निर्क्योल प्रस्तुत भएको थियो।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले सरकारले आवश्यक स्रोत, साधन, जनशक्ति, विधि र प्रविधि उपलब्ध गराएमा सरकारको निर्देशनबमोजिम निर्वाचन गराउन आयोग तत्पर रहेको बताएका थिए। प्रतिष्ठानले ७ मंसिरमा राजनीतिक दलहरूलगायत सरोकारवालाहरूसँग छलफल गरेको थियो। प्रतिष्ठानले त्यसअघि कात्तिक २३ गते आफ्नै कार्यालयमा र कात्तिक २७ गते प्रधानमन्त्री कार्यालयमा विदेशमा रहेका नेपालीको मतदानबारे प्रस्तुतीकरण गरेको थियो। प्रतिष्ठानले ३१ कात्तिकमा अध्ययनको निष्कर्ष र प्रारम्भिक सिफारिसहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरेको थियो।

यसपटक किन भएन विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार ?

जेन-जी आन्दोलनपछि बनेको नागरिक सरकार विदेशमा रहेका नेपालीलाई मतदान अधिकार दिने पक्षमा उभिए पनि कानुनी, प्राविधिक र राजनीतिक कारणले यसपटक सम्भव हुन सकेन। चुनावको मिति घोषणा भइसकेको अवस्थामा वातावरण बिग्रन सक्ने वा ढिलाइ हुने जोखिम भएपछि निर्वाचन आयोगले पनि ‘पोजिसन’ लिन सकेन।

गृहमन्त्री ओमप्रकाश अर्यालले आवश्यक नीतिगत र संरचनागत व्यवस्थापनका लागि गृहकार्य नै थालेका थिए। कम्तीमा पाइलट प्रोजेक्टका रूपमा केही देशमा भए पनि सुरु गर्ने योजना थियो। उनी विद्युतीय मतदानमार्फत प्रवासमा रहेका नेपालीलाई जोड्न चाहन्थे। त्यसका लागि कानुनी प्रबन्ध गर्न अध्यादेशकै तयारी गरेका थिए। तर, सरोकारवाला निकाय र दलहरू तयार नभएपछि अगाडि बढेन। समयको पनि चाप भयो।

प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा ७ पुसमा सिंहदरबारमा बसेको सरकार, निर्वाचन आयोग, जेन-जी, दलहरू र नागरिक प्रतिनिधिहरूको सर्वपक्षीय बैठकमा अधिकांशले प्रवासमा रहेका नेपालीलाई मताधिकार दिनुपर्ने मत त राखे। तर, यो चुनावमा सम्भव नभएको धारणा पनि सुनाए। मतदान गराउन कस्सिएका गृहमन्त्री र प्रधानमन्त्री पनि ‘कन्भिन्स’ भए।

बैठकमा जेन-जीहरूले जवाफ मागे पनि गृहमन्त्री बोलेनन्। मौन रूपमा नसकिने संकेत गरेपछि जेन-जीहरू जवाफ नदिएको भन्दै रिसाए। तत्कालीन शिक्षामन्त्री महावीर पुन ‘जवाफ दिनुपर्छ’ भनेर जेन-जीको पक्षमा बोले। पछि उनले बाहिर निस्केर ‘नेपालीको दिनभरिको सल्लाह, खरानीको डल्ला’ भनेर कटाक्ष गरेका थिए। यही छलफलपछि प्रवासमा रहेका नेपालीलाई मतदानको च्याप्टर क्लोज भएको आयोगका अधिकारी बताउँछन्।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले यसपटक सम्भव नभए पनि आगामी निर्वाचनमा प्रवासी नेपालीको अधिकार सुनिश्चित गर्न आउने प्रतिनिधिहरूले काम गर्नुपर्ने बताए। ‘निर्वाचन मिति घोषणा भइसकेपछि नीति र विधि परिवर्तन गर्न पाइँदैन भन्ने अन्तर्राष्ट्रिय मान्यता छ। हामीले विदेशमा रहेकालाई राखेर मतदान गरेको भए संविधानबमोजिम प्रश्नचिह्न हुन सक्थ्यो। बदर पनि हुन सक्थ्यो। अहिलेको ऐनले विदेशमा रहेको नेपालीलाई निषेध गर्छ,’ उनले भने, ‘छोटो समयमा विधि र प्रविधि परिवर्तन गरेर सानो जनशक्तिले निर्वाचन गर्न सम्भव थिएन। एकातिर विदेशमा रहेका नेपालीको मत संकलन गर भन्ने र अर्कोतिर यो लागू भयो भने निर्वाचन हुँदैन, हामी भाग लिँदैनौँ भन्ने दलहरूको दबाब थियो। यी सबै कारणले अहिले सम्भव भएन। अब आउने प्रतिनिधिले विदेशमा रहेका मतदातालाई अलग गरेर निर्वाचन गर्न सक्दैन।’

पूर्वकार्यवाहक प्रमुख निर्वाचन आयुक्त दोलखबहादुर गुरुङले सरकारले चाहेको भए यसपटक पनि केही गर्न सकिने अवस्था रहेको बताउँछन्। ‘सरकारले चाहेको भए केही देशमा परीक्षणका रूपमा गर्न सकिन्थ्यो,’ उनले भने, ‘मतदान विदेशमा रहेका नेपालीको नैसर्गिक अधिकार हो। यसमा प्राविधिक, राजनीतिक र कूटनीतिक समस्या त छ। तथापि, गर्नैपर्छ र गर्न सकिन्छ।’ उनले दलहरूको घोषणापत्रमा प्रवासमा रहेका नेपालीलाई मतदानको सुनिश्चितता गर्ने कुरा आउनु सकारात्मक भएको बताए। ‘दलहरूले पहिलेदेखि हुनुपर्छ भनेर भनिरहेका छन्। सर्वोच्चबाट निर्देशनात्मक आदेश पनि भइसकेको छ। ऐन-कानुन बनाएर व्यवस्था गर भनेको छ,’ उनले भने।

विगतका निर्वाचनमा...

पृष्ठ १ बाट क्रमशः

भएको सुरक्षासम्बन्धी छलफलमा सुरक्षा तयारी सन्तोषजनक रहेको निष्कर्ष निकालिएको हो।

बैठकमा सहभागी एक अधिकारीका अनुसार केही निर्वाचनविरोधी समूह सक्रिय भए पनि ठुलो चुनौती नरहेको प्रधानमन्त्रीलाई ब्रिफिङ गरिएको छ। विगतका निर्वाचनमा भन्दा निर्वाचनविरोधी समूह कम रहेको र सुरक्षाकर्मीको संख्या विगतमा भन्दा धेरै भएकाले सुरक्षा व्यवस्था अहिलेसम्मकै मजबुत रहेको सुरक्षा प्रमुखहरूको भनाइ थियो। यसपटकको निर्वाचनमा तीन लाख ४० हजार सुरक्षाकर्मी परिचालित हुने र विगतको तुलनामा यो धेरै भएको सुरक्षा निकायको ब्रिफिङ छ।

यद्यपि, निर्वाचनविरोधी समूहले सामाजिक सद्भाव भड्काउने प्रयास गर्न सक्ने भएकाले उनीहरूमाथि निगरानी बढाउने निर्णय भएको छ। ‘खासगरी होलीको समयमा कुनै समूहले योजनाबद्ध रूपमा सामाजिक सद्भाव भड्काउने गतिविधि गर्न सक्छन् भन्ने छ,’ बैठकमा सहभागी एक अधिकारीले भने, ‘त्यसकारण खासगरी तराईमा थप सुरक्षा सतर्कता अपनाउनुपर्नेमा जोड दिइएको छ।’ तराईमा १९ फागुनमा होली छ। त्यस दिन मंगलबार परेकाले भोलिपल्ट पनि होली मनाइने र निर्वाचनको अघिल्लो दिन पर्व मनाउने क्रममा झडप हुन सक्ने भएकाले सुरक्षा निकाय त्यस्ता गतिविधि रोक्न चनाखो हुनुपर्नेमा जोड दिइएको छ। प्रधानमन्त्री कार्कीले चुनौती सिर्जना गर्न सक्ने सम्भावित व्यक्ति र समूहको पहिचान गरी कडा निगरानी र नियन्त्रणका उपाय अपनाउन निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयद्वारा जारी प्रेसनोटमा उल्लेख छ। बैठकमा प्रधानमन्त्री कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल, प्रधानसेनापति अशोकराज सिग्देल, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले हालै विभिन्न जिल्लामा जाँदा निर्वाचनका लागि जनतामा उत्साह रहेको सुनाएका थिए।

हिमाली क्षेत्रमा मौसमको चुनौतीबारे पनि छलफल भएको थियो। जल तथा मौसम विज्ञान विभागले निर्वाचनको दिन सामान्य नै हुने आकलन गरेकाले चुनौती नरहेको गृह मन्त्रालयका अधिकारीले प्रधानमन्त्रीलाई ब्रिफिङ गरेका थिए।

रिजर्भ फोर्स बढाइने

केन्द्रीय सुरक्षा समितिको बैठकले निर्वाचनका लागि ‘रिजर्भ फोर्स’ बढाउने निर्णय गरेको छ। निर्वाचन र निर्वाचनको मुखमा हुन सक्ने झडप नियन्त्रणका लागि आकस्मिक रूपमा परिचालन गरिने यस्तो फौजको संख्या बढाउने निर्णय भएको हो। ‘गृह मन्त्रालयमा बसेको बैठकले सुरक्षा व्यवस्थालाई थप मजबुत र प्रभावकारी बनाउनका लागि तीनवटै सुरक्षा निकायबाट शीघ्र परिचालन हुने गरी थप जनशक्तिसहितको जगेडा फोर्सको व्यवस्था गर्ने निर्णय भएको छ,’ गृह प्रवक्ता आनन्द काफ्लेले भने, ‘कतै समस्या आएमा तत्काल परिचालन हुने गरी यस्तो फोर्स बढाउन भनिएको हो।’

तीन दिन सीमा बन्द हुने र सात दिन मदिरा बेचबिखनमा रोक

प्रतिनिधिसभाको २१ फागुनमा हुने निर्वाचनका लागि सम्पूर्ण तयारी पूरा भएको भन्दै चारवटै सुरक्षा निकायका अधिकारीहरूले सुरक्षाबारे आश्वस्त पारेका छन्। निर्वाचन आयोगमा मंगलबार बसेको उच्चस्तरीय निर्वाचन सुरक्षा समिति बैठकमा सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीले निर्वाचन तयारीमा ‘हाई अलर्ट’मा रहेको ब्रिफिङ गरेका हुन्।

बैठकमा छिटपुट घटनाबाहेक सुरक्षाको कुनै चुनौती नरहेको विश्लेषण सुरक्षा निकायबाट आएको निर्वाचन आयुक्त सगुनशमशेर जबराले बताए। उनका अनुसार सुरक्षा अधिकारीहरूले चुनावको सुरक्षाका लागि उच्च सतर्कता अपनाएको र जुनसुकै परिस्थितिका लागि तयार रहेको जानकारी गराएका छन्।

बैठकमा प्रहरी प्रमुख दानबहादुर कार्कीले मधेशका केही जिल्लामा देखिएको घटना पनि साम्य भइसकेको र सम्भावित घटना रोक्न संवेदनशील जिल्लालाई ‘हाई अलर्ट’मा राखिएको जानकारी गराएका थिए। ‘कोठा-कोठाबाट सानातिना विरोध गर्ने हुन सक्छन्। उच्च निगरानी र अलर्टमा छौँ। निर्वाचनलाई कुनै सुरक्षा समस्या हुँदैन,’ कार्कीले भनेका थिए। मधेशमा घटनाहरू हुन सक्छन् भनेर सुरक्षा निकायले पहिले नै ‘नोटिस’ गरेको र सीमित स्वार्थ समूहले घटनाहरू घटाए पनि नियन्त्रणमा आइसकेको भन्दै सुरक्षा निकायका अधिकारीले यसले समस्या नहुने ‘ब्रिफ्रिङ’ गरेका थिए। छलफलमा राष्ट्रिय अनुसन्धानका प्रमुखले पनि ब्रिफिङ गरेका थिए।

बैठकमा निर्वाचन सुरक्षाअन्तर्गत नै हेलिकोप्टर स्ट्यान्ड बाई राख्ने, तीन दिन सीमा बन्द गर्ने, सात दिन मदिरा बेचबिखनमा रोक लगाउने विषयमा छलफल भएको छ। सोहीअनुसार निर्वाचन सुरक्षाका लागि नेपाल-भारत सीमा ७२ घण्टा बन्द गर्न सरकारलाई सिफारिस गर्ने निर्णय भएको छ। र, मदिरा बिक्री वितरण सात दिन बन्द गर्ने निर्णय गरिएको छ।

छलफलमा निर्वाचनका क्रममा हिमाली जिल्लामा आउन सक्ने समस्या सम्बोधन गर्न, मानिसहरू पुर्‍याउन र ल्याउन हेलिकोप्टर स्ट्यान्ड बाई राख्ने तय भएको छ। यसका लागि सेनाले सिभिल हेलिकोप्टरसमेत प्रयोग गर्ने तयारी छ।

छलफलमा मतदानस्थलको संवेदनशीलता फेरिन सक्ने सम्भावनाबारे पनि चर्चा भएको थियो। ‘मतदानस्थल संवेदनशीलताको परिवेश फेरिन सक्छ। यो कुरा ख्याल गर्नुपर्नेछ र त्यसमा चनाखो छौँ। अहिलेसम्म वातावरण निर्वाचनमैत्री नै छ भन्ने उहाँहरूको कुरा थियो,’ आयुक्त जबराले भने। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले सबै सुरक्षा चुस्त दुरुस्त हुनुपर्छ भनेर निर्देशन दिएको बताए। ‘उहाँहरू सबै विषयमा सचेत हुनुहुन्छ। शान्तिसुरक्षाको सुनिश्चितता गरे ठिक छ,’ उनले भने। निर्वाचनमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, निर्वाचन प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागको जनशक्ति खटिँदै छ। निर्वाचनका लागि निर्वाचन प्रहरीसहित तीन लाख ४० हजार जनशक्ति परिचालन गरिएको छ। कुल १० हजार ९६७ मा ४ हजार ६४२ अतिसंवेदनशील मतदानस्थल छन्।

चुनावी मुद्दा...

पृष्ठ १ बाट क्रमशः

होइन, हिउँदमा पनि सुख छैन। चिसोले कठ्यांग्रिनुपर्ने बाध्यता हुन्छ। बस्तीमा बालबालिकाका लागि बालकेन्द्रसमेत छैन। दुई छाक खाना जुटाउन सबै परिवार मजदुरीमा आश्रित छन्। जातीय विभेद र छुवाछुतको समस्या घटेको छैन। बालविवाह र कुपोषण पनि व्याप्त छ।

त्यसैले, रमेशसहित खापटोलका मान्छेहरू चुनावी सभालाई बारम्बार दोहोरिने रमिता मात्र ठान्छन्। पेसाले सिटी-रिक्सा चलाउने रमेश भन्छन्, ‘हामीलाई चुनावले आश्वासनबाहेक कहिल्यै केही दिएको छैन, यो तामझाम हुनेखानेहरूका लागि मात्र हो, रमिताजस्तो लाग्छ।’

खापटोल र कैरैयामा गरी सय मुसहर परिवार छन्। मोरङ- ६ बुढीगंगा गाउँपालिका र सुन्दरहरैँचा नगरपालिका तथा विराटनगर महानगरमा मुसहरको १० हजार जनसंख्या छ। यो अवस्था खापटोलका मुसहरहरूको मात्र होइन, देशभरका मुसहर समुदायको साझा पीडा हो। दलित समुदायभित्र पनि सबैभन्दा बढी गरिबीको चपेटामा परेका मुसहर दयनीय जीवन बिताउन बाध्य छन्। धेरैसँग अझै नागरिकता छैन। नागरिकता नहुँदा विदेश जान पाउँदैनन्, सरकारी सुविधा र अनुदानबाट वञ्चित हुन्छन्। नागरिकता भएकाहरूले पनि हरेक चुनावमा आश्वासनमा विश्वास गरेर भोट हाल्दै आएका छन्, तर परिणाम उस्तै छ।

धेरै बालबालिका विद्यालय जानबाट वञ्चित छन्, गएकाहरू पनि गरिबीका कारण बिचमै पढाइ छाड्छन्। त्यसैले, यसपालिको चुनावमा धेरै मुसहरलाई भोट हाल्न मन नै लागेको छैन। बुढीगंगा-१, करैया गाउँकी नुनसरी ऋषिदेव भन्छिन्, ‘नेताहरू सधैँ आउँछन्, भोट माग्छन्, तर भनेको कहिल्यै पूरा गर्दैनन्। यसपालि त भोट नै हाल्न मन छैन।’

सुकुम्वासी समस्या समाधान गर्ने, पहिचान र संस्कृतिको संरक्षण गर्ने, शिक्षा, आवास, रोजगारी, स्वास्थ्य उपचार, खानेपानी र बिजुली निःशुल्क उपलब्ध गराउने, बाढी-डुबान र कटान नियन्त्रण गर्नेजस्ता लोभलाग्दा प्रतिबद्धता उम्मेदवारहरूले हरेक चुनावमा दोहोर्‍याउँछन्। तर, घोषणापत्रमा समेटिएका योजना बजेटमा पुग्दैनन्। नेपाल राष्ट्रिय मुसहर संघ कोशीका महासचिव धर्मेन्द्र ऋषिदेव भन्छन्, ‘हामीले अधिकार नपाएकै कारण हाम्रो गरिबी पुस्तौँदेखि सर्दै आएको छ।’

मोरङ- ६ बाट कांग्रेसका शेखर कोइराला, एमालेका विनोद ढकाल, नेकपाका ओपेन्द्र राय, रास्वपाकी रुबिना आचार्य, राप्रपाका सबिन निरौला, जसपाका राजु मण्डल राजवंशी, श्रम संस्कृतिका मातृका पौडेल, उज्यालो नेपालका वसन्त बुढाथोकीसहित १७ जना चुनावी मैदानमा छन्। यस क्षेत्रमा एक लाख ३७ हजार ८३२ मतदाता छन्।

काठमाडौं ४ मा जोगिएला गगनको विरासत ?

एमालेका राजन भट्टराई संसद् छिर्ने तेस्रो प्रयासमा, रास्वपाका पुकार बम दबाब बढाउँदै

प्रेम गौतम/नयाँ पत्रिका

पहिलो संविधानसभा निर्वाचनअघिसम्म काठमाडौं ४ 'वामपन्थी गढ' थियो। ०४६ को राजनीतिक परिवर्तनपछि यो क्षेत्र निकै चर्चामा रह्यो। ०४८ को आमनिर्वाचनमा यही क्षेत्रका केही भाग समेटिएको क्षेत्रबाट तत्कालीन अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई एमालेका तत्कालीन महासचिव मदन भण्डारीले पराजित गरेपछि यो क्षेत्रको चर्चा चुलिएको थियो। त्यसअघि जनपक्षीय उम्मेदवार पद्मरत्न तुलाधर र राष्ट्रिय पञ्चायत निर्वाचनमा विद्रोही नानीमैया दाहाल विजयी भएका थिए।

०५० मा दासढुंगा दुर्घटनामा मदन भण्डारीको निधन भएपछि उनकी पत्नी विद्यादेवी भण्डारीले उपनिर्वाचन र त्यसपछिका निर्वाचन जित्दै वामपन्थी पकड कायम राखेको क्षेत्र हो यो। विद्याले उपनिर्वाचनमा कांग्रेसका भट्टराई र ०५१ को मध्यावधि निर्वाचनमा कांग्रेसकै पूर्वसभामुख दमननाथ ढुंगानालाई पनि पराजित गरिन्। ०५६ को निर्वाचनसमेत कांग्रेसकी अम्बिका बस्नेतलाई पराजित गर्दै भण्डारीले ह्याट्रिक गरेकी थिइन्।

०६४ मा काठमाडौंमा सातबाट १० वटा निर्वाचन क्षेत्र भयो। काठमाडौंका तत्कालीन विष्णु बुढानीलकण्ठ, चपली भद्रकाली, खड्का भद्रकाली, चुनीखेल, महांकाल, काठमाडौं महानगरपालिकाका ७, ८ लगायत केही वडा समेटेर काठमाडौं ४ बन्यो। त्यसयता यो क्षेत्रमा कांग्रेसले निर्वाचन जित्दै आएको छ।

०६४ को पहिलो संविधानसभा निर्वाचनमा भने विद्यालाई हराउँदै कांग्रेसकी सुप्रभा घिमिरेले वामपन्थी गढ तोडिन्। त्यसपछिका हरेक निर्वाचनमा कांग्रेसले जित्दै आएको छ। ०७०, ०७४ र ०७९ मा कांग्रेसका गगन थापा यो क्षेत्रबाट निर्वाचित भए। तत्कालीन संस्थापन पक्षबेगर नै कांग्रेसको विशेष महाधिवेशन गरेर सभापति बनेका थापाले यसपटक काठमाडौं ४ छाडेका छन्। ह्याट्रिक गरेका सभापति थापा यसपटक सर्लाही ४ पुगेका छन् भने कांग्रेसले ३३ वर्षीय सचिन तिमल्सिनालाई चुनावी मैदानमा उतारेको छ।

सचिन गगनकै उत्तराधिकारीका रूपमा मतदाताको घरदैलोमा पुगेका छन्। उनी गगनकै राजनीतिक स्कुलिङमा हुर्किएका हुन्। उनले गगनलाई सघाउँदै आएका थिए। ०७९ को निर्वाचनमा गगनको क्षेत्रमा रास्वपाले अन्तिम समयमा उम्मेदवारी नै दिएको थिएन।

सचिनसँग एमालेका चिरपरिचित प्रतिस्पर्धी छन्। एमालेको गत ११औँ महाधिवेशनबाट सचिवमा निर्वाचित राजन भट्टराई तेस्रो प्रयासमा संसद् छिर्ने रणनीतिमा छन्। भट्टराईले यसपटक निर्वाचन लड्न चाहेका थिएनन्। त्यही कारण अन्य क्षेत्रको उम्मेदवार टुंगो लाग्दा पनि एमालेले यस क्षेत्रको उम्मेदवार टुंग्याएको थिएन। अन्ततः भट्टराई लगातार तेस्रोपटक उम्मेदवार बने। विगत दुईपटक भट्टराई निकटतम प्रतिद्वन्द्वी भए। यसपटक विगतमा पराजित गर्ने उम्मेदवार गगन थापा नभएको र बलियो संगठन भएकाले निर्वाचन जित्नेमा उनी आशावादी छन्।

नेपाली कम्युनिस्ट पार्टीबाट इन्द्र भुसाल प्रतिस्पर्धामा छन्। उनी विद्यार्थी नेताका रूपमा परिचित थिए। पशुपति क्याम्पसको स्ववियुमा समेत उनी निर्वाचित भएका थिए। जनताको समस्या नजिकबाट बुझेको र पूरा गर्ने दृढ इच्छाशक्तिका कारण निर्वाचन जित्ने उनको विश्वास छ।

यो निर्वाचनमा पुराना दललाई नयाँले चुनौती दिइरहेका छन्। रास्वपाबाट पुकार बम र उज्यालो नेपाल पार्टीबाट झनकबहादुर अधिकारी उम्मेदवार छन्। विवेकशील अभियानमार्फत राजनीतिमा आएका बम अघिल्लो निर्वाचनमा काठमाडौं १ बाट उम्मेदवार थिए। यसअघि उनी तीनपटक उम्मेदवार बनिसकेका छन्। तर, हालसम्म सफल हुन सकेका छैनन्। बम ०६४ मा कुकुर चिह्न लिएर काठमाडौं ८ बाट निर्वाचन लडेका थिए। ०७४ को निर्वाचनमा यही क्षेत्रबाट उम्मेदवार बनेका उनी ०७९ को निर्वाचनमा क्षेत्रमा भने काठमाडौं १ मा उम्मेदवार भएका थिए। त्यसबेला उनले तेस्रो मत प्राप्त गरे।

राप्रपाले यो क्षेत्रमा अभियन्ता सुरेन्द्रराज भण्डारीलाई उठाएको छ। उनले जनसरोकारका विषयमा बहस-पैरवी गर्दै आएका छन्। यस क्षेत्रमा १८ वटा दल र १० जना स्वतन्त्र उम्मेदवार छन्। जसमा दुई महिला छन्। मंगोल नेसनल अर्गनाइजेसनबाट सीता तामाङ र माओवादीबाट करिश्मा खरेल छिन्।

कांग्रेसबाट सचिन तिमल्सिना, एमालेबाट राजन भट्टराई, नेकपाबाट इन्द्रकुमार भुसाल, रास्वपाबाट पुकार बम, राप्रपाबाट सुरेन्द्रराज भण्डारी, उज्यालो नेपाल पार्टीबाट झनकबहादुर अधिकारी, राष्ट्रिय जनमोर्चाबाट छविबहादुर खनाल, नेमकिपाबाट आशालाल श्रेष्ठ, राष्ट्रिय जनमुक्ति पार्टीबाट चेतबहादुर आले, मंगोल नेसनल अर्गनाइजेसनबाट सीता तामाङ, मितेरी पार्टी नेपालबाट प्रेमकुमार राई, नेपालका लागि नेपाली पार्टीबाट श्यामकुमार भट्टराई खत्री, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट दत्त बुढा, युनाइटेड नेपाल डेमोक्र्याट पार्टीबाट मुस्कान पौडेल, जय मातृभूमि पार्टीबाट राजन पुरी, श्रम संस्कृति पार्टीबाट वरुण अमात्य, माओवादीबाट करिश्मा खरेल र जनादेश पार्टीबाट केम्स सिंह उम्मेदवार छन्।

स्वतन्त्र उम्मेदवारमा मदनदेव आचार्य, पूजन गजुरेल, अर्चनशमशेर राणा, विनोदबाबु प्रधान, दीपेन्द्रकुमार काफ्ले, केदारबहादुर कार्की, मनोज अधिकारी, आशिष श्रेष्ठ, सञ्जीव दर्जी र देवराज पौडेल छन्। ३३ मतदानस्थल र ८८ मतदान केन्द्र छन् भने ७६ हजार १४१ मतदाता छन्। मतदाताको अपेक्षा खानेपानी समस्या समाधान, बाढी, ढल र फोहोरमैला व्यवस्थापन, सडकको स्तरोन्नति, कपन क्षेत्रमा हुने डुबानको समस्या समाधान, पार्किङ व्यवस्थापनलगायत छन्। मतदाताले सुशासन र रोजगारीको अपेक्षा पनि गरेका छन्।

यो क्षेत्रको स्थानीय तहमा एमाले बलियो छ। वितगमा स्थानीय तहमा एमाले बलियो हुँदा पनि कांग्रेसका थापा संसद्को निर्वाचनमा विजयी हुँदै आएका थिए। यसपटक गगन नभएकाले जित्ने अपेक्षा राजनको छ। काठमाडौं ४ मा महानगरपालिकाका १, ७, ८ र ३० तथा बुढानीलकण्ठ नगरपालिकाका १, २, ८, ९, १०, ११, १२, १३ नम्बर वडा समेटिएका छन्। ७६ हजारभन्दा बढी मतदाता रहेको यो क्षेत्रमा पर्ने १२ मध्ये नौवटा वडा एमालेले जितेको छ। तीनवटा वडा मात्र कांग्रेसले जितेको छ। एमालेले काठमाडौं महानगरपालिकाको १ वडा जितेको छ भने कांग्रेसले ७, ८ र ३० जितेको छ। बुढानीलकण्ठमा मेयर र उपमेयर नै एमालेले जितेको छ। ०७९ को निर्वाचनमा प्रदेशतर्फ कांग्रेसले (१) र एमालेले (२) जितेको छ।

के भन्छन् प्रमुख दलका उम्मेदवार ?



सचिन तिमल्सिना, कांग्रेस

दुईवटा मुख्य एजेन्डा लिएर चुनाव लडिरहेको छु। पहिलो, सुशासन र दोस्रो, रोजगारी। सुशासनको सन्दर्भमा कांग्रेस रूपान्तरित र पुस्तान्तरणको प्रक्रियाबाट अघि बढिरहेको छ। नयाँ विधान निर्माण गरेका छौँ। इगभर्नेन्सको प्रयोगमार्फत भ्रष्टाचार अन्त्य गर्ने, सुशासन कायम गर्ने तथा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने विषयमा दृढतापूर्वक उभिनेछु। अझै ३९ वटा कानुन निर्माण हुन बाँकी छन्। ती कानुन निर्माणका लागि सक्रिय पहल गर्नेछु। रोजगारीतर्फ विशेष गरी सूचना प्रविधि (आइटी), कृषि र पर्यटन क्षेत्रमार्फत रोजगारी सिर्जना गर्ने मेरो योजना छ। शिक्षालाई सिपसँग जोड्ने र स्वास्थ्यलाई स्वास्थ्य बिमासँग आबद्ध गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने दिशामा काम गर्नेछु। म केवल युवा मात्र होइन, तयार युवा हुँ। लामो समयसम्म उत्कृष्ट प्रदर्शन गर्ने विधायकसँग बसेर काम गरेको अनुभव छ। साथै, नयाँ प्रविधिसँग परिचित छु र प्रविधिले विश्वलाई कुन दिशामा अघि बढाइरहेको छ भन्ने विषयमा अध्ययन गरेको छु।



इन्द्रकुमार भुसाल, नेकपा

मुख्य काम कानुन निर्माण नै हो। देशका साथै क्षेत्रीय मुद्दा सम्बोधन गर्न आवश्यक कानुन निर्माणका लागि पहल गर्नेछु। बुढानिलकण्ठलाई विश्वसम्पदा सूचीमा पार्न पहल गर्ने, सडक मर्मतसम्भार र विस्तार, ट्राफिक समस्या समाधान, फोहोर व्यवस्थापन, सांस्कृतिक सहरका रूपमा विकास गर्ने मेरा एजेन्डा हुन्। सडकमा पैदलमार्ग र ट्राफिक लाइटको व्यवस्थापन गर्ने, बजार क्षेत्रमा पार्किङस्थलको व्यवस्था गर्ने, नपुगेका ठाउँमा खानेपानी सुविधा पुर्‍याउने, कौसीखेतीलाई प्रोत्साहन गर्ने, सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउने, विद्यार्थीलाई पढ्दै कमाउँदै कार्यक्रमका लागि नीति बनाउन पहल गर्ने र निजी विद्यालयको चर्को शुल्क नियन्त्रण गरी सबैको पहुँचमा पुर्‍याउने योजना छ। पशुपतिनाथ र बौद्धनाथ परिक्रमा पदमार्ग निर्माण गर्ने, कपन डुबान र खहरेको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न पहल गर्ने, धोबीखोला जल शुद्धीकरण योजना निर्माण गर्न पहल गर्ने र अव्यवस्थित ढलको व्यवस्थापन गर्नेछु। बुढानीलकण्ठ मन्दिरलाई विश्वसम्पदा सूचीमा राख्नका लागि विशेष पहल गर्ने, पशुपति गुठीलगायतका स्थानीय गुठीका जग्गालाई व्यवस्थित गर्ने, स्थानीय मौलिक कला, संस्कृतिको संरक्षण गर्नेछु।





राजन भट्टराई, एमाले

यो क्षेत्रका मतदातासँग मेरो विशेष सम्बन्ध छ। बच्चा अवस्थाबाटै यहीँ हुर्के, बढेँ। म पराजय हुँदा पनि अरू क्षेत्र रोजेर गइनँ। अरू साथीहरू पराजय हुँदा पनि र विजयी हुँदा पनि क्षेत्र परिवर्तन गरेको देखियो। मसँग विकल्प पनि थियो, तर यही क्षेत्रका जनताको साथमा रहेँ। यहाँका नेता तथा कार्यकर्ता र मतदाताको आग्रहमै यसपालि उम्मेदवार बनेको हुँ। पहिला एक्लाएक्लै निर्वाचन लडेको भए विजय प्राप्त गर्ने थिएँ। ०७४ मा विवेकशील साझाले रुख चिह्नलाई अन्तिम समयमा सहयोग गरिदियो। ०७९ मा एमालेविरुद्ध पाँचदलीय गठबन्धन भयो। त्यसका साथै स्वतन्त्र पार्टीले रुखकै समर्थनमा उम्मेदवारी ड्रप गरिदियो। एक्लाएक्लै लड्दा यो क्षेत्रमा हामी बलियो छौँ। अरू मिलेर आउँदा पछाडि पर्‍यौँ। दलको जित्ने मुख्य आधार भनेको संगठन नै हो। हाम्रो संगठन दरिलो छ, त्यो बलियो जगमा उभिएको छ। भूमिहीनलाई भूमिको व्यवस्था गर्ने, आवश्यक कानुन निर्माण गर्ने, विकास निर्माणका साथै खानेपानी, ढल व्यवस्थापन, शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन प्रवर्द्धनको क्षेत्रमा काम गर्नेछु। मबाट मतदाताको शिर निहुँर्‍याउने काम हुनेछैन। देश र जनताको पक्षमा इमानदारिताका साथ काम गर्नेछु।



पुकार बम, रास्वपा

मेरो उम्मेदवारी विगत २०-३० वर्षदेखि नेपाली समाजमा विद्यमान अव्यवस्था, बेथिति र भ्रष्टाचारविरुद्ध हो। सुशासन र उत्तरदायित्व मेरो मुख्य एजेन्डा हो। सुशासन र समृद्धिको संकल्पसहित चुनावी मैदानमा छु। भ्रष्टाचारविरुद्ध शून्यसहनशीलता अपनाउनेछु। आर्थिक मात्रै नभई नीतिगत भ्रष्टाचारमा पनि कानुन निर्माणको पहल गर्दै नीति र नियतमा स्पष्ट रही सुशासनको प्रत्याभूति गर्नेछु। संसद्मा मेरो उपस्थिति, भूमिका र उठाएका मुद्दाको विवरण हरेक तीन महिनामा सार्वजनिक गर्नेछु। बजेट पारदर्शिताका साथै सरकारी सेवाका हुने ढिलासुस्ती अन्त्य गर्न पूर्ण डिजिटलाइजेसन र डेटामा आधारित निर्णय प्रक्रियामा जोड दिनेछु। एकीकृत पूर्वाधार कानुन निर्माणमा पहल गर्नेछु र स्वार्थको द्वन्द्वको अन्त्य गर्ने गरी कानुन निर्माणको पहल गर्नेछु। क्षेत्रगत रूपमा खोला-करिडोर र बाढी नियन्त्रणको काम गर्नेछु। खानेपानी समस्या समाधान गर्नुका साथै अकासे पानी संकलन, सार्वजनिक जग्गा संरक्षण, सुकुमवासी समस्या व्यवस्थापन मेरो प्राथमिकतामा छन्। यसका साथै, शिक्षा, स्वास्थ्य र उद्यमशीलता, पूर्वाधार विकास, संस्कृति र सम्पदा पर्यटन प्रवर्द्धनको एजेन्डा छन्।

काठमाडौं ४

मतदाता : ७६,१४१
महिला : ३९,५९९
पुरुष : ३६,५४२
मतदानस्थल : ३३
मतदान केन्द्र : ८८
उम्मेदवार : १८ दल र १० स्वतन्त्र, जसमा दुई महिला

संक्षेप

चुनाव सार्ने भ्रामक हल्लाप्रति एमालेको गम्भीर आपत्ति

काठमाडौं/ एमालेले एक हप्तापछि २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचन सार्ने भ्रामक हल्ला चलाइएको भन्दै गम्भीर आपत्ति जनाएको छ। पार्टी केन्द्रीय कार्यालय, च्यासलमा मंगलबार पत्रकार सम्मेलन आयोजना गरेर त्यस्तो भ्रामक हल्लाप्रति आपत्ति जनाउँदै एमालेले घोषित समयमै चुनाव हुनुपर्ने अडान राखेको छ। 'समाजमा अनेक बहानामा निर्वाचन सार्नेजस्ता भ्रामक हल्ला चलेकोप्रति एमालेको ध्यान केन्द्रित भएको छ। एमाले कुनै पनि बहानामा चुनाव सार्ने होइन, घोषित समय (फागुन २१ गते)मै हुनुपर्छ भन्ने दृढ अडानमा छ,' एमाले विज्ञप्तिमा छ। चुनावी अभियानमा पार्टीप्रति देखिएको जनविश्वासले देश पहिले किन कि अहिले एमाले भन्ने प्रस्ट सन्देश गएको भन्दै एमाले प्रचार संयोजक मीनबहादुर शाहीले भनेका छन्, 'वर्तमान चुनौती र भविष्यका सम्भावनालाई ध्यानमा राखेर देशलाई स्पष्ट दिशा दिन सक्ने राष्ट्रिय शक्ति एमाले नै हो भन्ने विश्वास जनताले अनुभूत गरेका छन्। जनताले पार्टीप्रति देखाएको यो अपार जनसमर्थनले देश पहिला, किन कि अहिले एमाले भन्ने प्रस्ट सन्देश गएको छ। तसर्थ, भोट फर चेन्ज होइन। भोट फर नेसन भन्ने उच्च मनोबलका साथ अहिले एमालेका नेता-कार्यकर्ता जनताको घरघरमा पुगेको तथ्य यहाँहरूलाई जानकारी गराउन चाहन्छु।'

निकुञ्जभित्रका १० बस्ती स्थानान्तरण गर्न सिफारिस

दाङ/ बाँके राष्ट्रिय निकुञ्जभित्र पर्ने दाङको बबई गाउँपालिकाभित्रका १० वटा बस्ती स्थानान्तरण गर्न सिफारिस गरिएको छ। गाउँपालिका अध्यक्ष कुलबहादुर खत्रीले मंगलबार राष्ट्रिय निकुञ्जभित्र पर्ने वडा नम्बर १ र ७ का १० वटा बस्तीलाई स्थानान्तरण गर्न सिफारिस गरेका हुन्। पालिकाका किउरेनी, बन्चरे, बाटुले, गौजे, जिला, सिमलकुना, डाँडागाउँ, कप्ताने, जलजला, मलईलाई निकुञ्जभित्रबाट अन्यत्र सुरक्षित ठाउँमा स्थानान्तरण गर्नुपर्ने खत्रीले बताए। बाँके राष्ट्रिय निकुञ्ज घोषणा हुनु ५० वर्षभन्दाअघि नै बस्तीमा मानव बसोबास रहे पनि हाल राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र पर्ने भएकाले नागरिकले निकै दुःख पाउने गरेको उनको भनाइ छ। 'राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र पर्ने भएकाले त्यस क्षेत्रका नागरिकालाई राष्ट्रिय निकुञ्जबाट आउने जंगली जनावरले मानवीय तथा घरपालुवा जनावर एवं बालीनालीमा क्षति पुर्‍याउने गरेका छन्,' उनले भने, 'तर, पनि त्यहाँका नागरिकलाई जोखिमयुक्त स्थानमा बसोबास गर्नुको विकल्प नरहेको र राष्ट्रिय निकुञ्ज भएकै कारणले तीनवटै तहका सरकारबाट पूर्वाधार विकासका लागि बजेटको व्यवस्था गर्नसमेत नसक्दा राज्यले दिने सुविधाबाट वञ्चित भएको अवस्थामा त्यहाँबाट बस्ती सार्नुको विकल्प छैन।'

एमाले पूर्वसांसद राम नेकपा प्रवेश

लहान/ पार्टीमा बढ्दो स्वेच्छाचारिता, व्यक्तिवादी कार्यशैली, विधि-पद्धति र सिद्धान्तबाट विचलन भएको भन्दै एमाले परित्याग गरेकी पूर्वसांसद जानकीदेवी राम नेपाली कम्युनिस्ट पार्टी प्रवेश गरेकी छिन्। सिराहा ३ मा नेकपाका प्रतिनिधिसभा सदस्य उम्मेदवार विश्वनाथ साह, केन्द्रीय सदस्य जगत यादवले मंगलबार दिउँसो गोलबजारमा आयोजित कार्यक्रममा रामलाई पार्टी प्रवेश गराएका हुन्। पछिल्लो समय पार्टी नेतृत्वको छलकपट, जालझेलसँगै विधि-पद्धतिलाई समेत कुल्चिएर स्वेच्छाचारी ढंगले पार्टी चलाउन थालिएपछि बाध्य भएर पार्टी छोड्नुपरेको रामले बताइन्। 'मुलुकभर नेकपाको उत्साहजनक लहर छाएको छ,' उनले भनिन्, 'यो मुलुकको मुहार फेर्न जनपक्षीय पार्टी र उम्मेदवारलाई विजयी गराउन जरुरी रहेकाले प्रवेश गरेकी हुँ।' २ फागुनमा राम, एमालेकी निवर्तमान सांसद सम्झना थपलियासहित पाँच दर्जन नेता-कार्यकर्ताले पत्रकार सम्मेलनमार्फत पार्टी परित्यागको सामूहिक घोषणा गरेका थिए। थपलिया भने सोमबार रास्वपा प्रवेश गरेकी छिन्।


प्रतिशोध होइन, हिसाब हुन्छ, ०४६ देखिको सबै काण्डको छानबिन हुन्छ : लामिछाने

सुनसरीमा **आरबी कटुवाल**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले ०४६ देखिको काण्डको छानबिन हुने बताएका छन्। सुनसरीको इटहरीमा रास्वपाद्वारा आयोजित परिवर्तन उद्घोष सभामा मंगलबार उनले सबैको भ्रष्टाचार काण्डको छानबिन गर्ने बताएका हुन्।

भ्रष्टाचारको विषयमा रास्वपा निर्मम रहेको उनले बताए। 'हामीले वाचापत्रमा पनि भनेका छौँ, अब थिति बसाल्छौँ,' उनले भने, 'अब ०४६ यताका सबै काण्डका फाइल खुल्छ।' उनले शिक्षक, क्रसर व्यवसायी कसैलाई पनि अब राजनीतिक पार्टी र नेताले नभई नीतिले रक्षा गर्ने बताए। रास्वपाको सरकारले सय दिनभित्र साना बचतकर्ताको पैसा फिर्ता गर्न सुरु गर्ने उनले बताए।

रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले पूर्वी पहाडी जिल्लामा उत्पादन नभएको



खाद्यान्न तराईका मानिसले खान नपाउनु दुःखको कुरा भएको बताए। उनले पूर्वी नेपाललाई आर्थिक सम्भावना भएको र सोहीअनुसार विकास गर्न सकिने बताए। 'पहाडको तरकारीहरू तराईमा खाना पाइँदैन, यो दुःखको कुरा हो,' उनले भने, 'यो समस्याको समाधान रास्वपाले गर्छ।'

बालेनले पिउने पानी, सिँचाइ, धान उत्पादनलगायत समस्या समाधान गर्न पार्टीले जोड दिने उनको भनाइ थियो। पूर्वी नेपाललाई देखाएर र उत्पादन गरेर पैसा कमाउन सकिने उनले बताए। धार्मिक सांस्कृतिक सम्पदाहरूको उपयोगले पूर्वीसहित नेपालको समृद्धि हुनेमा जोड दिए। खेलाडीलाई पर्याप्त अभ्यास गराएर राम्रो खेलाडी उत्पादन गर्नेमा पार्टी प्रतिबद्ध रहेको उनले बताए। 'करिब ६०-७० प्रतिशत फुलबल खेलाडी यही पूर्वी क्षेत्रबाट निस्किन्छन्,' उनले भने, 'तर, खेलाडी र खेलमैदानलाई व्यवस्थित गर्न सकिएको छैन। राम्रो प्रशिक्षण केन्द्र र अभ्याससहित खेलाडी उत्पादन गर्न सक्ने पार्टी रास्वपा बन्नेछ।' बालेनले पूर्व क्षेत्रमा पहिले उद्योगहरू खुलेको र त्यसपछि खोल्न खोजे पनि प्रशासनिक झन्झट तथा नेताहरूलाई ढोग्नुपर्ने अवस्था अन्त्य गर्ने प्रतिबद्धता जनाए। उद्योग खोलेपछि पार्टी तथा नेतालाई दिनुपर्ने चन्दा रोक्न विशेष व्यवस्था गर्नेमा समेत जोड दिए।

संविधान संशोधनको एजेन्डामा स्पष्टता खोज्दै योगेश

ताप्लेजुङ/ एमाले सहमहासचिव योगेश भट्टराईले मतदाताबिच खुला बहस आवश्यक रहेको बताएका छन्। एमालेको चुनावी अभियानमा ताप्लेजुङ आएका उनले भिडियो सन्देशमार्फत संशोधनका ठोस बुँदा अघि सार्दै संघीय संरचना, निर्वाचन प्रणाली र सुशासनका पक्ष पुनर्संरचनाको आवश्यकता औँल्याएका हुन्। भट्टराईले संविधान कार्यान्वयनको दशक पूरा भइसकेको सन्दर्भमा स्थानीय तहको संरचनामै पुनर्विचार गर्नुपर्ने बताएका छन्। स्थानीय तहको संख्या घटाएर साधन-स्रोत र जनशक्तिकेन्द्रित गर्नुपर्ने र वडाको संख्या बढाई साना विकास तथा सेवाप्रवाहका काम वडास्तरमै प्रभावकारी बनाउनुपर्ने उनको धारणा छ। यसो गर्दा प्रशासनिक खर्च घट्ने र विकास निर्माण तीव्र हुने उनले उल्लेख गरेका छन्।

प्रदेश संरचनामा स्थायित्वका लागि मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर्नुपर्ने, प्रदेश सरकारको आकार सीमित गर्नुपर्ने र प्रदेश सभामा समानुपातिक प्रणाली हटाई प्रत्यक्ष निर्वाचित सिटमध्ये रोटेसन आधारमा महिला आरक्षण सुनिश्चित गर्नुपर्ने प्रस्ताव उनले अघि सारे। यसबाट प्रदेश सभामा महिलाको प्रतिनिधित्व सुदृढ हुने र खर्चसमेत घट्ने भट्टराईको तर्क छ। संघीय संसद्को हकमा प्रतिनिधिसभाबाट बहुमतको स्थिर सरकार बन्ने ढाँचा सुदृढ गर्न निर्वाचन प्रणालीमा पुनर्संरचना आवश्यक रहेको भट्टराईको भनाइ छ। राष्ट्रिय सभाको कार्यक्षेत्र पुनरावलोकन गर्दै केही समानुपातिक सिट त्यतै स्थानान्तरण गर्न सकिने उनले सुझाएका छन्। संवैधानिक परिषद् र विभिन्न संवैधानिक आयोगको संरचना पुनर्संरचना गरी पारदर्शी, योग्य र व्यावसायिक नियुक्तिको सुनिश्चितता गर्नुपर्नेमा पनि उनले जोड दिएका छन्।

बागलुङमा पुराना दलहरूलाई आफ्नैको डर

दुवै क्षेत्रमा आफूले जित्ने कांग्रेस, एमाले, नेकपा र रास्वपाको दाबी, मतदाता चुनावी माहोल बुझ्दै

बागलुङमा **नारायण रिजाल**

निर्वाचन नजिकिँदै गर्दा बागलुङका दुईवटै क्षेत्रमा चुनावी सरगर्मी तीव्र रूपमा बढ्दै गएको छ। बाहिरको माहोल हेर्दा चुनावी प्रतिस्पर्धा सामान्य देखिए पनि भित्री रूपमा राजनीतिक मनोविज्ञान जटिल बन्दै गएको छ। यस क्षेत्रमा पुरानो विरासत जमाइराखेका कांग्रेस, एमाले, राष्ट्रिय जनमोर्चा, नेकपा आफ्नै मतदाताबाट डराइरहेका छन्। आफूलाई नयाँ दल भनेर चुनावमा होमिएको रास्वपा भने पुरानै दलका मतदातामा निर्भर छ।

विकास, सुशासन, रोजगारी र जनजीविकाका सवालमा अपेक्षित परिणाम नआएको गुनासो व्यापक रहेका कारण मतदाताले विकल्प खोजिरहेका छन्। यसैले पुराना दललाई आफ्नैको डर छ भने नयाँ शक्तिलाई पुरानालाई मत दिँदै आएका मतदाताको भर छ। पुराना दलमा चुनौती बाहिरबाट नभई आफ्नैभित्रको असन्तुष्टि हो। जसकारण कांग्रेस, एमाले, राजमो, नेकपालाई परम्परागत मतदाता जोगाउन कठिनाइ भइरहेको छ। आफ्नै कार्यकर्ता, समर्थक र मतदाता अन्तिम समयमा विकल्प खोज्ने हो कि भन्ने डर उनीहरूमा देखिन्छ। यही कारण पुराना दलहरू आफ्ना मतदातालाई स्थिर राख्ने रणनीतिमा छन्। आफ्नो मत सुरक्षित गर्न सकियो भने चुनाव जित्न सकिन्छ भन्ने निष्कर्षमा उनीहरू पुगेका छन्। यसपटक नेकपा र राजमो गठबन्धनमा छ भने अन्य दल एक्लाएक्लै चुनावी मैदानमा छन्।

बागलुङ १		**बागलुङ २ :**	
मतदाता	९८,०४६	**मतदाता**	९५,३३५
महिला	५०,३६९	**महिला**	४८,२०५
पुरुष	४७,६७६	**पुरुष**	४७,१३०
अन्य	१		
मतदानस्थल	४८	**मतदानस्थल**	५९
मतदान केन्द्र	११५	**मतदान केन्द्र**	११५

०७९ को निर्वाचनमा समानुपातिक मत

बागलुङ १		**बागलुङ २**	
कांग्रेस	१६,४९३	**कांग्रेस**	१६,२८९
एमाले	१५,४२८	**एमाले**	१५,४६८
रास्वपा	७,८७७	**नेकपा** (तत्कालीन माओवादी र एकीकृत समाजवादी)	८,३४७
राष्ट्रिय जनमोर्चा	४,९८६	**राष्ट्रिय जनमोर्चा**	३,६३०
नेकपा (तत्कालीन माओवादी र एकीकृत समाजवादी)	२,८५७	**रास्वपा**	३,१५६
राप्रपा	१,०२९		

बागलुङ १ मा त्रिपक्षीय भिडन्त

बागलुङ १ मा कांग्रेस, एमाले र रास्वपाबिच प्रतिस्पर्धा हुने देखिएको छ। अघिल्लो निर्वाचनमा कांग्रेससहितको पाँचदलीय गठबन्धनबाट जित हासिल गरेका राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले नेकपासँग गठबन्धन गरेर आफ्नो उम्मेदवार उठाएका छन्। केसीले अघिल्लो निर्वाचनमा एमालेका सूर्य पाठकलाई पराजित गरेका थिए। राजमोले कृष्ण अधिकारीलाई उम्मेदवार बनाएको छ। कांग्रेसबाट भीम श्रीष राना मैदानमा छन्। एमालेले १ मा हिराबहादुर केसीलाई उम्मेदवार बनाएको छ। रास्वपाले सुशील खड्कालाई उम्मेदवार बनाएको छ।

साख जोगाउने प्रयासमा नेकपा

बागलुङ २ मा ०७४ को निर्वाचनमा संयुक्त वामगठबन्धनबाट तत्कालीन माओवादी (हाल नेकपा) नेता देवेन्द्र पौडेल विजयी भएका थिए। उनले कांग्रेसका नरबहादुर पुन नीरजलाई पराजित गरेका थिए। पौडेल ०७९ को प्रतिनिधिसभा निर्वाचनमा कांग्रेससहितका पाँचदलीय गठबन्धनमा दोस्रोपटक यसै क्षेत्रबाट निर्वाचित भएका थिए। पौडेलले एमालेकी मञ्जु शर्मा चालिसेलाई पराजित गरेका थिए। चालिसे यसपटक पनि एमालेबाट उम्मेदवार बनेकी छिन्। नेकपाले ज्ञामनाथ गैरे, कांग्रेसले टेकराज पौडेल, रास्वपाका सोम शर्मा, राप्रपाबाट अञ्चल शाही उम्मेदवार छन्।



● **हरिहर शर्मा**, सचिव, कांग्रेस बागलुङ

कांग्रेस नयाँ पुस्ताले खोजेअनुसार बदलिएर आएको छ। जसकारण आमजनतामा विश्वास पुनर्जागृत भएको छ। बागलुङका दुवै क्षेत्रमा रहेका उम्मेदवारको व्यक्तित्वका कारण पनि यसपटकको निर्वाचन सजिलै जित्नेमा कुनै शंका छैन। हिजोका दिनमा गरेका कमजोरी स्वीकार गरी हरेक समस्यालाई समाधान गरी देशलाई सम्हाल्ने ताकत कांग्रेसमा मात्र छ।



● **गणेशबहादुर थापा**, सचिव, एमाले बागलुङ

एमालेको सांगठनिक स्वरूप अन्य पार्टीको भन्दा अब्बल र बलियो छ। विगतका चुनावमा लोकप्रिय भोट प्राप्त गरेको आधार छ। दुवै क्षेत्रमा उम्मेदवार पनि अब्बल र भूगोल बुझेका छन्। एमाले राष्ट्रिय स्वाधीनता र संविधानको रक्षाको मुद्दालाई दृढ छ, त्यसमा जनताले विश्वास गर्नुहुनेछ भन्ने आधार हो। जनतामा परिपक्वता भएका कारण एमालेका उम्मेदवारले चुनाव जित्नेछन्।



● **चन्द्रबहादुर बुढामगर**, संयोजक नेपाली कम्युनिस्ट पार्टी, बागलुङ

१६५ निर्वाचन क्षेत्रमध्ये नेपाली कम्युनिस्ट पार्टी र राजमोबिच गठबन्धन भएको बागलुङका दुईवटा क्षेत्रमा हो। यहाँ दुवै दलको जनमत राम्रो छ। दुई पार्टीको गठबन्धन नै चुनाव जित्ने आधार हो। राष्ट्रिय स्वाधीनता रक्षाको विषय, संविधान संशोधन, विकास र समृद्धि, भ्रष्टाचारमुक्त समाज निर्माण गर्नका निम्ति वाम गठबन्धनका उम्मेदवारले जित्नेछन्।



● **ढालेन्द्र रायमाझी**, उपसभापति राष्ट्रिय स्वतन्त्र पार्टी बागलुङ

संगठन विस्तारको क्रममा भएका वेला सबै वडामा पुग्दै गर्दा बागलुङका दुवै क्षेत्रमा चुनाव जित्न सक्ने आकलन गरेका छौँ। जेन-जी आन्दोलनपछिको जनतामा परेको प्रभाव हाम्रा लागि बलियो बन्दै गएको छ। हाम्रा सभापति रवि लामिछानेमाथिको अन्याय आमजनताले थाहा पाएका छन्। बालेन रास्वपामा आएसँगै आममतदाताको मन बदलिएको छ।

निर्वाचनमा अनुहार नयाँ, सीमा पुरानै

निर्वाचनपछि पुरानै प्रणालीभित्र नयाँ अनुहार फर्किनु बलिदानप्रतिको अन्याय हो र मतपेटिकाले परिणाम दिएन भने सडक फेरि सक्रिय हुन्छ



● बिनोज बस्न्यात

अग्रलेख

नेपालले २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन गर्दै छ। यो निर्वाचन युवामुखी आन्दोलन, व्यापक सामाजिक असन्तोष र राजनीतिक वर्गप्रतिको बढ्दो अविश्वासको पृष्ठभूमिमा हुन लागेको हो। प्रक्रियागत रूपमा हेर्दा निर्वाचन तयारी सन्तोषजनक देखिन्छ। निर्वाचन आयोगले एक करोड ८९ लाखभन्दा बढी मतदाताको अन्तिम नामावली सार्वजनिक गरिसकेको छ, जुन २०७८ को निर्वाचनभन्दा करिब नौ लाखले बढी हो। देशभर मतदान केन्द्र र मतदानस्थल विस्तार गरिएको यस निर्वाचनमा प्रत्यक्षतर्फ तीन हजारभन्दा बढी उम्मेदवार प्रतिस्पर्धामा छन्।

कागजमा हेर्दा लोकतन्त्र आफ्नो नियमित बाटोमा अघि बढिरहेको देखिए पनि यही निर्वाचनले देशका गहिरा संकट समाधान गर्छ भन्ने अपेक्षा गर्नु वास्तविकताबाट टाढा हुने जोखिम हुन्छ। आज नेपालको मूल समस्या निर्वाचन नहुनु होइन, न त निर्वाचन प्रक्रियामै ठुलो त्रुटि हुनु हो। समस्या संरचनागत छ- अझै पूर्ण रूपमा समाधान नभएका संवैधानिक प्रश्न, कमजोर र अल्पप्रभावी शासन मोडेल र राष्ट्र कुन दिशातर्फ जान खोज्दै छ भन्ने साझा राजनीतिक दृष्टिकोणको अभाव छ।

निर्वाचनअघि देखिएको आन्दोलन कुनै एक नीति, एक नेता वा एक घटनाको प्रतिक्रिया मात्र थिएन। सो आन्दोलन दशकौँदेखि जम्मा हुँदै आएको असन्तोषको अभिव्यक्ति थियो- एक यस्तो राजनीतिक प्रणालीप्रति, जसलाई आमनागरिकले असंवेदनशील, खर्चिलो र लोकतान्त्रिक वैधतालाई प्रभावकारी शासनमा रूपान्तरण गर्न अक्षम ठान्न थालेका छन्। विशेषगरी युवापुस्ताका लागि निर्वाचन अब परिवर्तनको माध्यमभन्दा पनि दोहोरिने औपचारिकताजस्तो देखिन थालेको छ। निर्वाचनमा अनुहार बदलिन्छन्, तर जीवनका वास्तविक समस्या उस्तै रहन्छन्।

गन्तव्यविनाको राजनीति : नेपालको राजनीतिक भाष्य आकांक्षाले भरिएको छ, तर स्पष्टताले कमजोर। 'समृद्ध नेपाल, सुखी नेपाली'जस्ता नारा सबै दलका घोषणापत्रमा दोहोरिन्छन्, तर ती अवधारणाको ठोस अर्थ के हो भन्नेमा सहमति देखिँदैन। समृद्धि भनेको स्वदेशमै रोजगारी सिर्जना हो कि वैदेशिक रोजगारीमा निर्भरता निरन्तर रहनु हो ? सुख भनेको सेवा प्रवाहको गरिमा हो कि केवल अनिश्चितताबाट मुक्ति ? साझा राष्ट्रिय गन्तव्यको अभावले निर्वाचनलाई सुधारको साधन होइन, सत्ता सर्कुलेसनको अभ्यास बनाइदिएको छ। गन्तव्य स्पष्ट नभएपछि प्रतिस्पर्धा प्रदर्शनमुखी हुन्छ- भाषण तिखो, तर परिणाम कमजोर। सरकारहरू बदलिन्छन्, अपेक्षा पूरा हुँदैनन्। क्रमशः लोकतान्त्रिक संयन्त्रप्रतिको विश्वास क्षय हुँदै जान्छ।

दण्डहीनताको कवचका रूपमा राजनीति : नेपालमा राजनीतिमा प्रवेश गर्नु अपराध तथा भ्रष्टाचारमा संलग्न वा दोषी ठहर भएका व्यक्तिका लागि एक प्रकारको 'सुरक्षा कवच (इम्युनिटी)' जस्तै बनेको देखिन्छ। यस अवस्थाको कारण कानुनी कार्यान्वयनको कमजोरी, राजनीतिक संस्कार र संस्थागत स्वतन्त्रताको अभाव हो। यसलाई निम्न बुँदामा व्याख्या गर्न सकिन्छ :

राजनीतिक संरक्षण र शक्ति : राजनीतिमा प्रवेश गरेपछि व्यक्तिहरूले प्रहरी, प्रशासन तथा कहिलेकाहीँ न्यायिक प्रक्रियामाथि समेत प्रभाव जमाउने क्षमता प्राप्त गर्छन्। यसले अनुसन्धानमा ढिलाइ हुने, मुद्दा कमजोर बनाइने वा बेवास्ता गरिने अवस्था सिर्जना गर्छ।

कानुनी शासन कमजोर हुनु : नेपालमा कानुनको शासन सधैँ बलियो रहन सकेको छैन। कानुनी प्रक्रिया ढिलो, राजनीतिक प्रभावमा पर्ने र असमान रूपमा लागू हुने हुँदा शक्तिशाली राजनीतिज्ञ सजिलै दण्डबाट उम्किन्छन्।

जवाफदेहिताबाट बच्न राजनीतिको प्रयोग : धेरै अपराध वा भ्रष्टाचारका अभियुक्त/दोषी व्यक्ति राजनीतिमा प्रवेश गर्नुको उद्देश्य नै कानुनी संरक्षण पाउनु, कानुन कार्यान्वयन निकायलाई प्रभावमा पार्नु, मुद्दा फिर्ता वा माफी गराउनु आदि।


भ्रष्टाचार नियन्त्रण निकायको राजनीतीकरण : अख्तियारजस्ता संस्था स्वतन्त्र हुनुपर्ने भए पनि राजनीतिक दबाबका कारण प्रभावकारी रूपमा काम गर्न नसक्ने अवस्था देखिन्छ। शक्तिशाली नेतामाथिका मुद्दा प्रायः रोकिन्छन्।

नैतिकताभन्दा पार्टी निष्ठा : राजनीतिक दलले नैतिकताभन्दा चुनावी जितलाई प्राथमिकता दिने गरेका छन्। पैसा, शक्ति वा प्रभाव भएका आपराधिक पृष्ठभूमिका उम्मेदवारलाई संरक्षण दिइन्छ।

दण्डहीनताको संस्कार : माफी, मुद्दा फिर्ता र राजनीतिक सम्झौताले दण्डहीनताको संस्कार विकास भएको छ। यसबाट राजनीतिज्ञ आफू कानुनभन्दा माथि भएको सोचमा देखिन्छन्।

लोकतन्त्र र समाजमा प्रभाव : यस अवस्थाले भ्रष्टाचार बढाउँछ, इमानदार व्यक्तिलाई राजनीतिमा आउन निरुत्साहित गर्छ, लोकतान्त्रिक संस्था कमजोर बनाउँछ, न्याय प्रणालीप्रति जनविश्वास घटाउँछ।

जनादेशविनाको खण्डित राजनीति : हालको निर्वाचन परिदृश्य नवीकरणभन्दा बढी खण्डनको संकेत हो। स्थापित दलप्रतिको जनविश्वास घट्दो क्रममा रहे पनि संस्थागत शक्ति नियन्त्रणमै छन्। विशेषगरी, वामपन्थी धारभित्र नेतृत्व संरचना प्रायः उस्तै छ, जब कि पुस्तान्तरणको माग तीव्र हुँदै गएको छ। केही दलमा नेतृत्व परिवर्तन देखिए पनि शासनको मोडेलमा गहिरो पुनर्विचार भएको छैन। यसैबिच संवैधानिक राजतन्त्रको पक्षमा आवाज उठाउने शक्ति पुनः सक्रिय भएका छन्। यो केवल नोस्टाल्जिया होइन, यो गणतान्त्रिक व्यवस्थाको कार्यसम्पादनप्रतिको निराशाको अभिव्यक्ति हो। अर्कातर्फ नयाँ दल र स्वतन्त्र उम्मेदवारहरू, विशेषगरी युवामाझ लोकप्रिय, भ्रष्टाचारविरोधी र जवाफदेहिता केन्द्रित नारासहित उदाएका छन्। तर, उनीहरूको संख्या संसद्मा निर्णायक हुने सम्भावना न्यून छ। उनीहरूमा संस्थागत अनुभव सीमित छ।



लोकतन्त्र र हराइरहेको जनसंख्या : नेपालको लोकतान्त्रिक यथार्थको एउटा गम्भीर तर उपेक्षित पक्ष वैदेशिक पलायन हो। नेपालमा औपचारिक रूपमा एक करोड ८९ लाख मतदाता छन्। तर, तीमध्ये ठुलो हिस्सा देशबाहिरै छ। यसको अर्थ कुल मतदाताको करिब ६०-६६ प्रतिशत मात्र देशभित्र रहेको अवस्था छ। धेरैजसो आप्रवासी नेपालीको नाम मतदाता सूचीमा छ, तर कानुनी र प्राविधिक सीमाका कारण तिनले मतदान गर्न सक्दैनन्। यसले दुई गम्भीर असर पार्छ। पहिलो, देशभित्रको मतदान प्रतिशत उच्च देखिए पनि कुल मतदाता सहभागिता संरचनागत रूपमा सीमित हुन्छ। दोस्रो, निर्वाचन परिणाम ती समूहको आवाजले बढी प्रभावित हुन्छ, जो देशमै बसेका छन्।

आप्रवासी मताधिकार किन महत्त्वपूर्ण छ ? : यो केवल प्राविधिक समस्या होइन। यो संवैधानिक, लोकतान्त्रिक र रणनीतिक प्रश्न पनि हो। पहिलो, मतदान नागरिकको मौलिक संवैधानिक अधिकार हो। जब राज्य देशको अर्थतन्त्र धान्न आप्रवासीको रेमिट्यान्समा निर्भर हुन्छ, तर तिनलाई मताधिकार प्रयोग गर्न अक्षम बनाउँछ, तब नागरिकता व्यवहारमा भौगोलिक सर्तमा मात्र सीमित हुन्छ। दोस्रो, आप्रवासी मतदाताले घरेलु राजनीतिमा यथार्थ जाँच ल्याउन सक्छन्। उनीहरूले विदेशमा शासन प्रणाली, सेवा प्रवाह, जवाफदेहिता र अवसर देखेका हुन्छन्। यसले भित्री राजनीतिमा नयाँ मापदण्ड र तुलना भित्र्याउँछ। तेस्रो, आप्रवासीहरू प्रायः युवा र आर्थिक रूपमा सक्रिय हुन्छन्। उनीहरूलाई प्रणालीगत रूपमा बाहिर राख्दा निर्वाचन परिणाम वृद्ध र स्थिर संरचनासँग जोडिएका समूहको पक्षमा झुक्छ।

घोषणापत्र र संरचनागत गणित : निर्वाचन घोषणापत्रमा समृद्धि, रोजगारी, सुशासन र भ्रष्टाचारविरोधी प्रतिबद्धता दोहोरिन्छ। तर, संरचनागत यथार्थसँग ती वाचा मेल खाँदैनन्। संघीय तहको अधिकार दोहोरोपन, प्रशासनिक कमजोरी, बढ्दो चालू खर्च, सीमित राजस्व– यी आधारभूत समस्यामा ठोस सुधार योजना प्रायः अनुपस्थित छन्। अझ महत्त्वपूर्ण कुरा, खण्डित संसद्को गणितलाई घोषणापत्रले बेवास्ता गरेका छन्। गठबन्धन सरकार अपरिहार्य हुँदा न्यूनतम साझा सुधार एजेन्डा के हो ? कुन संरचनागत सुधारमा सहमति सम्भव छ ? यी प्रश्न घोषणापत्रमा स्पष्ट छैनन्।

मतपेटिकापछिको परीक्षा : निर्वाचनपछि पुरानै प्रणालीभित्र नयाँ अनुहार फर्किनु आन्दोलनको बलिदानप्रति अन्याय हुनेछ। यस्तो अवस्था आयो भने निर्वाचनले अभिजात वर्ग पुनरुत्पादन गरेको ठहरिनेछ। इतिहासले देखाएको छ- जब प्रतीकात्मक परिवर्तनले वास्तविक सुधारको स्थान लिन्छ, असन्तोष जम्मा हुन्छ। जब मतपेटिकाले परिणाम दिँदैन, सडक फेरि सक्रिय हुन्छ।

> कागजमा हेर्दा लोकतन्त्र आफ्नो नियमित बाटोमा अघि बढिरहेको देखिए पनि यही निर्वाचनले देशका गहिरा संकट समाधान गर्छ भन्ने अपेक्षा गर्नु अलि हतारो हुनेछ

मतपेटिकाभन्दा पर : २१ फागुनको निर्वाचनले संसद्को अंकगणित बदल्न सक्छ, तर नेपालको गहिरो संवैधानिक र शासनको संकट समाधान गर्दैन। स्थायित्व केवल निर्वाचन दोहोऱ्याउँदैमा आउँदैन। त्यसका लागि कार्यसम्पादनसहितको वैधता, जनसांख्यिक यथार्थ समेट्ने लोकतन्त्र र साझा राष्ट्रिय दिशा आवश्यक छ। त्यो नभए, यो निर्वाचन पनि परिवर्तनको मोड होइन। आन्दोलनबिचको अर्को विराम मात्र हुनेछ।

अन्तर्राष्ट्रिय अनुभवबाट सिक्नुपर्ने पाठ : वर्तमान राजनीतिक संक्रमणलाई केवल आन्तरिक समस्याका रूपमा हेर्नु अधुरो विश्लेषण हुनेछ। संरचनागत कमजोरी र स्पष्ट राष्ट्रिय दिशाको अभाव भएका देश प्रायः बाह्य शक्तिको खेलमैदान बन्ने गरेका छन्। इतिहासले देखाएको छ- जब राज्यहरू आफ्ना आन्तरिक संस्थागत समस्या समाधान गर्न असफल हुन्छन्, तब बाह्य शक्तिको प्रभाव स्वतः बढ्छ र संकट गहिरिँदै जान्छ।

सुधार नगरेर झनै संकटमा फसेका देश : श्रीलंका यसको सबैभन्दा नजिकको उदाहरण हो। दशकौँसम्म निर्वाचन भइरहे, सरकार बदलिइरहे, तर शासन संरचना, ऋण व्यवस्थापन र आर्थिक मोडेलमा गहिरो सुधार भएन। परिणामस्वरूप देश अत्यधिक ऋणमा डुब्यो। चीन, भारत र पश्चिमी शक्तिको प्रतिस्पर्धा आर्थिक संकटको वेला झन् तीव्र भयो। हम्बन्टोटा बन्दरगाह प्रकरणले देखायो- जब राज्य कमजोर हुन्छ, रणनीतिक सम्पत्ति पनि सौदाबाजीको विषय बन्छ। अन्ततः जनआक्रोशले सरकार ढल्यो, तर निर्वाचनबाहिरको संकट व्यवस्थापनले देशलाई थाम्नुपऱ्यो। पाकिस्तान, लेबनानको हालत पनि खासै भिन्न छैन। यसले देखाउँछ, निर्वाचन मात्रले राज्यलाई बचाउँदैन। जब शासन संरचना कमजोर हुन्छ, बाह्य शक्तिको प्रतिस्पर्धा समाधान होइन, थप संकट बन्छ।

यसविपरीत, केही देशले आफ्ना ऐतिहासिक, संरचनागत र भूराजनीतिक सीमा स्विकार्दै सुधारको बाटो रोजे। मंगोलिया नेपालजस्तै दुई ठुला शक्ति, रुस र चीनबिच अवस्थित छ। तर, उसले 'थर्ड नेबर पोलिसी'मार्फत स्पष्ट राष्ट्रिय रणनीति बनायो। सबै दलबिच सम्प्रभुता, लोकतान्त्रिक प्रक्रिया र मुख्य खनिज स्रोतको राष्ट्रिय हितविपरीत प्रतिस्पर्धा नगर्ने सहमति भयो। निर्वाचन प्रतिस्पर्धात्मक भए पनि राष्ट्रिय दिशामा न्यूनतम सहमति कायम रह्यो। यही कारण मंगोलिया भूराजनीतिक दबाबबिच पनि अपेक्षाकृत स्थिर रह्यो। भियतनाम, रुवान्डालगायत देशले पनि यसैगरी आफूलाई सबल बनाएका छन्। यी उदाहरणले देखाउँछन्, स्थायित्वको कुञ्जी शासन संरचना, संस्थागत क्षमता र साझा राष्ट्रिय एजेन्डामा हुन्छ, निर्वाचनको आवृत्तिमा होइन।

नेपालका लागि निहितार्थ : नेपाल अहिले यही मोडमा उभिएको छ। यदि संविधान, संघीयता, शासन क्षमता, आप्रवासी नेपाली नागरिकको समावेशिता र आर्थिक मोडेलका प्रश्नलाई निरन्तर टार्दै गयो भने नेपाल पनि श्रीलंका वा लेबनानजस्तो बाह्य प्रभावप्रति झन् संवेदनशील बन्न सक्छ। नेपालको भू-रणनीतिक अवस्थाले यो जोखिम अझ बढाउँछ। भारत, चीन र पश्चिमा शक्तिबिचको प्रतिस्पर्धा बढ्दै जाँदा आन्तरिक रूपमा कमजोर नेपाल स्वतः दबाबको केन्द्र बन्छ। बलियो र विश्वसनीय राष्ट्र बन्ने एक मात्र बाटो भनेको आफ्नो घरका पर्खाल बलियो बनाउनु हो।

निर्वाचन साधन हो, समाधान होइन : २१ फागुनको निर्वाचन लोकतान्त्रिक रूपमा महत्त्वपूर्ण छ। तर, यसलाई अन्तिम समाधानका रूपमा प्रस्तुत गर्नु भ्रम हुनेछ। अन्तर्राष्ट्रिय अनुभवले स्पष्ट देखाउँछ, संरचनागत सुधार नगरेका देश निर्वाचनकै बिचमा पनि संकटतर्फ धकेलिन्छन्, र सुधार गरेका देशले सीमित स्रोत र कठिन भू-राजनीतिका बाबजुद स्थायित्व हासिल गर्छन्। हामी निर्वाचनपछि पनि पुरानै ढाँचामा अड्किरहन्छौँ कि आन्दोलन, मतदाता र आप्रवासी नागरिकको आवाजलाई संस्थागत सुधारमा रूपान्तरण गर्छौं ? दोस्रो बाटो रोजिएन भने यो निर्वाचन पनि परिवर्तनको मोड होइन, अर्को संकटअघिको छोटो विराम मात्र हुनेछ।

(बस्न्यात नेपाली सेनाका अवकाशप्राप्त उपरथी तथा रणनीतिक मामिला विश्लेषक हुन्)

---

३ प्रश्न

चोटपटक रोकथाम तथा सडक सुरक्षासम्बन्धी अनुसन्धानकर्ता **पुष्पराज पन्तलाई**



पछिल्लो समयमा सडक दुर्घटना बढेको देखिन्छ, सामान्यतः दुर्घटना किन हुन्छ ?

दुर्घटना हुनुका पछाडि मुख्यतः सडक पूर्वाधार र यातायातका साधनको अवस्था जिम्मेवार हुन्छन्। पहाडी भूबनोटमा बनेका हाम्रा अधिकांश सडकमा अत्यधिक घुम्ती हुन्छन्। त्यस्ता घुम्ती सवारीचालकका लागि चुनौतीपूर्ण हुन सक्छन्। फेरि दुर्घटना हुनुमा सवारीसाधनको 'साइज', त्यसको अवस्था आदि पनि जिम्मेवार हुन्छन्। साथमा तिनले बोक्ने 'लोड'ले यसमा भूमिका खेलिरहेको हुन्छ। हाम्रो देशको भूबनोट र त्यहाँ पाइने फरक-फरक हावापानीका कारण गर्मी मौसममा तराई, मधेशबाट आएका सवारीचालक शीतल पहाडी हावापानीमा पुग्दा निदाउन सक्छन्। चिसो हावापानीबाट न्यानो हावापानीमा पुग्दा पनि त्यस्तै अवस्था हुन सक्छ। सवारीसाधनको तीव्र गति, जथाभावी गरिने ओभरटेकिङको अवस्थामा सजाय भएन भने थप लापरबाही हुन सक्छ र दुर्घटना बढ्छ।

पटक-पटक भइरहेको ठुलो जनधनको क्षतिबाट पनि हामी किन चेत्दैनौँ ?

प्रायः दुर्घटनापछि आयोग बनाएर अध्ययन गरिन्छ। यस्तो अध्ययन सामान्यतः दुई उद्देश्यले गरिन्छ, पहिलो, बिमा प्रयोजनका लागि। आयोग बनाएर औपचारिक प्रतिवेदन तयार गरेपछि बिमा रकम प्राप्त गर्न सजिलो हुन्छ। अर्को, दुर्घटनाका कारण पहिचान गरेर समाधान खोज्ने उद्देश्यले पनि अध्ययन गरिन्छ। प्रतिवेदन तयार पनि गरिन्छ। तर, कार्यान्वयनमा भने जहिल्यै उदासीनता देखाइन्छ। यसबाट पनि हामीले खासै नचेतेकै देखिन्छ।

दुर्घटना न्यूनीकरणका लागि के गर्नुपर्ला त ?

सडक सुरक्षा नियमनका लागि ट्राफिक जनशक्ति निकै न्यून छ। ट्राफिक प्रहरीमा जनशक्ति थप गर्नुपर्छ। सामान्यतः सडक निर्माण गरिसकेपछि इन्जिनियरले 'रोड सेफ्टी अडिट' गरेर प्रतिवेदन बुझाउँछन्। त्यसअनुसार सडकको अवस्थामा सुधार गरिनुपर्छ। सवारीसाधनलाई 'कन्डिसन'मा राख्न नियमनमा कडाइ गरिनुपर्छ।

प्रेरक प्रसंग

बालक र डाँकु

एकपटक एउटा लामो लस्कर बगदादतिर गइरहेको थियो। बाटामा डाँकाको समूहले लुटपाट सुरु गऱ्यो। नौ वर्षको एउटा बालक एकातिर बसेर चुपचाप यो लुटपाट हेरिरहेको थियो। एउटा डाँकाले सो बालकलाई देखिहाल्यो। उसले बालकसँग सोध्यो, 'ओइ फुच्चे, तँसँग पनि केही छ कि ?' 'मसँग ४० असर्फी छन्।' बालकले निडर भई जवाफ दियो। बालकको जवाफ सुनेर त्यो डाँकु मरीमरी हाँस्यो र सोध्यो, 'के भनेको, तिमीसित ४० असर्फी छन् रे ?' बालकले ढुक्कसाथ जवाफ दियो, 'हो मसँग ४० असर्फी छन्।'

डाँकुले बालकको हात समाएर सरदारकहाँ लिएर गयो र भन्यो, 'सरदार, यो बालक आफूसँग ४० असर्फी छन् भनेर दाबी गर्दै छ।' उसको कुरा सुनेर सरदारले बालकलाई सोधे, 'तेरा असर्फी कहाँ छन् त ?'

बालकले आफ्नो झोला खोल्यो र त्यो च्यातेर असर्फी अगाडि राखिदियो। त्यो देख्दा डाँकुहरू छक्क परे। सरदारले सोधे, 'ए फुच्चे, असर्फी यसरी राख्ने उपाय तँलाई कसले सिकायो ?' बालकले नडराई जवाफ दियो, 'मेरी आमाले यो झोला सिलाइदिनुभएको थियो। अरूले थाहा नपाऊन् भनेर उहाँले यो असर्फी यसरी राखिदिनुभएको हो।'

सरदारले अचम्म मान्दै सोधे, 'तैँले यो असर्फीका बारेमा हामीलाई किन बताएको त ? हामीले यो लिन्छौँ भन्ने तँलाई डर लागेन ?' बालकले जवाफ दियो, 'म झुट कसरी बोल्न सक्थेँ ? म हिँड्ने वेलामा आमाले भन्नुभएको थियो- बाबु, कहिल्यै झुटो नबोल्नू। झुटो बोल्नु पाप हो।' सरदारको मनमा बालकको यस भनाइको असर पऱ्यो। उनले आफ्ना सबै साथीलाई भने, 'यो सानो बच्चाले आफ्नी आमालाई यति धेरै मान्छ कि यस्तो संकटमा पनि उसले झुटो बोलेन। हामी भने यति ठुलो भएर पनि कहिल्यै सत्मार्गमा हिँडेनौँ र लुटपाट गरिरह्यौँ। अब हामीले पनि यो लुटपाटको कर्म छाडेर सत्मार्गमा हिँड्नुपर्छ।'

डाँकुहरूले त्यसै वेला अब कहिल्यै लुटपाट नगर्ने निर्णय गरे। उनीहरूले लुटेको सामान पनि फिर्ता गरिदिए। लस्करमा सामेल अरूहरू पनि आफ्नो सामान पाएर बडो प्रसन्न भए। उनीहरू पनि बालकको आदर गर्न थाले। ती बालकको नाम, अब्दुल कादिर थियो। ठुलो भएपछि तिनै बालक महान् सन्तका रूपमा प्रसिद्ध भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मतको सम्मान गर

यतिखेर कामको खोजीमा प्रवासतिर पुगेका नेपाली आगामी निर्वाचनमा मतदान गर्न स्वदेश फर्किँदै छन्। उनीहरू निर्वाचनपछि देशमा राम्रो नेताको नेतृत्वमा सरकार बन्ला र स्वदेशमै काम पाइएला भन्ने ठुलो सपना बोकेर स्वदेश फर्किरहेका छन्। यस्तो सपना बोकेर फर्किने नेपालीले मतदान गरी जिताएपछि दलहरूले जसको नेतृत्वमा सरकार बनाए पनि तिनले जनजीविकाका पक्षमा काम गर्नुपर्छ। अन्यथा, यति ठुलो उत्साह बोकेर मतदानकै लागि परदेशबाट स्वदेश फर्किएका नेपाली मतदाताको मतको घोर अपमान हुनेछ। दलहरूले मतदाताको मतको सम्मान गर्ने हो भने स्वदेशमा शिक्षा र स्वास्थ्य सेवा सर्वसुलभ बनाउनुपर्छ। कृषिमा युवा आकर्षण वृद्धि गर्ने कार्यक्रम ल्याउनुपर्छ। रोजगारी सिर्जना गर्नुपर्छ। यति गर्न सकेमा मात्र मतदाताको मतको सम्मान हुनेछ।

● **नवीना रस्तेल**, रातोपुल, काठमाडौं

उद्धारको पूर्वतयारी खोइ ?

आइतबार मध्यराति त्रिशूली नदीकिनारमा बस खस्दा १९ जनाको ज्यान गयो भने कैयौँ घाइते भए। रातिको समयमा दुर्घटना हुँदा एक त समयमै उद्धार टोली पुग्न सकेन भने अर्को ढिलो गरी पुगेको टोलीसित पनि उद्धारका लागि अत्यावश्यक सामग्रीको अभावले गर्दा उद्धारमा भएको ढिलाइकै कारण कैयौँको ज्यान गयो। के हामीले यस्ता विपत्मा परेकाको उद्धारका लागि पूर्वतयारी गरी साधनस्रोतको जोहो गरेर राजमार्गका प्रहरी कार्यालयमा राख्न सकिन्न ?

● **सुरज पुन**, नारायणघाट, चितवन

निर्वाचन बिथोल्न नदेऊ

केही समयअघि पूर्वराजाबाट आएको अभिव्यक्तिका कारण उत्साहित भएका केही राजावादी शक्ति निर्वाचन भाँड्न सक्रिय हुन थालेको देखिन्छ। त्यति ठुलो बलिदानपछि हुन लागिरहेको निर्वाचन भाँडियो, रोकियो या पछि धकेलियो भने यसले मुलुकलाई दुर्घटनातिर लैजान सक्छ। त्यसैले, २१ फागुनका लागि घोषित निर्वाचन सोही मितिमा जसरी पनि हुनैपर्छ। यसका लागि सरकाले निर्वाचनविरोधी शक्ति र तिनका समर्थक व्यक्ति पहिचान गरी तिनलाई वेलैमा रोक्नेतर्फ विशेष ध्यान देओस्।

● **श्यामलिका सुनार**, कलंकी, काठमाडौं

चालक सचेत कहिले बन्ने ?

पछिल्ला दिनमा एकपछि अर्को कहालीलाग्दो दुर्घटनासम्बन्धी समाचार देख्नु, सुन्नु र पढ्नुपरिरहेको छ। दुर्घटनामा मानिसको ज्यान गइरहेको छ, मानिसहरू घाइते या अंगभंगसमेत भइरहेका छन्, यसबाट सबैले गम्भीर पाठ सिक्नुपर्ने हो। तर, सिक्नुपर्नेले गलत सिके या केही पनि सिक्दै सिकेनन्, बुझ्न सकिएको छैन।

देशका कुनै पनि भूभागमा हुनेमध्ये अधिकांश दुर्घटना चालकको लापरबाहीकै कारण हुने गरेका छन्। जबसम्म चालक सचेत रहन्छन्, होसियारीपूर्वक सडक नियम पालना गरेर निश्चित गतिमा संयमित भई सवारीसाधन हाँक्छन्, तबसम्म दुर्घटनाको सम्भावना अत्यन्त न्यून हुन्छ। तर, जब तिनले सडक अनुशासन उल्लंघन गर्न थाल्छन्, अत्यन्त तीव्र गतिमा सवारीसाधन हाँक्छन्, जथाभावी ओभरटेक गर्छन्, सवारीसाधनको क्षमताभन्दा बढी भार बोक्छन्, तब दुर्घटना अवश्यंभावी छ। दुर्घटनाका कारण चालक मात्र शतप्रतिशत हुन् भन्ने होइन। सडकको अवस्था, सवारीसाधनको 'कन्डिसन'लगायत अन्य धेरै पक्षले पनि यसमा प्रभाव पारिरहेको हुन सक्छ। तर, अन्य कारणबाट हुने दुर्घटना निकै न्यून हुन्छन् भने चालकको लापरबाहीका कारण हुने दुर्घटना निकै बढी हुन्छन्।

● **शोभा पण्डित**, सीतापाइला, काठमाडौं

एल मेन्कोको हत्या र मेक्सिकोको लागुऔषध समस्या

संसारको लगभग सम्पूर्ण इतिहासमा एक लागुऔषध नाइकेको हत्याले लागुपदार्थ तस्करीको समस्या समाधान गरेको देखिन्न



देश/विदेश

● बेलेन फर्नान्डेज

आइतबार मेक्सिकोको सुरक्षा बलले देशको पश्चिमी राज्य जालिस्कोस्थित कुख्यात जालिस्को न्यु जेनेरेसन कार्टेल (सिजेएनजी) का नेता ५९ वर्षीय नेमेसियो रुबेन ओसेगुएरा सर्भान्टेस उर्फ एल मेन्कोको हत्या गऱ्यो। मेक्सिकन रक्षा मन्त्रालयका अनुसार यो कारबाही संयुक्त राज्य अमेरिकाबाट प्राप्त 'पूरक जानकारी'साथ गरिएको थियो, जसको 'शान्ति निर्माता' राष्ट्रपति डोनाल्ड ट्रम्पले लागुऔषध कार्टेलसँग लड्न मेक्सिकोमा आक्रमण गर्ने धम्की दिँदै आएका छन्।

यी त्यस्ता संस्था हुन्, जसको अस्तित्व अमेरिकी नीति र लागुपदार्थ सेवनबाटै आएको हो। अमेरिकी उपविदेशमन्त्री क्रिस्टोफर ल्यान्डाउले एल मेन्कोको मृत्युको खबरलाई हर्षोल्लाससाथ स्वागत गरे। उनले सामाजिक सञ्जाल एक्समा घोषणा गरे, 'यो मेक्सिको, अमेरिका, ल्याटिन अमेरिका र विश्वकै लागि ठुलो सफलता हो।'

विश्वव्यापी मामिलामा टाढाबाट ध्यान दिएका जोकोहीले पनि अनुमान गरेजस्तै उनको हत्यापछि मेक्सिकोका धेरै राज्यमा हिंसा फैलिएको छ, जुन सामान्यतया लागुऔषध तस्करलाई कारागार लैजाँदा या स्थानान्तरण गर्दा हुन्छ। बन्दुकधारीले विभिन्न स्थानमा सवारीसाधन जलाइदिएका छन् र राजमार्ग अवरुद्ध गरेका छन्। कतिपय अमेरिकी मिडियाले उथलपुथलका कारण मेक्सिकन रिसोर्ट सहरमा 'फसेका' अमेरिकी पर्यटकको दुर्दशाबारे सनसनीपूर्ण विवरण सार्वजनिक गरेका छन्। आफ्नो प्रारम्भिक उत्साहजनक पोस्टको केही समयपछि ल्यान्डाउले एक्समा लेखे, 'म मेक्सिकोका हिंसाका दृश्य ठुलो दुःख र चिन्तासाथ हेरिरहेको छु। हामीले आफ्नो होस गुमाउनु हुँदैन।'

उपविदेशमन्त्रीले आफ्नो एक्समा मेक्सिकोका लागि अरू केही शब्द खर्चिए। 'हौसला बढाउनुहोस्, मेक्सिकोवासी,' उनले भने। तर, संसारको लगभग सम्पूर्ण इतिहासमा एक लागुऔषध नाइकेको हत्याले लागुपदार्थ तस्करीको समस्या समाधान गरेको देखिन्न। मेडेलिन कार्टेलका पाब्लो एस्कोबारको घटनालाई सम्झनुहोस्, जसलाई १९९३ मा कोलम्बियाली प्रहरीले अमेरिकी औषधि प्रवर्तन एजेन्सी (डिइए) को पूर्ण सहयोगमा हत्या गरेको थियो। एस्कोबारको अनुपस्थितिका बाबजुद अन्तर्राष्ट्रिय लागुऔषध व्यापार तीव्र गतिमा अघि बढ्यो, त्यसपछिका दशकमा कोलम्बियामा उल्लेख्य हिंसा भड्कियो, जसमध्ये धेरैजसो हिंसा अमेरिका समर्थित राज्य सुरक्षा बलद्वारा गरिएको थियो। कोलम्बियाली सेनाका सदस्यले मात्र अनुमानित १० हजार नागरिकको हत्या गरे र तिनका शवलाई 'वामपन्थी आतंकवादी' भनेर बिदाइ गरे। आजसम्म, कोलम्बिया विश्वको शीर्ष कोकेन उत्पादक देश बनेको छ।

अर्को शब्दमा भन्नुपर्दा एल मेन्कोको मृत्युलाई मेक्सिको वा अरू कसैका लागि 'महान् प्रगति' भनेर प्रशंसा गर्नु आफैँमा भ्रमपूर्ण छ। आइतबार मैले दक्षिणी राज्य ओक्साकाका एक मेक्सिकन साथीलाई फोन गरेँ, जो मेक्सिकन राष्ट्रपति क्लाउडिया सेनबाउमका समर्थक थिए। उनको विचारमा मेक्सिकोको सरकारले मेन्कोलाई हटाएर 'लागुऔषधविरुद्धको युद्ध'मा आफ्नो काम गरिरहेको थियो र अमेरिकाको यसमा ठोस सम्बन्ध थिएन।

आफ्ना पूर्ववर्ती तथा राजनीतिक गुरु एन्ड्रेस म्यानुएल लोपेज ओब्राडोरजस्तै वर्तमान राष्ट्रपति सेनबाउमले फोहोरी काम गर्ने कलामा निपूणता हासिल गरेकी छिन् र त्यसलाई उनले 'सार्वभौम' तरिकाले काम गरेको दाबी गरिरहेकी छिन्। हो, भेनेजुएलाका राष्ट्रप्रमुख निकोलस मदुरोको अमेरिकाले हालै गरेको अपहरणलाई ध्यानमा राख्दै र ट्रम्पले आफू कुनै पनि कानुनको अधीनमा नभएको बताइरहेकाले गर्दा उनीसँग चालबाजी गर्ने धेरै ठाउँ छैन, चाहे त्यो घरेलु होस् वा अन्तर्राष्ट्रिय। तर, सेनबाउमले अमेरिकीलाई अस्थायी रूपमा शान्त पार्नु र ट्रम्पको आवश्यकता पूरा गर्नुबाहेक विकल्प नदेखेकी हुन सक्छिन्।

समकालीन मेक्सिकन इतिहासको संक्षिप्त समीक्षाले पनि यही पुष्टि गर्छ। सन् २००६ मा तत्कालीन मेक्सिकन राष्ट्रपति फेलिप काल्डेरोनले अमेरिकी निर्देशनमा 'लागुऔषध युद्ध' सुरु गर्नेबित्तिकै देशमा हत्या र जबर्जस्ती बेपत्ता पार्ने घटना बढे। त्यसवेलादेखि पाँच लाखभन्दा बढी मानिस मारिएका या बेपत्ता पारिएका छन्, जसमध्ये धेरैजसो राज्यका सैन्यीकृत एजेन्टको सि कार भएका छन्।

अमेरिकामा निर्मित हतियारको दक्षिणतर्फको प्रवाह जारी छ भने लागुऔषधको उत्तरतर्फको प्रवाहमा बाधा पुगेको छ। जलिस्को राज्यमै सम्पूर्ण मेक्सिकोमा सबैभन्दा बढी जबर्जस्ती बेपत्ता पार्ने घटना भएका छन् र गत वर्ष आगामी विश्वकपका आयोजक सहरमध्ये एक ग्वाडालजाराबाहिरको खेतमा गोप्य शवदाह गृहको खोजीसँगै समाचारको शीर्षक बनेको थियो। खेतलाई सेनाले भर्ती र प्रशिक्षण केन्द्रका साथै विनाशस्थलका रूपमा प्रयोग गरेको बताइएको छ।

एल मेन्चोलाई हटाउँदा परिदृश्यलाई शान्त पार्ने सन्दर्भमा ठ्याक्कै केही हुनेछैन, जसरी सिनालोआ कार्टेल नेताहरू जोआकिन एल चापो गुजम्यान र स्माइल एल मेयो जाम्बाडालाई अमेरिकामा सुपुर्दगी गरिएको थियो। बरु त्यसले सत्ताका लागि निरन्तर हिंसात्मक लडाइँ सुरु गरेको थियो।

(फर्नान्डेज अलजजिराकी स्तम्भकार हुन्)

अलजजिराबाट

रुस-युक्रेन युद्ध : मानवीय क्षति बढेको-बढ्यै, द्वन्द्व समाधानका पहल निष्प्रभावी

यो युद्ध दोस्रो विश्वयुद्धपछि युरोपमा भएको सबैभन्दा ठुलो र सबैभन्दा घातक देखिएको छ



● जोन टी सारोपोउलस

सारोपोउलस एथेन्सस्थित स्वतन्त्र पत्रकार हुन्। उनी दक्षिणपूर्वी युरोपमा अलजजिराका संवाददाता पनि हुन्।

रुसले युक्रेनमाथि युद्ध गरेको पनि चार वर्ष पूरा भएको छ। सन् २०२२ को फेब्रुअरी २४ मा रुसले युक्रेनमाथि युद्ध घोषणा गरेको थियो। यो दोस्रो विश्वयुद्धपछिको युरोपको सबैभन्दा ठुलो युद्ध हो। यो त्यतियताको सबैभन्दा घातक युद्ध पनि हो। र, यसले विश्वव्यापी अर्थतन्त्रलाई नयाँ आकार दिएको छ। मस्कोले अहिलेसम्म इतिहासमै सबैभन्दा धेरै प्रतिबन्धको सामना गरेको छ। फेब्रुअरी २४ मा युक्रेनविरुद्धको रुसी युद्धले चार वर्ष पूरा गर्दा त्यहाँ भएको क्षति, मानवीय स्थिति र दुवै देशले चुकाएको मूल्यबारे यहाँ चर्चा गर्न खोजिएको छ।

■ ठुलो मानवीय क्षति

युद्धमा मृत्यु हुनेको संख्या, घाइते र सम्भवतः अशक्तको तथ्यांक धेरै फरक देखिन्छ। रुस र युक्रेन दुवैले प्रतिद्वन्द्वी देशको क्षतिलाई बढावा दिने र आफ्नोतर्फको क्षतिलाई कम देखाउने तथ्यांक प्रस्तुत गर्छन्। तैपनि, विपरीत तथ्यांकले मृत्यु र विनाशको मात्राको अनुभूति दिन्छ। युक्रेनमा रुसको युद्धले कुल २० लाख सैन्य हताहत भएको अनुमान गरिएको छ। युक्रेनको जनरल स्टाफले अनुमान गरेका छन् कि गतवर्ष लगभग चार लाख १८ हजार रुसी सेना मारिएका वा घाइते भएका थिए, जसले गर्दा युद्धका लागि कुल रुसी हताहत १० लाखभन्दा बढी पुगेको छ।

सेन्टर फर स्ट्राटेजिक एन्ड इन्टरनेसनल स्टडिज (सिएसआइएस) ले फेब्रुअरी २४, २०२२ मा पूर्णस्तरीय आक्रमणको सुरुवातदेखि डिसेम्बर २०२५ सम्ममा कम्तीमा तीन लाख २५ हजार मृत्युसहित १२ लाख हताहत भएको अनुमान गरिएको छ। उक्त तथ्यांकअनुसार जनवरी २०२६ मा थप ३१ हजार ६८० रुसी हताहत भएको युक्रेनले अनुमान गरेको थियो।

'यी संख्या असाधारण छन्। दोस्रो विश्वयुद्धपछि कुनै पनि युद्धमा यति धेरै हताहत वा मृत्यु भएको कुनै पनि प्रमुख शक्तिले भोगेको छैन,' सिएसआइएसले आफ्नो प्रतिवेदनमा भन्यो। युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले यस महिनाको सुरुमा सम्पूर्ण युद्धमा ५५ हजार युक्रेनी सैनिक मारिएको बताएका थिए। सिएसआइएसले अनुमान गरेको छ कि युक्रेनमा ६ लाखसम्म हताहत भएको छ, जसमा एक लाख ४० हजारको मृत्यु भएको छ। अल जजिराले दुवै पक्षबाट हताहतको अनुमान पुष्टि गर्न सक्दैन।

युक्रेनको विश्वास छ कि अग्रपंक्तिमा रुसी मृत्युदर स्वेच्छिक भर्तीको वर्तमान विधिले धान्न नसक्ने स्तरमा बढिरहेको छ। 'डिसेम्बरमा ३५ हजार कब्जाकर्तालाई निर्मूल पारियो र यो भिडियो फुटेजबाट पुष्टि भएको छ,' जनवरीको सुरुमा नोभेम्बरमा ३० हजार र अक्टोबरमा २६ हजार मृत्युसँग तुलना गर्दै जेलेन्स्कीले भने।

युद्धभरि रुसी हताहत बढ्दै गएको कुरामा सिएसआइएस सहमत छ। 'रुसी हताहत र मृत्युदर किन यति उच्च छ ?' सिएसआइएसले प्रश्न गरेको छ। 'यसका धेरै सम्भावित व्याख्या छन्। जस्तै- संयुक्त हतियार र संयुक्त युद्ध प्रभावकारी रूपमा सञ्चालन गर्न रुसी असफलता, कमजोर रणनीति र प्रशिक्षण, भ्रष्टाचार, न्यून मनोबल र रक्षाको पक्षमा रहेको युद्धमा युक्रेनको प्रभावकारी रक्षा-गहन रणनीति।'

युक्रेनमा पनि उल्लेखनीय संख्यामा नागरिकको मृत्यु भएको छ। युक्रेनमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार अनुगमन मिसन (एचआएमएमयु) ले चार वर्षको पूर्णस्तरीय युद्धमा १५ हजार १६८ युक्रेनी नागरिक मारिएका छन् र ४१ हजार ५३४ घाइते भएका छन् भन्ने विश्वास गर्छ। यसले यो पनि विश्वास गर्छ कि युद्ध नागरिकका लागि झन् खतरनाक हुँदै गइरहेको छ र सन् २०२५ अहिलेसम्मकै सबैभन्दा घातक वर्ष हो। खुला स्रोत परियोजना कन्फ्लिक्ट इन्टेलिजेन्स टोली (सिआईटी) का अनुसार २०२५ मा कम्तीमा दुई हजार ९१९ युक्रेनी नागरिक मारिएका र १७ हजार ७७५ घाइते भएका छन्, जसमध्ये धेरैजसो युक्रेनमा रुसी ड्रोन आक्रमणबाट भएका छन्। यो तथ्यांकले २०२४ देखि भएको वृद्धिलाई प्रतिनिधित्व गर्छ।

सैन्य र नागरिक हताहतका साथै युक्रेनले युद्धपूर्वको आफ्नो चार करोड २० लाख जनसंख्याको लगभग एकचौथाइ जनसंख्या गुमाएको छ। सरकारले २०२३ मा अनुमान गरेअनुसार लगभग ५० लाख मानिस रुसी कब्जामा बसिरहेका थिए। संयुक्त राष्ट्र संघको शरणार्थी उच्चायुक्तको अनुमानअनुसार थप ५९ लाख युक्रेनी देश छाडेर गएका छन्, जसमध्ये ५४ लाख युरोपतिर लागेका छन्। अन्तमा, हजारौँ बालबालिकालाई रुसमा हुर्काउन र रुसीको रूपमा पुनः शिक्षा दिन कब्जा गरिएका क्षेत्रबाट अपहरण गरिएको युक्रेनले बताएको छ। येल स्कुल अफ मेडिसिनले अनुमान गरेको छ कि १९ हजारभन्दा बढी अपहरणकारी छन्। युक्रेनले भनेको छ कि लगातार निवेदनका बाबजुद केवल एक हजार २३८ जनालाई फिर्ता पठाइएको छ।



सेन्टर फर स्ट्राटेजिक एन्ड इन्टरनेसनल स्टडिज (सिएसआइएस) ले २४ फेब्रुअरी २०२२ मा पूर्णस्तरीय आक्रमणको सुरुवातदेखि डिसेम्बर २०२५ सम्ममा कम्तीमा तीन लाख २५ हजार मृत्युसहित १२ लाख हताहत भएको अनुमान गरेको थियो। सो ही संस्थाको पछिल्लो तथ्यांकअनुसार जनवरी २०२६ मा थप ३१ हजार ६८० रुसी हताहत भएको अनुमान छ।

■ कति भूभाग अतिक्रमण

मार्च २०२२ मा वासिंटनस्थित थिंक ट्यांक इन्स्टिच्युट फर द स्टडी अफ वारले तयार पारेको भौगोलिक स्थान फुटेजअनुसार रुसको आक्रमणले युक्रेनको २६ प्रतिशत भाग ओगटेको थियो। त्यसमा रुसले जनवरी २०१४ मा कब्जा गरेको क्रिमिया र पूर्वी क्षेत्रका लुहान्स्क र दोनेत्स्कका ठुला भाग समावेश थिए, जहाँ रुस समर्थक पृथक्तावादी सेनाले फेब्रुअरी २०१४ देखि किभका सेनासँग लडेका थिए। अर्को महिना युक्रेनले रुसलाई उत्तरी सहरहरू- किभ, खार्किभ, सुमी र चेर्निहिभबाट पछाडि धकेलेर देशको २० प्रतिशत भाग रुसी कब्जामा छोड्यो।

२०२२ को अगस्ट र सेप्टेम्बरमा युक्रेनका तत्कालीन स्थल सेनाका कमान्डर ओलेक्जान्डर सिर्स्कीले उत्तरी खार्किभ क्षेत्रमा ओस्किल नदीको पूर्वमा रुसलाई धकेल्ने अभियानको योजना बनाएका थिए र रुस आफैंले खेरसनको दक्षिणी क्षेत्रमा रहेको डनिप्रो नदीको पूर्वमा आफ्नो कब्जा फिर्ता लिएको थियो। पछिल्ला तीन वर्षमा युद्ध प्रायः स्थिर भएको छ, रुसले कुनै अर्थपूर्ण क्षेत्रीय लाभ हासिल गर्न संघर्ष गरिरहेको छ। यस समयमा रुसी सेना अगाडि बढेका छन्, जबकि उनीहरूले डिसेम्बर २०२५ सम्ममा कब्जा गरिएको युक्रेनी क्षेत्रलाई १९.३ प्रतिशत पुऱ्याउन आश्चर्यजनक क्षति व्यहोरेका छन्।

■ आर्थिक रूपमा कति मूल्य चुकाए ?

स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (एसआईपिआरआई) का अनुसार रुसको सैन्य खर्च २०२१ मा ६६ अर्ब डलरभन्दा कम रहेकोमा २०२२ मा १०२ अर्ब डलर पुगेको छ, जुन उसको पूर्णस्तरीय आक्रमणको पहिलो वर्ष थियो, र त्यसपछि २०२३ मा १०९ अर्ब डलर पुगेको छ। त्यसपछि २०२४ मा रक्षा खर्च १४९ अर्ब डलर पुगेको एसआइपिआरआईले जनाएको छ। २०२५ मा रुसको रक्षा खर्चका लागि अनुमान फरक-फरक छ। जर्मन इन्स्टिच्युट फर इन्टरनेसनल एन्ड सेक्युरिटी अफेयर्सका अनुसन्धानकर्ता जेनिस क्लुगेका अनुसार यो वर्षको पहिलो नौ महिनाका लागि रकम फेरि बढेर १४२ अर्ब डलर पुगेको छ।

तर, हार्वर्ड विश्वविद्यालयको डेभिस सेन्टर फर रुसी एन्ड युरेसियन स्टडिजका अर्थशास्त्री क्रेग केनेडीका अनुसार गतवर्ष वास्तविक रुसी रक्षा खर्च समग्रमा १५ प्रतिशतले घट्ने पथमा थियो, किनभने नियन्त्रणबाहिरको घाटापछि गत त्रैमासिकको बजेट कटौती र रक्षा औद्योगिक आधारमा बैंक ऋणमा गिरावट आएको थियो। '२०२५ मा युद्धका लागि कोष, हतियार निर्मातालाई राज्य-निर्देशित ऋणसहित यस वर्ष १५ प्रतिशतले संकुचित हुने ट्र्याकमा छ,' उनले गत अक्टोबरमा अलजजिरालाई भनेका थिए।

रोयटर्स समाचार एजेन्सीले देखेका कागजातअनुसार मस्कोले २०२६ मा पनि रक्षा खर्चमा कम्तीमा सात प्रतिशतले कटौती गर्ने बाटोमा छ। एसआइपिआरआईका अनुसार युक्रेनको रक्षा खर्च पनि २०२१ मा ६.९ अर्ब डलरबाट बढेर ४१ अर्ब डलर पुगेको छ (पूर्णस्तरीय आक्रमणको पहिलो वर्षमा) र २०२३ र २०२४ को प्रत्येक वर्षका लागि ६५ अर्ब डलर पुगेको छ। गत अक्टोबरमा यसको २०२५ को रक्षा बजेट बढाएर कीर्तिमानी ७१ अर्ब डलर पुऱ्याइएको थियो।

यो वृद्धि युक्रेनका सहयोगी मुख्यतया युरोपेली संघ र संयुक्त राज्य अमेरिकाद्वारा वित्तपोषित गरिएको छ, जसले २०२२ देखि युक्रेनलाई सैन्य र बजेट सहयोगमा ३०० अर्ब डलरभन्दा बढी योगदान गरेका छन्। जनवरी २०२५ मा डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतिको रूपमा शपथ लिएपछि अमेरिकाले आफ्नो ९९ प्रतिशत सहयोग फिर्ता लियो, जसले गर्दा आर्थिक भार युरोपमा सारियो।

तैपनि, किल इन्स्टिच्युटको युक्रेन सपोर्ट ट्र्याकरका अनुसार अमेरिकी फिर्तापछि युक्रेनलाई दिइने सहयोग स्थिर रह्यो, किनभने युरोपले आफ्नो योगदान लगभग दुईतिहाइले बढाएको थियो। गत वर्ष युरोपले युक्रेनलाई सैन्य र आर्थिक सहायतामा लगभग ७० अर्ब डलर योगदान गरेको थियो, जबकि अमेरिकी योगदान ०.४ अर्ब डलरमा झरेको थियो।

- अलजजिराबाट

इतिहासमा आज

फेब्रुअरी २५



● **सन् १९८६ : फिलिपिन्समा पिपुल पावर रिभोलुसनबाट तानाशाह फर्डिनान्ड मार्कोस अपदस्थ भएपछि कोराजोन एक्विनो राष्ट्रपति बनिन्।**

● **सन् १७९१** : तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज वासिंटनले एक विधेयकमा हस्ताक्षर गर्दै देशको पहिलो बैंक 'बैंक अफ युनाइटेड स्टेट'को जग हाले।

● **सन् १८६३** : देशको मुद्रा स्थिर बनाउन र गृहयुद्ध सञ्चालन गर्न आवश्यक वित्तको जोहो गर्न अमेरिकाको संसद्ले 'अफ द कम्प्ट्रोलर अफ द करेन्सी' निर्माण गऱ्यो।

● **सन् १८७०** : अमेरिकामा पहिलोपटक अश्वेत नागरिक संसद् (कंग्रेस) सदस्य बने। रिपब्लिकन पार्टी उम्मेदवार हिरम आर. रिभल्स मिसिसिपीबाट सिनेटर बनेका थिए।

● **सन् १९१०** : १३औँ दलाई लामा (थुप्तेन ग्यात्सो) छिङ शासकले पठाएको चिनियाँ फौजबाट पत्राउ पर्ने डरले तिब्बत छाडेर तत्कालीन ब्रिटिस भूमि सिक्किस र दार्जिलिङ पुगे। चीनमा गणतन्त्र स्थापनासँगै त्यहाँको फौज कमजोर बनेपछि तीन वर्षपछि बल्ल उनी तिब्बत फर्किएका थिए।

● **सन् १९१३** : अमेरिकाको संविधानको १६औँ संशोधन कार्यान्वयनमा आयो। यसले संघलाई आय कर लागू गर्ने कानुनी आधार प्रदान गरेको छ।

● **सन् १९२१** : रुस गृहयुद्धमा फसेको समयमा स्वतन्त्र घोषणा गरेको जर्जियामाथि अन्ततः बोल्सेभिक फौजले नियन्त्रण कायम गऱ्यो। योसँगै जर्जिया सोभियत संघको हिस्सा बन्यो।

● **सन् १९४८** : चेकोस्लोभाकियाको सरकारमा कम्युनिस्टले पूर्ण नियन्त्रण कायम गरे।

● **सन् १९५६** : सोभियत संघको कम्युनिस्ट पार्टीको २०औँ सम्मेलनमा निकिता ख्रुस्चेभले पूर्वनेता जोसेफ स्टालिनको आलोचना गरेसँगै त्यहाँ नियन्त्रण खुकुलो हुन थाल्यो।

● **सन् १९६४** : मोहम्मद अलीले सोन्नी लिस्टोनविरुद्ध जित हासिल गर्दै पहिलो विश्व हेभिवेट बक्सिङ टाइटल जिते।

● **सन् १९८८** : दक्षिण कोरियामा वर्तमान संविधान यसै दिन लागू भएको थियो। सन् १९८७ जुनमा उठेको प्रजातान्त्रिक आन्दोलनले लामो तानासाही शासन अन्त्य गरेपछि हालको लोकतान्त्रिक संविधान बनाइएको थियो। यस संविधानले अन्य सुधारका अतिरिक्त राष्ट्रपतिको कार्यकाल एकपटक पाँच वर्षका लागि तय गऱ्यो।

किम जोङ उनले गरे बहिनीलाई पदोन्नति

प्योङयाङ / उत्तर कोरियाली नेता किम जोङ उनले बहिनीलाई पदोन्नति गरेका छन्। जारी पार्टी सम्मेलनका क्रममा किमले बहिनी किम यो जोङलाई सत्तारुढ वर्कर्स पार्टीको प्रचार विभागकी निर्देशक बनाएका छन्। यसअघि सोही विभागकी उपनिर्देशक रहेकी जोङ अब पाँच वर्ष देशको सञ्चार क्षेत्रदेखि अन्तरकोरियाली सम्बन्धसम्मको नेतृत्व गर्नेछिन्।




पाँच वर्षमा एकपटक हुने वर्कर्स पार्टीको शिखर सम्मेलनका लागि हजारौँ पार्टी नेता राजधानी प्योङयाङमा जम्मा भएका छन्। भेलाले कूटनीतिदेखि युद्ध योजनासम्म सबै कुरामा राज्यका योजना तय गर्नेछ।

सोमबार मात्रै पार्टी नेताले किम जोङ उनलाई आगामी पाँच वर्षका लागि वर्कर्स पार्टीको महासचिवको रूपमा पुनः निर्वाचित गरेका थिए। योसँगै किमको १५ वर्षको शासन थप लम्बिएको छ। साथै, उनले सत्तामा आफ्नो पकड बलियो बनाएका छन्। उत्तर कोरियाको सरकारी समाचार एजेन्सी 'कोरियाली केन्द्रीय समाचार एजेन्सी (केसिएनए)'ले किमलाई चिनियाँ राष्ट्रपति सी जिनपिङले पार्टी नेता पुनः निर्वाचित भएकोमा बधाई दिन सन्देश पठाएका बताएको थियो।

फ्रान्सका लागि अमेरिकी राजदूतलाई मन्त्री भेट्न बन्देज

पेरिस / फ्रान्सले अमेरिकी राजदूत चार्ल्स कुसनरलाई सरकारका मन्त्रीसँग भेट्न प्रतिबन्ध लगाएको छ। कुसनरलाई एकजना फ्रान्सेली उग्र-दक्षिणपन्थी अभियन्ताको हत्यापछि ट्रम्प प्रशासनले गरेको टिप्पणीबारे व्याख्या गर्न सरकारले बोलाएको थियो। तर, पेरिसस्थित युरोप तथा विदेश मामिला मन्त्रालयमा भएको बैठकमा कुसनर उपस्थित भएनन्। त्यसपछि फ्रान्सेली विदेश मन्त्रालयले उनलाई कुनै मन्त्रीलाई भेट्न नपाउने निर्णय गरेको हो। योसँगै पेरिस र वासिंटनबिचको चिसिँदो कूटनीतिक सम्बन्ध थप बिग्रिएको छ। दुई देशबिच भन्सार शुल्क, युक्रेन युद्ध र रुसमाथिको प्रतिबन्धलगायत धेरै विषयमा असहमति देखिएको छ।



तथापि, अमेरिकी राजदूतले अन्य कूटनीतिक कर्तव्य भने जारी राख्न पाउने फ्रान्सेली मन्त्रालयले खुलाएको छ। पेरिसस्थित अमेरिकी दूतावासले आइतबार वासिंटनमा ट्रम्प प्रशासनले उग्र दक्षिणपन्थी अभियन्ता क्वेन्टिन डेरान्कको मृत्यु सम्बन्धमा गरेको टिप्पणीलाई सामाजिक सञ्जालमा सेयर गरेपछि फ्रान्सको विदेश मन्त्रालयले कुसनरलाई बोलाएको थियो। २३ वर्षीय डेरान्कको हत्याले फ्रान्सलाई स्तब्ध बनाएको छ। उग्र वामपन्थी समूहसँग भएको विवाद बढ्दै गएर कुटपिटमा बदलिएपछि उनी मारिएको स्थानीय मिडियाले बताएका छन्।

समाचार एजेन्सी एएफपीले एक कूटनीतिक स्रोतलाई उद्धृत गर्दै लेखेको समाचारअनुसार फ्रान्सको विदेश मन्त्रालयले बोलाए पनि कुसनरले व्यक्तिगत काम रहेको भन्दै दूतावासका अर्कै कर्मचारीलाई पठाएका थिए। कुसनर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ससुरा पनि हुन्। पेरिसस्थित अमेरिकी दूतावास र अमेरिकी विदेश मन्त्रालयले राजदूतमाथि लगाइएका प्रतिबन्धबारे कुनै टिप्पणी गरेका छैनन्।

भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः
वि.सं. १९८४/०५/२४

स्वर्गारोहण मितिः
वि.सं. २०८२/११/०२

स्व. विश्व बन्धु थापा

हाम्रा सम्धी **विश्व बन्धु थापा** बह्मलीन हुनुभएको आज १२ औं दिनको पुण्यतिथिको अवसरमा दिवंगत आत्माको चिरशान्तिको लागि श्री पशुपतिनाथसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति समवेदना प्रकट गरी श्री पशुपतिनाथसँग धैर्य धारण गर्ने शक्ति प्रदान गर्नुहुन प्रार्थना गर्दछौं।

श्रीमती मैया देवी श्रेष्ठ
तथा परिवार

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार १३ फागुन ०८२

बिमा अपराधमा अब 'बिमा कसुर'कै मुद्दा

ऐन आएको तीन वर्षपछि बिमा कसुरमा कारबाही गर्न जिल्ला अदालतलाई तोकियो अधिकार, यसअघि बिमा अपराधमा चलाइन्थ्यो ठगी मुद्दा

मिलन विश्वकर्मा / नयाँ पत्रिका

बिमा क्षेत्रमा हुने अपराधमा अब 'बिमा कसुर'कै मुद्दा लगाइने भएको छ। यसअघि बिमा क्षेत्रमा हुने अपराधलाई ठगी मुद्दामा कारबाही गरिँदै आएको थियो। मन्त्रिपरिषद्को मंगलबारको बैठकले बिमासम्बन्धी अपराधमा बिमा कसुरकै मुद्दा लगाउने निर्णय गरेको हो।

मन्त्रिपरिषद्ले बिमा कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न जिल्ला अदालतलाई अधिकार दिने निर्णय गरेको हो। 'बिमा ऐन, २०७९ को दफा १४० बमोजिमको कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न जिल्ला अदालतलाई तोक्ने,' मन्त्रिपरिषद्को बैठकको निर्णयमा भनिएको छ। नेपाल बिमा प्राधिकरणले अर्थ मन्त्रालयमार्फत गरेको प्रस्तावमा सरकारले यस्तो निर्णय गरेको हो। यसका लागि सरकारले गत २१ माघमा न्याय परिषद्को सचिवालयबाट परामर्शसमेत लिएको थियो। न्याय परिषद्ले सबै जिल्ला अदालतलाई बिमा कसुरको मुद्दामा कारबाही गर्ने अधिकार दिन परामर्श दिएको थियो। त्यसपछि सरकारले यस्तो निर्णय गरेको हो।

बिमा ऐन, २०७९ को दफा १४० मा बिमा कसुरसम्बन्धी व्यवस्था छ। प्राधिकरणबाट इजाजत नलिई बिमा व्यवसाय गर्ने, इजाजत नलिई अभिकर्ता तथा मध्यस्थकर्ताको काम गर्ने, किर्ते गर्ने, नक्कली दाबी पेस गर्ने, मिलेमतोमा गलत दाबी भुक्तानी दिने, गलत नियतले क्षति मूल्यांकन गर्ने, बिमितलाई नोक्सानी पुऱ्याउने, व्यवसाय सञ्चालनमा आर्थिक दुरुपयोग गर्नेलगायतका प्रयोजनलाई कसुरका रूपमा परिभाषा गरेको छ। यो फौजदारी अर्थात् सरकारवादी मुद्दा हुनेछ। सोही ऐनको दफा १४७ मा यस्तो कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेर तोकेको अदालतले हुने भनिएको छ। तर, सरकारले हालसम्म यस सम्बन्धमा कुनै अदालतलाई अधिकार दिएको थिएन।

बुधबारको मन्त्रिपरिषद्को निर्णयसँगै अब यस्तो मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई हुनेछ। जसरी बैंकिङ क्षेत्रमा हुने अपराधको मुद्दा 'बैंकिङ कसुर'अन्तर्गत अघि बढ्छ। त्यसैगरी, अब बिमा क्षेत्रमा हुने अपराधको मुद्दा भने 'बिमा कसुर'का रूपमा अघि बढ्नेछ। प्रहरीले पनि सोहीअनुसार अनुसन्धान अघि बढाउनेछ। जिल्ला अलदातमा पुगेपछि यस्ता मुद्दा नियमित चक्रअनुसार उच्च अदालत हुँदै सर्वोच्च अदालतसम्म पुग्न सक्नेछन्।

बिगोको तीन गुणा जरिवाना र १० वर्ष कैद

बिमा ऐनमा अनुमति नलिई बिमा व्यवसाय गर्नेलाई बिगोको तेब्बर र पाँचदेखि १० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ। अनुमति नलिई अभिकर्ता बनेमा, कम्पनीले अभिकर्तासँग मिलेर किर्ते गरी दाबी भुक्तानी दिएमा र बिमितले नक्कली दाबी गरेमा बिगोबराबरको जरिवाना वा तीन वर्षसम्म कैद हुने व्यवस्था छ। यस्तै, सर्भेयरले गलत मूल्यांकन गरेमा, अभिकर्ताले बिमाशुल्कमा अपचलन गरेमा, बिमा सेवामा कम्पनीका कर्मचारीले आर्थिक अपचलन गरेमा, मर्जरमा सञ्चालक तथा कर्मचारीले अनियमितता गरेमा बिगो जफत गरी बिगोअनुसार एक वर्षदेखि पाँच वर्षसम्म कैद हुने व्यवस्था छ।

बिमासम्बन्धी विवादका मुद्दा भने प्राधिकरणबाटै

योबाहेक दाबी भुक्तानीलगायतका बिमा सेवासम्बन्धी विवादका मुद्दा भने प्राधिकरणबाटै अघि बढ्नेछ। बिमा सेवासम्बन्धी विवादका मुद्दामा अनुसन्धान गरेर कारबाही गर्न प्राधिकरणलाई जिल्ला अदालतसरहको अधिकार ऐनले दिएको छ। बिमा सेवासम्बन्धी मुद्दा पहिलो चरणमा प्राधिकरणबाटै अघि बढ्नेछ। पछि पुनरावलोकन प्रक्रियामा उच्च अदालत हुँदै सर्वोच्च अदालतसम्म नै पुग्छ। अपराधसँग जोडिएका मुद्दा भने प्रहरीमार्फत अनुसन्धान भएर अदालतको प्रक्रियामा जाने लामिछानेले बताए।

■ ०८२/८३ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा

चालू पुँजी कर्जामा झनै लचिलो केन्द्रीय बैंक

निष्क्रिय कर्जा अनुपात बढ्दै गएको अवस्थामा चालू पुँजी कर्जामा अधिक लचक हुँदा भविष्यमा निम्तिन सक्छ जोखिम

पवन तिमिल्सिना / नयाँ पत्रिका

खराब कर्जाको भारले बैंक तथा वित्तीय संस्था थलिए पनि नेपाल राष्ट्र बैंकले चालू पुँजी कर्जासम्बन्धी व्यवस्थालाई अझै लचिलो बनाएको छ। व्यवसायीले दैनिक कामकाज धान्न छोटो अवधिका लागि बैंकहरूबाट चालू पुँजी कर्जा लिन्छन्। विगतमा यस्तो कर्जाको दुरुपयोग भएको र खराब कर्जाको आकार पनि बढाएको निष्कर्षसहित अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)ले पनि नियमन गर्नुपर्ने विषय औंल्याएको थियो। तर, केन्द्रीय बैंकले व्यवसायीको लबिङअनुसार नै चालू पुँजी कर्जासम्बन्धी नियामकीय व्यवस्था खुकुलो बनाएको छ।

हाल बैंक तथा वित्तीय संस्थाबाट चालू पुँजी कर्जा लिएका ऋणीले त्यसको बक्यौता वर्षको कम्तीमा लगातार सात दिनसम्म १० प्रतिशतभन्दा कम गर्नुपर्ने व्यवस्था छ। तर, अब यस्तो बक्यौता ३० प्रतिशतसम्म कायम राख्न पाइने भएको छ। केन्द्रीय बैंकले मंगलबार चालू आर्थिक वर्ष ०८२/८३ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दै चालू पुँजी कर्जासम्बन्धी व्यवस्था खुकुलो बनाएको हो।

केन्द्रीय बैंकका आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलका अनुसार व्यवसायको प्रकृति र क्षमताअनुसारका नीति अवलम्बन नहुँदा देखापरेका समस्या समाधान गर्न मौद्रिक नीतिको मध्यावधि समीक्षाले नीतिगत लचकता अपनाएको बताए। उनले भने, 'छुट्टाछुट्टै व्यावसायिक प्रकृति भएकाले उनीहरूले लिने चालू पुँजी कर्जासम्बन्धी व्यवस्था पनि फरक हुनुपर्छ। सात दिनसम्मको बक्यौतालाई ३० प्रतिशत कायम राख्दा सबै क्षेत्रलाई समेट्न सकिन्छ भन्ने अपेक्षा हो।'

कुनै पनि उद्यमका लागि आवश्यक कच्चा पदार्थ खरिद गर्न, कर्मचारीलाई तलब दिन, पसल वा कारखानाको भाडा तिर्न, बिजुली, पानी, ढुवानी खर्च गर्न चालू पुँजीका रूपमा ऋण लिन पाउने व्यवस्था छ। उत्पादन बिक्री गरी पैसा हातमा आउन समय लाग्ने भएकाले बिचको पुँजीको खाडल पूर्ति गर्न बैंक तथा वित्तीय संस्थाबाट लिने ऋण नै चालू पुँजी कर्जा हो।

चालू पुँजी कर्जा सामान्यतया एक वर्षभन्दा कम अवधिका लागि प्रदान गरिने भएपनि स्थायी चालू पुँजीका लागि भने कम्तीमा तीन वर्ष र अधिकतम दश वर्षको आवधिक कर्जा प्रदान गरिने व्यवस्था छ। तर, अब यस्तो स्थायी चालू पुँजीका लागि पनि ऋणीको नगद प्रवाह र वित्तीय विवरण विश्लेषणका आधारमा स्थायी चालू पूँजीको अवधि निर्धारण गर्न सकिने भएको छ। यसले उद्योग-व्यवसायलाई चालू पुँजी र दायित्वको खाडल पूर्ति गर्न सघाउ पुग्ने केन्द्रीय बैंकको विश्वास छ। यसरी चालू पुँजी कर्जासम्बन्धी व्यवस्था खुकुलो बनाउँदै लगेमा चालू पुँजी कर्जा मार्गदर्शनको औचित्य नै संकटमा पर्ने जानकारहरू बताउँछन्।

केन्द्रीय बैंकका पूर्वकार्यकारी निर्देशक डा. गुणाकर भट्टले केन्द्रीय बैंकले व्यावसायिक वातावरणलाई प्रोत्साहन गर्ने उद्देश्यले नीतिगत सहजता अपनाए पनि यी खुकुला व्यवस्थाले भविष्यमा निम्त्याउने जोखिमबारे



● **डा. गुणाकर भट्ट**
पूर्वकार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



केन्द्रीय बैंकले ब्याजदर करिडोरअन्तर्गतका सबै नीतिगत दरलाई यथावत् राखेको छ। यो स्वाभाविक पनि हो। तर, नियामकीय व्यवस्थामा खुकुलो नीति लिएकोमा यसले भविष्यमा निम्त्याउन सक्ने जोखिमबारे भने चनाखो हुनुपर्ने देखिन्छ। विगतमा आइएमएफजस्ता अन्तर्राष्ट्रिय संस्थाले दिएका सुझावलाई ख्यालमा राखेर अघि बढ्नुपर्ने हुन्छ।

● **डा. रामशरण खरेल**
कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



व्यवसायको प्रकृति र क्षमताअनुसारका नीति अवलम्बन नहुँदा देखापरेका समस्या समाधान गर्न नीतिगत लचकता अपनाइएको हो। छुट्टाछुट्टै व्यावसायिक प्रकृति भएकाले उनीहरूले लिने चालू पुँजी कर्जासम्बन्धी व्यवस्था पनि फरक हुनुपर्छ। सात दिनसम्मको बक्यौतालाई ३० प्रतिशत कायम राख्दा सबै क्षेत्रलाई समेट्न सकिन्छ भन्ने अपेक्षा हो।



चनाखो हुनुपर्ने बताए। उनले भने, 'केन्द्रीय बैंकले ब्याजदर करिडोरअन्तर्गतका सबै नीतिगत दरलाई यथावत् राखेको छ। यो स्वाभाविक पनि हो। तर, नियामकीय व्यवस्थामा खुकुलो नीति लिएकोमा यसले भविष्यमा निम्त्याउन सक्ने जोखिमबारे भने चनाखो हुनुपर्ने देखिन्छ। विगतमा आइएमएफजस्ता अन्तर्राष्ट्रिय संस्थाले दिएका सुझावलाई ख्यालमा राखेर अघि बढ्नुपर्ने हुन्छ।'

बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा अनुपात ०८२ असारमा औसत ४.६२ प्रतिशत रहेकोमा ०८२ पुसमा औसत ५.४२ प्रतिशत पुगेको छ। यसमध्ये वाणिज्य बैंकको औसत निष्क्रिय कर्जा अनुपात ५.२६ प्रतिशत, विकास बैंकको ५.७५ प्रतिशत र वित्त कम्पनीको ११.८५ प्रतिशत छ। चालू पुँजी कर्जासम्बन्धी व्यवस्था लचिलो बनाउँदा यसले निष्क्रिय कर्जाको जोखिम थप बढाउन सक्ने विज्ञको चेतावनी छ।

मौद्रिक नीतिको समीक्षामार्फत केन्द्रीय बैंकले डिजिटल पूर्वाधार र विदेशी लगानी प्रोत्साहन गर्ने, चेक कारोबार घटाउँदै डिजिटल भुक्तानीलाई प्रवर्द्धन गर्ने, वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयन गर्नेलगायत नीतिसमेत लिएको छ। केन्द्रीय बैंकले डाटा सेन्टर, क्लाउड कम्प्युटिङ, रोबोटिक्स ल्याब र आर्टिफिसियल इन्टेलिजेन्सजस्ता सूचना प्रविधि क्षेत्रका पूर्वाधार निर्माणमा हुने विदेशी लगानी सहजीकरण गर्ने नीति लिएको छ।

कालोसूचीसम्बन्धी व्यवस्था लचिलो

परिस्थितिजन्य कारणले तत्काल ऋण चुक्ता गर्न नसक्ने ऋणीलाई कालोसूचीमा नसमेट्ने व्यवस्था प्रभावकारी बनाइने भनिएको छ। कालोसूचीमा परेका ऋणीले उचित कारण पेस गरी कर्जा चुक्ता गर्न चाहेमा बैंकहरूले ६ महिनासम्म कालोसूचीबाट हटाई बक्यौता असुल गर्न सक्ने विद्यमान प्रावधानलाई कडाइका साथ कार्यान्वयन गरिने उल्लेख छ।

प्राथमिकताका क्षेत्रमा तोकिएको कर्जा सीमा परिवर्तन गरिने

कृषि, ऊर्जा र लघु, घरेलु तथा साना उद्यम-व्यवसायमा कर्जा विस्तार प्रोत्साहन गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको क्षेत्रगत कर्जा सीमाको दायरा विस्तार गरिएको छ। राज्यका प्राथमिकताका दायरा विस्तार भएकाले बैंकिङ क्षेत्रबाट लगानी हुने पुँजीको दायरा पनि बढाइएको कार्यकारी निर्देशक डा. खरेलको भनाइ छ। अब यस क्षेत्रमा पर्यटन, सूचना प्रविधि र स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातमूलक उद्योगसमेत समावेश गरिएको छ। साथै, बैंक तथा वित्तीय संस्थाले त्यस्ता प्रत्येक क्षेत्रमा न्यूनतम कर्जा अनुपात कायम गर्नुपर्ने विद्यमान व्यवस्था परिमार्जन गर्ने भनिएको छ।

डा. खरेलका अनुसार बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्न सक्ने क्षमता र विशेषताका आधार क्षेत्रगत कर्जाको सीमा तोक्ने प्रयास गरिएको छ। कतिपय क्षेत्रगत कर्जा प्रवाहमा बैंक तथा वित्तीय संस्थालाई समस्या परेको बुझिएकाले न्यूनतम कर्जा अनुपात कायम गर्नुपर्ने व्यवस्थामै फेरबदल गर्न खोजिएको उनले बताए।

तर, पूर्वकार्यकारी निर्देशक डा. भट्टका अनुसार प्राथमिकताका क्षेत्रको दायरा बढाउँदै लैजाँदा राज्यको प्राथमिकता भन्ने विषयको मर्म नरहने जोखिम बढाएको छ। त्यस्तै, विगतमा तोकिएको सीमाभित्र रहेर कर्जा प्रवाह गरिसकेका बैंक तथा वित्तीय संस्थाले यी क्षेत्रको पोर्टफोलियो कसरी व्यवस्थापन गर्न सक्छन् भन्ने चुनौती थपिने उनले बताए।

राजमार्ग विस्तारले प्रभावित व्यवसायलाई राहत

व्यवसायमा मात्रै राजमार्ग विस्तारका कारण विस्थापित भएका उद्यमी-व्यवसायीलाई राहत दिन कर्जाको साँवा-ब्याज भुक्तानीमा थप लचकता देखाइएको छ। मौद्रिक नीतिको समीक्षामार्फत महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित उद्यम-व्यवसायलाई प्रवाहित कर्जामा न्यूनतम १० प्रतिशत ब्याज असुल गरी ०८३ असार मसान्तसम्म पुनर्संरचना तथा पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था मिलाइएको छ।

ननडेलिभरेबल फरवार्ड कारोबार गर्न पाउने सीमा ३० प्रतिशत

बैंक तथा वित्तीय संस्थाले गर्ने ननडेलिभरेबल फरवार्ड कारोबारमा कायम प्राथमिक पुँजीको २५ प्रतिशतको सीमा बढाएर ३० प्रतिशत कायम गरिएको छ। भविष्यमा हुन सक्ने विदेशी मुद्राको उतारचढावबाट जोगिन बैंक तथा वित्तीय संस्थासँग व्यवसायीले यस्तो सम्झौता गर्न सक्छन्। उदाहरणका लागि, कुनै व्यापारीले विदेशबाट सामान आयात गरेबापत एक महिनापछि विदेशी मुद्रामा भुक्तानी गर्नुपर्नेछ भने यस्तो अवस्थामा उक्त व्यवसायीले एक महिनाअघि नै बैंकसँग सम्झौता गर्न सक्छ। यस्तो सम्झौता सामान निर्यातको हकमा पनि गर्न सकिन्छ। विदेशी मुद्रा सञ्चिति पर्याप्त रहेकाले पनि केन्द्रीय बैंकले यो कारोबारमा लचकता देखाएको हो।

Nepal Electricity Authority

Invitation for Electronic Bids

(Date of publication 25th February, 2026 (13/11/2082)

Name of Office	Tender No./ Types of Bidding	Description of Works/Jobs
Environment and Social Studies Department, Lazimpat, Kathmandu.	NEA-ESSD/VEH-SQ-01/2082/83 (Re)	Hiring of vehicle
Attariya Grid Division (Tel No : 091-550670)	AGD/2082/083-09 (Lilam)	बेकम्मा भइ काम लाग्न नसक्ने, टट्टरफट्टर भएका भनि भौतिक निरीक्षणबाट किटान भएका फलामजन्य खाली तार र तेलका ड्रमहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा लिलामी
Lumbini Provincial Office, Butwal (Tel No : 071-438536)	NEA-LPO-2082/83-07(SQ) RE	Supply and Delivery of Stationery, Printing and Miscelleneous Items
Kulekhani II Hydropower Station (Tel No : 057-419472)	KLII-2082/083-CSQ-01-RE	Boundary Wall Construction Works at Kulekhani Second Hydropower Station
Chameliya Hydropower Station, Balanch, Darchula (Contact No. 9858787310)	NEA-CHPS-2082/083-MST-03	Supply and Delivery of Spare Parts for Automatic Self Cleaning Filtration System at Chameliya Hydropower Station.
	NEA-CHPS-2082/083-CT-02	Protection and Maintenance of Guide wall Backfilling area and River bed Apron at Dam site of Chameliya Hydropower Station.
Sundarijal Hydropower Station (Contact No:9851409961)	NEA-SJHPS-2082/83-ESQ-01	Supply, Delivery, Installation, Testing of Various Surveillances System and other office Equipments at Sundarijal Hydropower Station
	NEA-SJHPS-2082/83-CWSQ-02	Cleaning of Reservoir Deposits at intake pond of Sundarijal HPS.
Pulchowk Distribution Centre (Tel No : 5523016)	NEA/PDC/082/083-03RE	Supply and delivery of Line Materials
Ilam Distribution Centre (Tel No :027-520054)	NEA-ILAMDC-2082/083-03SQ(RE)	Construction of LT Line and Wooden Pole Replacement on LT line
Dhading Distribution Centre (Tel No. : 010-520952)	RE-NEA/DDC/2082/083/SQ01	Supply and delivery of line material items
Rolpa Distribution Centre (Tel No : 081-533419)	RDCS/2082/083-SQ-02(Civil)-RE	Guard House Construction at NEA, Rolpa, Holeri No-Light And Substation Office, Holeri
	RDCS/2082/083-SQ(03)	Pole Shifting, Dismantling & Re-construction Of 33 KV HT Line Of Madanbhandari Road Project (Madichour-Ghartigau Section)
Gauradaha Distribution Centre (Contact No : 9852685500)	NEA/GDC/2082/083/01NCB	Construction of Godown Block at Gauradaha DC.

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details

गहुँमा आत्मनिर्भर बन्दै बर्दिया

सिँचाइको सहज पहुँच र आधुनिकीकरणसँगै किसानको आकर्षण गहुँ खेतीतर्फ

बर्दियामा **प्रकाश पौडेल**

बर्दिया जिल्ला पछिल्लो समयमा गहुँमा आत्मनिर्भर बन्दै गएको छ। कृषिमा आधुनिकीकरण र सिँचाइको सहज उपलब्धता भएसँगै बर्दिया गहुँमा आत्मनिर्भर बन्दै गएको हो। जिल्लामा प्रतिहेक्टर ३.१७ मेट्रिकटन गहुँ उत्पादन हुने गरेको एकीकृत पशुपक्षी विकास कार्यालयले जनाएको छ। गत आर्थिक वर्ष ०८१/८२ मा २३ हजार दुई सय ३५ हेक्टर जमिनमा गहुँ खेती भएको छ। त्यसअघि आर्थिक वर्ष ०८०/८१ मा २३ हजार तीन सय ३५ हेक्टर तथा आर्थिक वर्ष ०७९/८० मा २२ हजार नौ सय हेक्टरमा गहुँ खेती भएको तथ्यांक छ।

तीन आर्थिक वर्षमा गहुँ खेतीको अवस्था

आव	खेती (हेक्टरमा)
०७९/८०	२२ हजार ९ सय
०८०/८१	२३ हजार ३३५
०८१/८२	२३ हजार २३५

विगतको तुलनामा सिँचाइको सहज पहुँच र आधुनिकीकरणसँगै किसानहरू गहुँ खेतीतर्फ आकर्षित भएका हुन्। राजापुर नगरपालिका- ८, भिम्मापुरका पहाडी थारूले गहुँलाई कम सिँचाइ भए हुने भएकाले पनि गहुँ खेती गरेको बताए। उनले भने, 'मैले २२ बिघामा गहुँ खेती गरेको छु। गत वर्षभन्दा अहिले गहुँ राम्रो छ।' यसैगरी, गेरुवा गाउँपालिका- ३, वनकटीका रणबहादुर कडायतले पनि तीन बिघामा गहुँ खेती गरेको बताए। गेरुवा गाउँपालिका- ५, सुखारका प्रभुराम चौधरीले पनि दुई बिघामा उन्नत जातको गहुँ लगाएका छन्। रासायनिक मल नपाउँदा र पालिकामा हुने विकासे कामले सिँचाइमा समस्या हुने भएकाले गहुँ खेती रोजेको उनको भनाइ छ।

फेरि बढ्न थाल्यो सुनको भाउ

काठमाडौं / नेपाली बजारमा सुनको मूल्य फेरि उकालो लाग्न थालेको छ। ६ फागुनयता सुनको भाउ निरन्तर बढ्न थालेको हो। मंगलबार नेपाली बजारमा सुनको मूल्य प्रतितोला तीन लाख १४ हजार आठ सय रुपैयाँ कायम भयो।

६ फागुनमा सुनको मूल्य प्रतितोला तीन लाख चार सय रुपैयाँ तोकिएको थियो। त्यसयता एक सातामै तोलामा १४ हजार चार सय रुपैयाँले भाउ बढेको हो। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार मंगलबार सुनको मूल्य तोलामा एक हजार तीन सय रुपैयाँले बढेर तीन लाख १४ हजार आठ सयमा कारोबार भएको हो।

चार वर्षअघि बाढीले ढालेको पक्की पुलमाथि प्रदेश सरकारको झोलुंगे पुल

उदयपुरमा **विदुर कटुवाल**

चार वर्षअघि बाढीले ढालेपछि अलपत्र बनेको संघीय सरकारको पक्की पुलमाथि प्रदेश सरकारले झोलुंगे पुल निर्माण गरेको छ। निर्माण सम्पन्न हुनै लाग्दा बाढीका कारण ढलेको उदयपुरको चौदण्डीगढी नगरपालिका- ५, शिवाई र बेल्हा जोड्ने त्रियुगा नदीमाथि झोलुंगे पुल निर्माण भएको हो।

संघीय सरकारको बजेटमा निर्माण सुरु भएको उक्त पुल ढलेपछि बेवारिसे अवस्थामा पुगेको छ। क्षतिग्रस्त मोटरेबल पक्की पुलको प्रयोगविहीन भागमाथि कोशी प्रदेश सरकारले झोलुंगे पुल निर्माण गरेपछि स्थानीय बासिन्दाले आवतजावतमा राहत पनि पाएका छन्। 'पुलमाथि पुल'जस्तो अनौठो देखिने यो संरचना तत्कालका लागि व्यावहारिक समाधान बनेको स्थानीयको भनाइ छ।

०६७ सालमा महालक्ष्मी-लोकप्रिय जेभी, कलंकीले करिब नौ करोड ७६ लाख रुपैयाँ लागत अनुमानसहित तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखेर त्रियुगा नदीमाथि पुल निर्माण सुरु गरेका थिए। निर्माणकार्य ढिलाइ हुँदा लागत बढेर करिब ११ करोड २७ लाख रुपैयाँ पुगेको थियो। लामो समयको प्रतीक्षापछि ०७८ सालमा पुल निर्माण सम्पन्न भए पनि सोही वर्ष आएको बाढीले दुईवटा पिलर र तीनवटा स्ल्याबमा क्षति पुऱ्याएको थियो। जसका कारण करिब ८० मिटर भाग पूर्ण रूपमा प्रयोगविहीन बनेको छ।



पुल क्षतिग्रस्त भएपछि चौदण्डीगढी नगरपालिका- ५, ९ र १० का करिब २० हजार स्थानीय प्रत्यक्ष प्रभावित बनेका थिए। शिवाई, सुन्दरपुर र हडिया क्षेत्रका बासिन्दाले बेल्टार बजार तथा पालिका केन्द्रसम्म पुग्न जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता थियो। वर्षायाममा नदी वारपार गर्न डुंगाको प्रयोग गर्नुपर्थ्यो भने वैकल्पिक रूपमा मधेश प्रदेशको सप्तरी, फत्तेपुर हुँदै लामो घुमाउरो बाटो प्रयोग गर्नुपर्ने अवस्था थियो।

स्थायी मर्मत तथा पुनर्निर्माणको काम अघि नबढेपछि कोशी प्रदेश सरकारले तत्काल राहतस्वरूप ६० लाख रुपैयाँ विनियोजन गरी झोलुंगे पुल निर्माण गरेको हो। उक्त झोलुंगे पुलबाट हाल मोटरसाइकल र पैदलयात्रीलाई सुरक्षित आवतजावत गर्न मिल्ने व्यवस्था भएको स्थानीय देवनारायण चौधरीले बताए। उनले भने, 'बर्खामा वारिपारि आवतजावत बन्द हुने अवस्था थियो। अब त्यो समस्या टरेको छ।'

प्रदेश सरकारले संघीय सरकारको स्वामित्वमा रहेको संरचनामा प्रत्यक्ष बजेट लगानी गर्न कानुनी जटिलता रहेका कारण वैकल्पिक उपाय अपनाएर पुल बनाइएको कोशी प्रदेशको भनाइ छ। स्थानीय सरकार, प्रदेशका जनप्रतिनिधि र स्थानीय नागरिकको मागबमोजिम यो कार्य अघि बढाइएको थियो।

चौदण्डीगढी नगरपालिकाकी उपमेयर मणिकादेवी दुलालले ढलेको पक्की पुल बनाउन संघीय सरकारलाई ताकेता गरेको भए पनि हालको समस्या समाधानका लागि प्रदेश सरकारको सहयोगमा झोलुंगे पुल बनाइएको बताइन्। 'तर, पक्की पुल नबनाईकन समस्या समाधान हुँदैन,' उनले भनिन्।

एनआइसी एसियाका ग्राहकलाई अपोलो हस्पिटलमा १० प्रतिशतसम्म छुट

काठमाडौं/ एनआइसी एसिया बैंकका ग्राहकले इन्द्रप्रस्थ मेडिकल कर्पोरेसन लिमिटेड (अपोलो हस्पिटल), नयाँदिल्लीमा उपचार गराउँदा १० प्रतिशतसम्मको छुट पाउने भएका छन्। छुट सम्झौताबारे बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत राजेश रावल र इन्द्रप्रस्थ मेडिकलका प्रबन्धक विपिन शर्माले हस्ताक्षर गरेका छन्।



बैंकका अनुसार उक्त हस्पिटलमा इन-प्यासेन्ट रुम चार्ज, प्रिभेन्टिभ हेल्थ चेक प्याकेज तथा एटेन्डिज हेल्थ चेकअप सेवामा १० प्रतिशतका साथै आउट प्यासेन्ट इन्भेस्टिगेसनमा पाँच प्रतिशत छुट हुनेछ। त्यस्तै, कम्प्लिमेन्ट्री रजिस्ट्रेसन शुल्क र एक्सेस टु इन्टरनेसनल प्यासेन्ट लाउन्जजस्ता सुविधासमेत उपलब्ध हुने बताइएको छ।

यसैगरी, काठमाडौंस्थित अपोलो इन्फर्मेसन सेन्टरमार्फत अपोइन्टमेन्ट लिने बैंकका ग्राहकलाई नयाँदिल्लीको एयरपोर्टबाट होटेल-हस्पिटलसम्म यातायातको थप सुविधासमेत उपलब्ध हुने बैंकले जनाएको छ।

उक्त सुविधा उपयोग गर्न ग्राहकले यस बैंकको डेबिट कार्ड वा क्रेडिट कार्डमार्फत भुक्तानी गर्नुपर्नेछ।

उक्त हस्पिटलसँगको यस सहकार्यले यस बैंकका ग्राहक महानुभावलाई स्वास्थ्य उपचारमा सहुलियत हुने बैंकले विश्वास लिएको छ।

मेटलाइफ नेपालका ग्राहकलाई वात्सल्य आइभिएफमा १५ प्रतिशतसम्म छुट

काठमाडौं/ मेटलाइफ नेपालका ग्राहकले वात्सल्य नेचुरल आइभिएफमा छुट पाउने भएका छन्। छुट दिनेबारे दुवै संस्थाले आपसी समझदारी गरेका छन्। समझदारीपश्चात् वान बाई मेटलाइफ एपमा उपलब्ध डिजिटल लाइफ कार्डमार्फत कम्पनीका बिमित ग्राहक तथा उनीहरूका परिवारका सदस्यले वात्सल्यमा १५ प्रतिशतसम्म छुट पाउनेछन्।



वान बाई मेटलाइफमा रजिस्टर गरेपछि डिजिटल कार्डधारकले वात्सल्यका आइभिए क्लिनिकमा कार्ड देखाई विशेष छुट प्राप्त गर्न सक्नेछन्। यसअन्तर्गत प्रमुख डायग्नोस्टिक परीक्षणमा १५ प्रतिशत, पूर्ण आइभिएफ प्याकेजमा २० हजारसम्मको स्थिर छुट तथा अन्य फर्टिलिटी स्वास्थ्य जाँच र परामर्श सेवामा एक प्रतिशतसम्म छुट समावेश प्राप्त गर्न सकिने बताइएको छ।

यस सहकार्यमार्फत मेटलाइफ नेपाल र वात्सल्य नेचुरलले परिवारको जीवनका महत्त्वपूर्ण तथाँ चुनौतीपूर्ण क्षणमा साथ दिने प्रतिबद्धता दोहोऱ्याएका छन्।

सामसङ स्मार्ट फोन प्रि-बुकिङ गर्दा २१ हजारसम्म बचत

काठमाडौं/ सामसङले लन्च गर्न लागेको ग्यालेक्सी स्मार्ट फोनका लागि विशेष 'ह्यान्ड रेजर' (प्रि-बुकिङ) अफर घोषणा गरेको छ। अफरअन्तर्गत ग्राहकले अग्रिम बुकिङमा अधिकतम २० हजार नौ सय ९९ रुपैयाँसम्मको विशेष लाभ प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। ग्राहक तथा ब्रान्डप्रति रुचि राख्ने प्रयोगकर्तालाई लक्षित गरी यो अफर ल्याइएको हो। सीमित अवधिको यस अफरमा पुरानो स्मार्ट फोन साटेर नयाँ उपकरण प्रि-रिजर्भ गर्न सकिने कम्पनीले जनाएको छ।



प्रि-बुकिङ गर्ने ग्राहकले १ टेराबाइटसम्मको मेमोरी अपग्रेड सुविधा (१५ हजार रुपैयाँबराबर) तथा ६० वाट क्षमताको फास्ट चार्जर (पाँच हजार ९९९ रुपैयाँबराबर) प्राप्त गर्नेछन्। यो एक्सचेन्च सुविधा ग्यालेक्सी एस २३, एस २४ तथा एस २५ सिरिज उपकरणका साथै आई-डिभाइस १४, १५ र १६ मोडेलका प्रिमियम स्मार्ट फोनहरूमा उपलब्ध हुने बताइएको छ।

'ह्यान्ड रेजर' अफर फेब्रुअरी २३ देखि २६, २०२६ सम्म मात्र लागू हुनेछ। यस अवधिमा ग्राहकले दर्ता गरी आफ्नो उपकरण साटेर एआई सञ्चालित स्मार्ट फोन विशेष मूल्यमा प्रि-बुकिङ गर्न सक्नेछन्। ग्राहकले सामसङको अभियान वेबसाइटमा गएर 'ह्यान्ड रेजर' अफर छनोट गरी आफ्नो विवरण भरेर तथा साटासाट दर्ता प्रक्रिया पूरा गर्नुपर्नेछ।

२१.६२ अंकले बढ्यो नेप्से सवा चार अर्बको कारोबार

काठमाडौं/ नेप्से परिसूचक मंगलबार दोहोरो अंकले सुधार भयो। उक्त दिन नेप्से २१.६२ अंकले बढेर दुई हजार ६३८.६० विन्दुमा कायम भयो। तर, नेप्से बढे पनि कारोबार रकममा गिरावट जारी छ। मंगलबार पनि तीन सय २८ कम्पनीका ९३ लाख ६४ हजार कित्ता सेयर चार अर्ब २३ करोड २४ लाख रुपैयाँबराबरमा खरिद-बिक्री भयो। सोमबार पाँच अर्ब थियो।

उक्त दिन नेप्से परिसूचकसँगै १३ वटै समूहको सूचकमा हरियाली छायो। होटेल तथा पर्यटन समूह सबैभन्दा धेरै २.०७ प्रतिशतले बढ्न पुग्यो। विकास बैंक, उत्पादन तथा प्रशोधन, जलविद्युत् र व्यापार समूह एक प्रतिशतभन्दा धेरैले वृद्धि भए। दुई सय १३ कम्पनीको सेयर मूल्य उकालो लाग्दा सालपा विकास बैंकको मूल्यमा सकारात्मक सर्किट लाग्यो। रिलायन्स स्पिनिङ मिल्स र हिमालयन पावर नौ तथा सागर डिस्टिलरी र बन्दीपुर केबलकार आठ प्रतिशतभन्दा धेरैले बढे। सबैभन्दा धेरै घटेको नेपाल एसबिआई बैंकको सेयर मूल्यमा ३.५८ प्रतिशतको गिरावट देखियो।

लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/११/१३

यस सा व उ स वाट संकलित खयर काठ ६७९.८९ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

सिसरामण्डली सा. वन उपभोक्ता समूह, ऋषिङ ४, तनहूँ।

नेपालगन्ज र भैरहवामा साओमीका सर्भिस सेन्टर



काठमाडौं/ प्रविधि कम्पनी साओमीले नेपालगन्ज र भैरहवामा आफ्ना आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्याएको छ। कम्पनीले नेपालगन्जको सेतु विके चोकमा र दाङको घोराहीस्थित तुलसीपुर चोकमा सर्भिस सेन्टर उद्घाटन गर्दै नेपालमा आफ्नो सेवा विस्तार गरेको छ। यो सुविधाकेन्द्र साओमी प्रयोगकर्तालाई थप सेवा-सुविधा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको कम्पनीले जनाएको छ।

दुवै सर्भिस सेन्टरमा एक महिनासम्म स्थानीय ग्राहकले विशेष सुविधा प्राप्त गर्न सक्नेछन्। यस अवधिमा ग्राहकले सबै उपकरणको निःशुल्क सर्भिसिङ र सफ्टवेयर अपग्रेड, वारेन्टीबाहिर रहेका स्पेयर पार्ट्स र मर्मत सेवामा २५ प्रतिशतसम्म छुट पाउनेछन्। साथै, वारेन्टीबाहिरका स्पेयर पार्ट्समा कुनै सर्भिस शुल्क नलाग्ने पनि बताइएको छ।

नयाँ सर्भिस सेन्टरमार्फत साओमीका स्मार्टफोन, वेयरेबल्सअन्तर्गत स्मार्टवाच र फिटनेस ब्यान्डका साथै हियरेबल्सअन्तर्गत इयरफोन-हेडफोन तथा आइओटी उपकरणको मर्मत, सेवा तथा प्राविधिक सहयोग उपलब्ध गराइने कम्पनीले जनाएको छ। सर्भिस सेन्टरले साओमीका वास्तविक (जेन्युइन) स्पेयर पार्टस् उपलब्ध गराउनुका साथै ग्राहकलाई गुणस्तरीय र भरपर्दो सेवा सुनिश्चित गर्ने बताइएको छ।

यी दुवै सर्भिस सेन्टरमा दक्ष प्राविधिक रहनेछन्, जसले सामान्य मर्मतदेखि जटिल प्राविधिक समस्यासम्मका सेवा आधिकारिक मापदण्डअनुसार उपलब्ध गराउनेछन्। साओमी प्रयोकर्ताले तत्काल सर्भिस र सल्लाहका लागि यी स्थानमा सम्पर्क गर्न सकिने कम्पनीले जनाएको छ।

यो सर्भिस सेन्टरको सञ्चालन टेलिडाइरेक्ट प्रालिले गर्नेछ। टेलिडाइरेक्ट रमेश कर्पअन्तर्गतको कम्पनी हो। यसले नेपालभर साओमी ब्रान्डका लागि आधिकारिक सर्भिस र ग्राहकलाई सेवा प्रदान गर्दै आएको छ।

साम्बाको उपचार गर्न युनाइटेड सिमेन्टले पाँच लाख सहयोग गर्ने

काठमाडौं/ केएल दुगड समूहअन्तर्गत युनाइटेड सिमेन्ट्स लिमिटेडले नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी (साम्बा) को उपचारका लागि पाँच लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ। उनको घुँडामा गम्भीर चोट लागेपछि उपचार गर्न आर्थिक सहयोगका लागि अपिल गरेकी थिइन्।

लामो समयदेखि राष्ट्रिय टोलीको अग्रपंक्तिमा रहेर देशलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउँदै आएकी कप्तान भण्डारी हाल चोटका कारण मैदानबाहिर छिन्। पछिल्लो सात हप्तादेखि उनी पुनर्स्थापनाको प्रक्रियामा छन्। कम्पनीले भनेको छ, 'कप्तान सावित्रा भण्डारी हाम्रो देशको गौरव हुन्। उनले नेपाली फुटबललाई अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन महत्त्वपूर्ण योगदान दिएकी छिन्। उनको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै आवश्यक उपचारपछि छिट्टै मैदानमा फर्किनेछन् भन्ने हाम्रो विश्वास छ।'

युनाइटेड सिमेन्टले खेलाडी देशको पहिचान र गौरवका वाहक भएकाले उनीहरूको कठिन समयमा साथ दिनु सामाजिक दायित्व पनि भएको उल्लेख गरेको छ। खेल क्षेत्रको विकास र खेलाडीको मनोबल उच्च राख्न निजी क्षेत्रको सहभागिता अपरिहार्य रहेको कम्पनीको धारणा रहेको छ।

सडक डिभिजन पोखरा, कास्की

प्राविधिक प्रस्ताव स्वीकृति तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/११/१३

यस कार्यालयबाट तपसिलको निर्माण कार्यको लागि मिति २०८२/११/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित आर्थिक प्रस्ताव खोल्ने आशयको सूचनामा सफल बोलपत्रदाताहरुको नामावलीमा अन्यथा भएको हुँदा सो भूलसुधारका लागि तपसिल बमोजिमका सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुको आर्थिक प्रस्तावहरु तपसिलको स्थान, मिति र समयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

सूचना नं, मिति, पत्रिका र ठेक्का नं.	निर्माण कार्यको विवरण	सफल बोलपत्रदाताहरु
Tender Notice No: 14-082/83 Published date. 2082/09/18 (Karobar National Daily) Contract No: RDPKR/337011694/082/ 83-43(Re)	Upgrading of Gharmikhola Armalakot Road Pokhara-16	• M/S Om Laxmi-N/Dewatri-S/Dhurbatara-C JV, Gothatar, Kathmandu • M/S Global Construction, Pokhara • M/S Anish and Aashish/Sherpa JV, Pokhara • M/S Arc D/Bhairab JV, Pokhara • M/S Amritman-Sarangkot-Shanti JV, Pokhara • M/S BRT-Laxmi-Shiva JV, Dang • M/S Mahesh/ Construction JV, Bharatpur
आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थानः २०८२/११/२५ गते दिनको १.०० बजे सडक डिभिजन पोखरा		

डिभिजन प्रमुख

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

ऋण/कर्जा चुक्ता भुक्तानी गर्ने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/१३

तपसिलमा उल्लेखित ऋणी/ऋणी कम्पनीले यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट विविध कर्जा शीर्षक अन्तर्गत कर्जा उपभोग गर्दै आउनु भएको ऋण कर्जाको साँवा, ब्याज लगायत अन्य दैदस्तूर, कर्जा लिदाको बखत बैंकसँग गरेको शर्त कबुलियत तथा ऋण स्वीकृत पत्रमा उल्लेख भएको व्यवस्था बमोजिम बैंकलाई समय समयमा तिर्न बुझाउनु पर्ने बक्यौता रकम नतिरी/नबुझाएकोले ऋण/कर्जाको साँवा, ब्याज लगायत सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी बैंकलाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा लिदाका बखत बैंकसँग गरेको शर्त बन्देजहरु उल्लङ्घन गरेकाले ऋण/कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफुले कर्जा लिएको यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना ब्याज लगातयअन्य दैदस्तूर चुक्ता भुक्तानी गर्नुहुन ऋणीलाई अनुरोध छ। साथै, ऋणी/ऋणी कम्पनीका जिम्मेवार पदाधिकारीहरु तथा तपसिलमा उल्लेखित शिर्षकका कर्जाहरुको लागि व्यक्तिगत जमानत दिनेहरु तपसिलका उल्लेखित व्यक्तिहरुलाई समेत ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धमा यो सूचना प्रकाशित गरिएको जानकारी गराउँछौं। उपरोक्त समयावधि भित्र पनि तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तानी हुन नसकेको खण्डमा बैंकले आफ्नो लेना असुल उपर गर्नको लागि ऋणी/ऋणी कम्पनीको नामको कर्जाका लागि बैंकको नाममा लेखिदिनु भएको तपसिलमा उल्लेखित चल/अचल धितो सम्पत्तिहरु लिलाम बिक्री गर्नुका साथै थप कानुनी कारवाही गरिने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

साथै, उल्लेखित म्यादभित्र ऋण/कर्जा चुक्ता भुक्तानी नगर्ने तपसिल बमोजिमका ऋणी/ऋणी कम्पनीका संस्थापक/संचालकहरु, तोकिए बमोजिम शेयर लिने शेयरधनीहरु र ऋणसँग सम्बन्धित सबै पक्षहरुलाई नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको कर्जा सूचना तथा कालोसूची सम्बन्धी निर्देशन बमोजिम कालोसूचीमा समेत राखी आवश्यक कानुनी कारवाही अगाडि बढाईने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

शाखा कार्यालय : बर्दिबास, महोत्तरी

१. कर्जा शिर्षक : क्यास क्रेडिट कर्जा

ऋणी

नाम : विद्यार्थी स्टेशनरी सप्लायर्स
दर्ता नं. ५७८६/२१६/०७६/०७७, दर्ता मिति : २०७६/०५/२७
रजिष्टर्ड ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५, **प्रोप्राईटर : रोशन कुमारी सिंह**

जमानतकर्ताहरू

१. नाम : रोशन कुमारी सिंह	२. नाम : राम बाबु सिंह (कोईरी)
ना.प्र.नं. ८००९३५२०, जि.प्र.का. महोत्तरी	ना.प्र.नं. ८००६२८७७, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६०/०९/२३	जारी मिति : २०५२/०६/२७ मा जारी भई मिति २०७९/०८/०६ मा प्रथम प्रतिलिपि जारी
पतिको नाम : राम बाबु सिंह	बाबुको नाम : रामपुत महतो कोइरी
ससुराको नाम : रामपुत महतो कोइरी	बाजेको नाम : जगु महतो
स्थायी ठेगाना : महोत्तरी जिल्ला, सहसौला गा.वि.स. वडा नं. ६	स्थायी ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ८
हालको ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५	हालको ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : महोत्तरी

न.पा./गा.वि.स./गा.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (विगाहा)	कैफियत
सावित	हाल	सावित	हाल				
रामगोपालपुर	रामगोपालपुर	५	५	रोशन कुमारी सिंह	७०३	०-१-०-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
		३	५		४१४	०-०-२-०	

१. माथि उल्लेखित धितो सम्पत्ति ऋणी विद्यार्थी स्टेशनरी सप्लायर्सको नाममा रहेको क्यास क्रेडिट कर्जा वापत मालपोत कार्यालय महोत्तरीमा रोक्का भई ऋणीहरु रोशन कुमारी सिंह र राम बाबु सिंह (कोईरी) ले लिएको अधिविकर्ष कर्जाको लागि समेत धितो बन्धक कायम रहेको।
२. विद्यार्थी स्टेशनरी सप्लायर्सको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

२. कर्जा शिर्षक : अधिविकर्ष कर्जा

ऋणीहरु : शिव बहादुर खडका/रमेश खडका/अस्मीता सुवेदी

जमानतकर्ताहरु

१. नाम : शिव बहादुर खडका	२. नाम : रमेश खडका
ना.प्र.नं. ३३९/४४९, जि.का. दोलखा	ना.प्र.नं. १८३०७४/३९२ जि.प्र.का. महोत्तरी
जारी मिति : २०४४/११/३०	जारी मिति : २०६३/११/३
बाबुको नाम : मान बहादुर खडका	बाबुको नाम : शिव बहादुर खडका
बाजेको नाम : खडग बहादुर खडका	बाजेको नाम : मान बहादुर खडका
स्थायी ठेगाना : दोलखा जिल्ला, च्यामा गा.प. वडा नं. ६	स्थायी ठेगाना : महोत्तरी जिल्ला, वर्दिबास न.पा. वडा नं. १
हालको ठेगाना : महोत्तरी जिल्ला, वर्दिबास न.पा. वडा नं. ३	हालको ठेगाना : महोत्तरी जिल्ला, वर्दिबास न.पा. वडा नं. ३

३. नाम : अस्मीता सुवेदी
ना.प्र.नं. १९/२०८६/९२१ जि.प्र.का. सर्लाही, जारी मिति : २०७०/०३/०६
पतिको नाम : रमेश खडका, ससुराको नाम : शिव बहादुर खडका
स्थायी ठेगाना : सर्लाही जिल्ला, कर्मैया गा.वि.स. वडा नं. ७, हालको ठेगाना : महोत्तरी जिल्ला, वर्दिबास न.पा. वडा नं. ३

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : महोत्तरी

न.पा./गा.वि.स./गा.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (विगाहा)	कैफियत
सावित	हाल	सावित	हाल				
२५ नं. बहादुरगंज	बर्दिबास	९	३	शिव बहादुर खडका	१०३	०-१-०-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
					२८६	०-१-०-०	

शाखा कार्यालय : पोखरा, कास्की

कर्जा शिर्षक : कोष तथा गैरकोषमा आधारित विविध कर्जाहरु

ऋणी

नाम : अटो कनेक्सन प्रा.लि. (साविकको अटो कनेक्सन)
दर्ता नं. २८८१०८/०७८/०७९, दर्ता मिति : २०७८/१२/१७
रजिष्टर्ड ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९, **संचालक/संस्थापक शेयरधनी : रेजी बतास**

जमानतकर्ताहरू

१. नाम : रेजी बतास	२. नाम : विपेन्द्रराज बतास
ना.प्र.नं. ४६१६१६२ (दोलखा), जि.प्र.का. कास्की	ना.प्र.नं. ४६५९४८/तनहुँ, जि.प्र.का. कास्की
जारी मिति : २०५६/०७/१० मा जारी भई मिति २०६८/१०/२३ मा प्रथम प्रतिलिपि जारी	जारी मिति : २०४८/०६/०७ मा जारी भई मिति २०६८/१०/१९ मा प्रथम प्रतिलिपि जारी
पतिको नाम : विपेन्द्र राज बतास	बाबुको नाम : राम प्रसाद बतास
ससुराको नाम : राम प्रसाद बतास	बाजेको नाम : जय लाल बतास
स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा./गा.वि.स. वडा नं. ८	स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा./गा.वि.स. वडा नं. ८
हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९	हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९
३. नाम : आनन्द राज बतास	**४. नाम : उषा बतास**
ना.प्र.नं. ४६५८७/तनहुँ, जि.प्र.का. कास्की	ना.प्र.नं. ४६९९०१५१३२ (झापा), जि.प्र.का. कास्की
जारी मिति : २०४१/०६/१४ मा जारी भई मिति २०६८/१०/१९ मा प्रथम प्रतिलिपि जारी	जारी मिति : २०४३/१०/०७ मा जारी भई मिति २०६८/१०/२३ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : राम प्रसाद बतास	पतिको नाम : आनन्द राज बतास
बाजेको नाम : जय लाल बतास	ससुराको नाम : राम प्रसाद बतास
स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा./गा.वि.स. वडा नं. ८	स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा./गा.वि.स. वडा नं. ८
हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९	हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९

५. नाम : शान्त राज बतास
ना.प्र.नं. ४६४५६२/तनहुँ, जि.प्र.का. कास्की, जारी मिति : २०४३/०३/२५ मा जारी भई मिति २०६८/१०/१९ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : राम प्रसाद बतास, बाजेको नाम : जय लाल बतास
स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा./गा.वि.स. वडा नं. ८
हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९

अटो कनेक्सन प्रा.लि. को मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

शाखा कार्यालय : टीकापुर, कैलाली

कर्जा शिर्षक : कोष तथा गैरकोषमा आधारित विविध कर्जाहरु

ऋणी

नाम : टिकापुर फुड प्रोडक्ट्स प्रा.लि.
दर्ता नं. प्रा.लि.नं. ३३२९/०४५/४६, दर्ता मिति : २०४५/०८/१६
रजिष्टर्ड ठेगाना : कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १ (साविक टीकापुर न.पा. ९)
संस्थापक शेयरधनी/संचालक : मुकेश बहादुर बम र द्रोपती चन्द

जमानतकर्ताहरू

१. नाम : मुकेश बहादुर बम	२. नाम : द्रोपती चन्द
ना.प्र.नं. ५१३४/६५६, जि.प्र.का. कैलाली ई.प्र.शाखा टीकापुर	ना.प्र.नं. ५७८००११४०, जि.प्र.का. कञ्चनपुर
जारी मिति : २०५८/०६/२१	जारी मिति : २०६०/०३/१८
बाबुको नाम : दिलिप सिंह बम	पतिको नाम : मुकेश बहादुर बम
बाजेको नाम : बहादुर बम	ससुराको नाम : दिलिप सिंह बम
स्थायी ठेगाना : कैलाली जिल्ला, जोशीपुर गा.वि.स. वडा नं. ८	स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ६
हालको ठेगाना : कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १	हालको ठेगाना : कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १

३. नाम : डम्मर देवी बम
ना.प्र.नं. १३७/२३२१, जि.का. कैलाली, जारी मिति : २०४५/०२/१९
पतिको नाम : दिलिप सिंह बम, ससुराको नाम : बहादुर बम
स्थायी ठेगाना : कैलाली जिल्ला, जोशीपुर गाउ पञ्चायत वडा नं. ८, हालको ठेगाना : कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : सुदुर पश्चिम, जिल्ला : कैलाली

न.पा./गा.वि.स./उ.म.न.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (व.मी.)	कैफियत
सावित	हाल	सावित	हाल				
सितापुर	टीकापुर	८	१	टिकापुर फुड प्रोडक्ट्स प्रा.लि.	५०१६	२८७८.३४	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
टीकापुर	टीकापुर	९	१	डम्मर देवी बम	५१	१९४५.००	
					५२	६५७५.००	
					२४	३५८०.००	
					१२५६	३६०.००	
मनिकापुर	टीकापुर	८	१		२३७७	३३९.००	

टिकापुर फुड प्रोडक्ट्स प्रा.लि. को मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.
बर्दिबास, महोत्तरी, ०४४-५५०५१०, पोखरा, कास्की, ०६१-५५३८७५
टीकापुर, कैलाली, ०९१-५६१२५८

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

एकै दिनमा उठ्यो सावित्राको उपचार खर्च

नेपाली बैंक खातामा एक करोडभन्दा बढी र विदेशी प्लाटफर्ममार्फत ४५ लाख रुपैयाँ जम्मा भएपछि महिला राष्ट्रिय टोलीकी कप्तान सावित्रा भण्डारीले थप रकम नपठाउन आग्रह गरेकी छिन्

एन्फाले उपचारका लागि पाँच लाख रुपैयाँ मात्र उपलब्ध गराउने भनेपछि सावित्राले भावुक हुँदै सोमबार सामाजिक सञ्जालबाट आर्थिक सहयोगको अपिल गरेकी थिइन्



नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारीको एसिएल शल्यक्रियाका लागि एकै दिन आवश्यक खर्च जुटेको छ। सावित्राले मंगलबार सामाजिक सञ्जालबाट आफ्नो उपचार तथा रिह्याबका दौरान लाग्ने आवास र यातायात खर्च जुटेको जानकारी गराएकी छिन्। '२४ घन्टाभित्र नेपाली बैंक खातामा एक करोड रुपैयाँभन्दा बढी र विदेशी प्लाटफर्ममा ५२ हजार न्युजिल्यान्ड डलर (४५ लाख नेपाली रुपैयाँ) जम्मा भइसकेको छ,' उनले लेखेकी छिन्।

यसअघि उनको शल्यक्रिया भएकै घुँडाको एसिएलमा हालेको ग्राफ्ट र एमसिएल दुवैमा गम्भीर चोट लागेको छ। सावित्रा फिट भएर मैदानमा फर्कन करिब नौ महिना लाग्छ। ०७८ सालमा मैदान फर्कनुअघि सावित्रा एन्फाकै पहलमा कतारमा शल्यक्रिया गराएकी थिइन्। यसपटक एन्फाबाट सहयोग नपाएको उनको गुनासो थियो। उनले यो पनि कतारमै उपचार गर्ने योजना बनाएकी हुन्। कतारमा उपचार गर्दा न्युजिल्यान्डको क्लबको बिमाले काम नगर्ने भएकाले उनले एन्फाबाट सहयोग खोजेकी थिइन्।

नेपाली फुटबलकै सर्वोच्च निकाय अखिल नेपाल फुटबल संघ (एन्फा)ले उपचारका लागि केवल पाँच लाख मात्र दिन सक्ने भनेपछि सावित्राले भावुक हुँदै सोमबार सामाजिक सञ्जालबाट आर्थिक सहयोगको अपिल गरेकी थिइन्। 'घुँडाको शल्यक्रियाका लागि करिब ८० हजार अमेरिकी डलर (नेपाली एक करोड १५ लाख हाराहारी) चाहिने भएकाले सहयोगका लागि अपिल गरेकी छु,' उनले भनेकी थिइन्। सामाजिक सञ्जालमा गरिएको २४ घन्टाभित्र आवश्यक सबै खर्च जुटेको र थप रकम आवश्यक नपर्ने सावित्राले बताएकी छिन्। उनले नेपाली बैंक खातामा थप रकम जम्मा नगर्न अनुरोधसमेत गरेकी छिन्। 'मलाई प्रायोजन गर्नुहुने संस्था र अन्य नेपालका धेरै संघ-संस्थाले पनि नगद र सुविधा सहयोगको वाचा गर्नुभएको छ। यसले मेरो उपचार खर्च मात्र नभएर, कतारमा उपचारका दौरान लाग्ने आवास र यातायात पनि पुग्ने देखिन्छ। कतारमा रहनुहुने विभिन्न व्यक्तित्व र संस्थाले पनि सहयोगको वाचा गर्नुभएको छ। त्यसैले म आजबाट दुवै अकाउन्टमा सहयोग रकम रोकिदिनुहुन अनुरोध गर्दछु,' उनले लेखेकी छिन्।

सावित्रा अहिले न्युजिल्यान्डको वेलिङटन क्लबमा आबद्ध छिन्। वेलिङटन न्युजिल्यान्डको क्लब भए पनि अस्ट्रेलियाको शीर्ष डिभिजन लिग खेल्दै आएको छ। ब्रिस्बेन रोअरविरुद्धको खेलका क्रममा विपक्षी टोलीकी गोलरक्षकसँग ठोक्किँदा सावित्रा घाइते भएकी थिइन्। गत पुसको तेस्रो सातादेखि उनी मैदानबाहिर छिन्। सरकार र एन्फाबाट आर्थिक सहयोग नपाउँदा आफू शारीरिक मात्र नभएर मानसिक रूपमै थाकेको बताएकी छिन्। तर, सहयोगीहरूको हात अगाडि बढ्दा आफूलाई छिट्टै मैदानमा फर्कन सक्ने आत्मविश्वास जागेको उनको भनाइ छ।

'यो चोटले मलाई शारीरिक मात्र होइन, मानसिक रूपमा पनि थकाएको थियो, तर तपाईंहरूको साथले मलाई फेरि उठ्ने साहस दिएको छ,' उनले लेखेकी छिन्, 'म एक्लो छैन भन्ने विश्वास दिएको छ। म दृढ संकल्पका साथ भन्छु, म फर्कनेछु। अझ नेपालको जर्सी लगाएर मजबुत भएर फर्कनेछु।' यसअघि पनि उनी चोटका कारण एक वर्षपछि मैदान फर्किएकी थिइन्।

सावित्रा लेख्छिन्-

आज 'धन्यवाद' शब्द निकै सानो लागेको छ। पछिल्लो २४ घन्टामा मेरो उपचारका लागि जुन साथ, विश्वास र माया मैले पाएको छु, त्यो शब्दले वर्णन गर्न सक्दिनँ। आर्थिक रूपमा यहाँहरूले मेरो उपचारका लागि लाग्ने खर्च जुटाइदिनुभयो नै, मैले पाएको साथ र वाचाले मलाई अझ बलियो बनाएको छ। यही ऊर्जाले म आफ्नो शल्यक्रिया र पुनर्स्थापनामा शतप्रतिशत मिहिनेत गर्नेछु। खेलाडीका रूपमा मैले आजसम्म कमाएको सबैभन्दा ठूलो सम्पत्ति पैसा र उपाधि होइन, यो माया, भरोसा र समर्थन भन्ने मैले फेरि एकपटक हृदयदेखि बुझेको छु। यही नै मेरो वास्तविक कमाइ हो। उपचारका लागि नेपाली बैंक खातामा एक करोड रुपैयाँभन्दा बढी र विदेशी प्लाटफर्ममा ४५ लाख नेपाली रुपैयाँ (५२ हजार न्युजिल्यान्ड डलर) जम्मा भएको छ।

यसले मेरो उपचार खर्च मात्र नभएर, कतारमा उपचारका दौरान लाग्ने आवास र यातायात पनि पुग्ने देखिन्छ। कतारमा रहनुहुने विभिन्न व्यक्तित्व र संस्थाले पनि सहयोगको वाचा गर्नुभएको छ। त्यसैले म आजबाट दुवै अकाउन्टमा सहयोग रकम रोकिदिनुहुन अनुरोध गर्दछु। म आबद्ध क्लब वेलिंगटन फिनिक्सले पनि शल्यक्रिया र पुनर्स्थापनाका लागि बिमा रकम निकासा गरी त्यसमा थप सहयोग गरेर उपचारमा सहजीकरण गरिरहेको छ। चाँडै नै शल्यक्रिया मिति पाएर प्रक्रिया अघि बढ्नेमा विश्वस्त छु।

एन्फाविरुद्ध खेलाडीले गरे प्रदर्शन

एन्फाले सावित्राको उपचार गर्न आर्थिक सहयोग नगरेपछि राष्ट्रिय तथा पूर्वखेलाडीहरूले विरोध प्रदर्शन गरेका छन्। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मंगलबार राष्ट्रिय टोलीमा डिफेन्सिभ मिडफिल्डर रोहित चन्दसहित पूर्वखेलाडी विक्रम लामा, विराज महर्जनलगायतले पम्प्लेट बोकेर विरोध प्रदर्शन गरेका थिए। खेलाडीहरूले मैदानको सामान्य पारापिटमा बसेर विरोध प्रदर्शन गरेका हुन्। विरोध प्रदर्शन गरिरहँदा मैदानभित्र भने राष्ट्रिय लिगमा विभागीय टोली त्रिभुवन आर्मी क्लब र चर्च ब्वाइज युनाइटेड भिडिरहेका थिए। उनीहरूले खेल खेल्ने खेलाडी नरहे तिमी कसरी रहन्छौ एन्फा ?, एन्फा झुटको खेती कहिलेसम्म?, लिग त गराउन सकेको छैन, खेलाडीको उपचारमा मद्दत त गर, सावित्रा भण्डारी नेपाली नै हुनुलगायतका नारा बोकेका पम्प्लेट देखाएर विरोध गरेका हुन्।

कालोपट्टी बाँधेका खेलाडीलाई एन्फाको रोक

सावित्राको उपचार खर्च उपलब्ध नगराएको विरोधमा कालोपट्टी बाँधेर मैदान प्रवेश गर्न लागेका खेलाडीलाई रोकिएको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा चलिरहेको राष्ट्रिय लिगमा फ्रेन्ड्स क्लबका खेलाडीले मंगलबार कालोपट्टी बाँधेर खेल्न मैदान उत्रिन लागेका थिए। तर, अखिल नेपाल फुटबल संघ (एन्फा)का अफिसियलले उनीहरूलाई रोकेका हुन्। 'सावित्राको सोलिडारिटीका लागि हामीले कालोपट्टी बाँधेर मैदानमा प्रवेश गर्न खोज्दा एन्फाले रोक लगाएको छ। कालोपट्टी बाँधेर खेल्नु नियमविपरीत हो भन्दै एन्फाले रोक लगाएको हो,' फ्रेन्ड्स क्लबले जनाएको छ।

कांग्रेसले गऱ्यो पाँच लाख सहयोग

नेपाली कांग्रेसले कप्तान सावित्रा भण्डारीको उपचारका लागि पाँच लाख आर्थिक सहयोग गरेको छ। केन्द्रीय कार्यालयका कावा मुख्यसचिव कृष्णप्रसाद दुलालले मंगलबार विज्ञप्ति जारी सावित्राको उपचारका लागि पार्टीले आर्थिक सहयोग गर्ने जानकारी गराएका हुन्। 'उहाँको उपचारमा सहयोग पुऱ्याउनु हामी सबैको कर्तव्य हो।

यसै सन्दर्भमा, नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले एन्फाका अध्यक्षसँग टेलिफोन संवाद गरी खेलाडीको उपचार कोषमा पार्टीका तर्फबाट आर्थिक सहयोग गर्ने प्रतिबद्धताबमोजिम एन्फाको ग्लोबल आइएमई बैंक लिमिटेडमा रहेको खातामा पाँच लाख रुपैयाँ जम्मा गरिएको छ,' विज्ञप्तिमा भनिएको छ। सभापति थापाले देशको प्रतिष्ठा बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याएकी सावित्राप्रति उच्च सम्मान व्यक्त गर्दै पार्टीको तर्फबाट आर्थिक सहयोग गरिएको र यतिबेला हामी सबैले उनलाई साथ दिन जरुरी रहेको विज्ञप्तिमार्फत जनाएका छन्।

यसैबिच, सावित्राको उपचारका लागि विभिन्न संघ-संस्थाहरूले निःशुल्क सहयोगको घोषणा गरेका छन्। सरोकारवालाले ऐक्यबद्धता जनाइरहँदा भक्तपुर एफसीले पनि उपचारका लागि आवश्यक सम्पूर्ण सहयोग निःशुल्क उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। क्लबले सिद्धि मेमोरियल भक्तपुर अस्पतालमार्फत आवश्यक उपचार, परामर्श तथा स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्न तयार रहेको जनाएको छ। काठमाडौँ मेडिकल कलेज (केएमसी)ले पनि सावित्राका लागि निःशुल्क उपचार गरिदिने घोषणा गरेको छ।

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

पाकिस्तानलाई हराउँदै इंग्ल्यान्ड सेमिफाइनलमा

एजेन्सी



दुईपटकको विजेता इंग्ल्यान्ड १०औँ संस्करणको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। विश्वकपअन्तर्गत सुपर ८ को समूह २ बाट चार अंक जोड्दै इंग्ल्यान्ड अन्तिम चारमा पुग्ने पहिलो टोली बनेको हो। प्रतियोगिताको मंगलबार श्रीलंकाको केन्डीमा पाकिस्तानले पहिलो ब्याटिङ गरी २० ओभरमा नौ विकेट गुमाएर १६४ रन बनाएको थियो। प्रत्युत्तरमा इंग्ल्यान्डले १९.१ ओभरमा आठ विकेटको क्षतिमा १६६ रन जोड्यो।

पाकिस्तानमाथिको दुई विकेटको जितसँगै इंग्ल्यान्डले दुई खेलबाट चार अंक जोडेको हो। समूह '२' मा पाकिस्तानले दुई खेलबाट एक अंक जोडेको छ। इंग्ल्यान्डविरुद्ध पाकिस्तानले उत्कृष्ट सुरुवात गऱ्यो। तर, इंग्ल्यान्डका कप्तान ह्यारी ब्रुकले ५१ बलमा सय रनको शतकीय योगदान दिँदा पाकिस्तान खेलमा फर्कन सकेन। ब्रुकले इंग्ल्यान्डको जित आधार बनाउँदै १० चौका र चार छक्का प्रहार गरे। यसैगरी, विल ज्याक्सले २३ बलमा २८ रन बनाए। पाकिस्तानका लागि साहिन साह अफ्रिदीले चार ओभरमा ३० रन खर्चेर चार विकेट लिएका थिए।

फरहानको अर्धशतकीय

पालेकेलेको मैदानमा पाकिस्तानले सुरुवाती ब्याटिङ राम्रो रहेन। इंग्ल्यान्डका फास्ट बलर जोफ्रा आर्चरले ओपनर सैम आयुब र कप्तान सलमान आघाको विकेट जेमिए ओभर्टनले लिँदा पाकिस्तान ३.३ ओभरमा २७/२ को कमजोर अवस्थामा रह्यो। ओपनर सहिजादा फरहान र पूर्वकप्तान बाबर आजमले तेस्रो विकेटका लागि ४४ बलमा ४६ रनको साझेदारी गर्दै टोलीलाई सुदृढ अवस्थामा राखे। पाकिस्तानको ब्याटिङमा फरहानले मात्र अर्धशतकीय योगदान दिएका थिए। उनले ४५ बलमा सात चौका र दुई छक्का प्रहार गरी सर्वाधिक ६३ रनको योगदान दिए।

सुपर ८ अंक तालिका

समूह '१'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
वेस्ट इन्डिज	१	१	०	२	५.३५
द. अफ्रिका	१	१	०	२	३.८०
भारत	१	०	१	०	-३.८०
जिम्बावे	१	०	१	०	-५.३५

समूह '२'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
इंग्ल्यान्ड	२	२	०	४	१.४९
पाकिस्तान	२	०	१	१	-०.४६
न्युजिल्यान्ड	१	०	०	१	०.००
श्रीलंका	१	०	१	०	-२.५५

आजको खेल

श्रीलंका — राति ७:१५ बजे — न्युजिल्यान्ड

श्रीलंका र न्युजिल्यान्डलाई जित आवश्यक



घरेलु मैदानको फाइदा त्यति उठाउन सकेका छैनन्। पछिल्लो पाँच खेलमा श्रीलंकाले तीन जित तथा दुई हार सामना गरेको छ। न्युजिल्यान्डले पछिल्ला पाँच टी-२० आईमा तीन जित र एक हार सामना गरेको छ। कोलम्बोको प्रेमादासा रंगशालामा पहिलो ब्याटिङ गर्नेलाई सहज हुन सक्छ। दोस्रो इनिङ्समा यहाँ ड्यु फ्याक्टरले ब्याट्सम्यानलाई गाह्रो बनाउन सक्ने अनुमान गरिएको छ। यसैकारण, टस जित्ने टोलीले प्रेमादासा रंगशालामा पहिलो ब्याटिङ गर्ने सम्भावना छ। श्रीलंकाको ब्याटिङमा शीर्ष खेलाडीहरू कुशल मेन्डिस र पाथुम निशांका फर्ममा छन्। समूह चरणको खेलमा श्रीलंकाको जितमा उनीहरू चम्केका थिए।

एजेन्सी

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत बुधबार सुपर ८ मा न्युजिल्यान्डले श्रीलंकाको सामना गर्दै छ। समूह '२' मा श्रीलंका अंकविहीन छ भने न्युजिल्यान्डले एक अंक जोडेको छ। सुपर ८ को पहिलो खेल वर्षाका कारण नो रिजल्ट आएपछि न्युजिल्यान्डले पाकिस्तानसँग एक अंक बाँडेको थियो। श्रीलंका भने आफ्नो पहिलो खेलमै इंग्ल्यान्डबाट नराम्रोसँग पराजित भएको थियो। श्रीलंका र न्युजिल्यान्डलाई सेमिफाइनल आशा बलियो बनाउन जित आवश्यक छ। यो खेलमा पराजित हुने टोलीको शीर्ष दुईमा रहेर सेमिफाइनल पुग्ने आशा लगभग समाप्त हुनेछ। श्रीलंकाले यसपटक मेन्डिसले पछिल्लो १० टी-२० आई खेलमा ३२५ रन बनाएका छन्। उनको ब्याटिङ स्ट्राइक १३३.१९ रहेको छ। पाथुमले अस्ट्रेलियाविरुद्धको जितमा शतकीय इनिङ्स खेलेका थिए। बलिङमा श्रीलंकाको मुख्य आशा गरेको खलाडी महिश थिक्षणा र दुस्मान्थ चमिरा हुन्। न्युजिल्यान्डका लागि ग्लेन फिलिप्स र टिम सेफर्टको ब्याटिङ निर्णायक बन्न सक्छ। ग्लेनले पछिल्ला १० टी-२० आईमा २९५ रन जोड्दा १६४.८ स्ट्राइक राखेका छन्। टिमले अन्तिम नौ टी-२० आईमा १६६ को स्ट्राइकमा २७६ रन जोडेका छन्।

एकै खेलमा कीर्तिमानी ३१ छक्का

सुपर ८ अन्तर्गत समूह '१' मा जिम्बावे र वेस्ट इन्डिजबिचको खेलमा कीर्तिमानले भरिए। वेस्ट इन्डिजले जिम्बावेमाथि १०७ रनको फराकिलो जित निकाल्यो। समग्रमा यो खेलमा कुल ३१ छक्का प्रहार भएका थिए। विश्वकपको इतिहासमा एकै खेलमा धेरै छक्का प्रहार भएको जिम्बावे र वेस्ट इन्डिजबिचको खेल रह्यो। वानखेडे रंगशालामा वेस्ट इन्डिजका ब्याट्सम्यान निकै आक्रामक देखिएका थिए। सन् २०१४ को विश्वकपमा नेदरल्यान्ड्स र आयरल्यान्डबिचको खेलमा कुल ३० छक्का प्रहार भएका थिए। यसैगरी, चालू विश्वकपमा इंग्ल्यान्ड र इटालीबिचको खेलमा २५ छक्का प्रहार भएको आइसिसीले जनाएको छ।

विश्वपकमा सबैभन्दा कम बलमा अर्धशतकीय इनिङ्स खेल्ने रेकर्ड वेस्ट इन्डिजका सिमरोन हेटमेयरले जिम्बावेविरुद्ध लगाए। उनले केवल १९ बलमा अर्धशतक बनाएका थिए। यसअघि सन् २०१२ मा वेस्ट इन्डिजकै क्रिस गेलले अस्ट्रेलियाविरुद्ध २३ बलमा अर्धशतक बनाएका थिए। चालू विश्वकपमा सिमरोनले समग्रमा १७ छक्का लगाउँदै वेस्ट इन्डिजकै निकोलास पुरनको रेकर्ड बराबरी गरेका छन्। पुरनले सन् २०२४ को विश्वकपमा १७ छक्का प्रहार गरेका थिए। हेटमेयरले १०औँ ओभरमा १०८ मिटरको विशाल छक्का लगाएका थिए।



■ केभिकेएसएस र तेजस्वी सेमिफाइनलमा

काठमाडौं/ काठमाडौं विद्या कुञ्ज सेकेन्डरी स्कुल (केभिकेएसएस) र आयोजक तेजस्वी एकेडेमी प्रथम तेजस्वी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको महिलातर्फ मंगलबार सेमिफाइनलमा प्रवेश गरेका छन्। समूह 'बी'मा केभिकेएसएसले मानसिंहलाई २१-१४ ले पराजित गर्दै समूह विजेता बन्यो। मानसिंह पनि समूह उपविजेताका रूपमा सेमिफाइनलमा पुग्न सफल भयो। पुरुषतर्फ हिमालयले रोजमेरीलाई ३६-२५ ले हरायो। ह्वाइट हेभेनले रिलायन्सलाई २५-१७ र एन्जल्स हार्टले सेबलाई ५६-४५ ले पाखा लगाए।



मातृभूमि यू-१४ क्रिकेट बिहीबारदेखि

काठमाडौं/ मातृभूमि स्कुलको आयोजनामा प्रथम मातृभूमि अन्तरविद्यालय यू-१४ टी १० क्रिकेट प्रतियोगिता बिहीबारदेखि हुने भएको छ। प्रतियोगितामा ८ छात्र टोलीको सहभागिता रहनेछ। सहभागीलाई दुई समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने प्राविधिक प्रमुख रवीन्द्र गुप्ताले जानकारी गराए। समूहमा शीर्ष दुई स्थानमा रहने टोली सेमिफाइनलमा पुग्नेछन्। विजेताले ५० हजार र उपविजेताले २५ हजार रुपैयाँ पाउनेछन्। उत्कृष्ट खेलाडीलाई माउन्टेन बाइक, उत्कृष्ट ब्याट्सम्यानलाई ब्याट, उत्कृष्ट बलरलाई जुत्ता तथा प्रत्येक खेलको 'म्यान अफ दी म्याच'लाई ट्रफी प्रदान गरिनेछ। तीन दिनसम्म चल्ने प्रतियोगिता वान डे क्रिकेट एकेडेमीमा खेलाइनेछ।

लोयल्टी र एलएको सहज जित

काठमाडौं/ लोयल्टी एकेडेमी र आयोजक लिटिल एन्जल्स (एलए) 'ए'ले पाँचौं एलए अन्तरविद्यालय नेट च्याम्पियनसिपमा मंगलबार जित हात पारेका छन्। लोयल्टीले ज्ञानोदयलाई १-० तथा एलए 'ए'ले आफ्नै 'बी'लाई ६-१ गोलले पराजित गरे। बास्केटबलको महिलामा ज्ञानोदयले एलएलाई २०-१० ले पराजित गऱ्यो। पुरुषमा पुष्पसदनले एलएलाई ३७-२३ ले हरायो। यू-१२ पुरुष फुटसलमा एलए 'ए' ले एलआरआईलाई ९-० ले हरायो। कान्जिरोवाले भिएस निकेतनलाई १-० को झिनोअन्तरमा परातिज गऱ्यो। एलए डे बोर्डिङले एलआरआईलाई ६-० निराश बनायो।

■ जय ट्रफी पुरुष इलिट कप

एपिएफमाथि पुलिसको सानदार जित

नयाँ पत्रिका

नेपाल पुलिस क्लबले जय ट्रफी पुरुष इलिट क्रिकेट प्रतियोगिताको दोस्रो चरणमा नेपाल एपिएफमाथि नौ विकेटको जित निकालेको छ। त्रिवि क्रिकेट मैदानमा एपिएफले ११३ रनको सहज लक्ष्य दिएको थियो। पुलिसले १६.४ ओभरमा एक विकेटको नोक्सानीमा ११३ रन जोड्दै जय ट्रफीमा पहिलो जित निकाल्यो। पुलिसका लागि अमित श्रेष्ठ र कुशल भुर्तेलले दोस्रो विकेटका लागि ९० रनको साझेदारी गरेका थिए। भुर्तेलले ५३ बलमा पाँच छक्का र चार चौका प्रहार गरी सर्वाधिक ७१ रन बनाए। अमितले २५ बलमा समान दुई चौका र छक्काको सहयोगमा ३२ रनको जित निकाले।

एपिएफले पहिलो इनिङ्समा १८५ रन तथा दोस्रो इनिङ्समा २०४ रन बनाएको थियो। पुलिसले पहिलो इनिङ्स २२७/७ को अवस्थामा समाप्त गरेको थियो। एपिएफविरुद्ध ललित राजवंशीले घातक बलिङ गरेका थिए। उनले पहिलो इनिङ्समा ८१ रन खर्चेर चार विकेट लिए। दोस्रो इनिङ्समा ललितले ८० रन दिँदै पाँच विकेट हात पारे। खेलमा उनी नै म्याच अफ दी म्याच भए।

एपिएफका बोहरा शतक बनाउन चुके

रोहितकुमार पौडेलको कप्तानीमा रहेको एपिएफले दोस्रो इनिङ्स उत्कृष्ट बनाउन सकेन। स्पिनर ललित राजवंशीको कसिलो बलिङ स्पेलमा एपिएफका ब्याट्समयान खुलेर स्ट्रोक लगाउन सकेनन्। सो इनिङ्समा ओपनर दीपक बोहराले सर्वाधिक ९४ रनको योगदान दिएका थिए। उनी शतकीय इनिङ्स खेल्न ६ रनले चुके। उनले १२९ बलमा नौ चौका र तीन छक्का प्रहार गरे।

ओपनर आसिफ सेखले २१ रन तथा सन्दीप जोराले ११ रन जोडे। मध्यक्रममा अमर रौटेलाले ७७ बलमा ३२ रन तथा इर्साद अहमदले २० रनको योगदान दिएका थिए। पुलिसको पहिलो इनिङ्समा शंकर रानाले १०५ रनको शतकीय योगदान दिए। उनले १५५ बलमा पाँच छक्का र तीन चौका प्रहार गरे। रसिद खानले ४४ बलमा ३० रन जोडे। दिल्साद अलीले ८७ बलमा सात चौका र एक छक्का प्रहार गरी ५८ रन जोडे।

बागमतीसँग आर्मीले बराबरी खेल्यो

प्रतियोगिताअन्तर्गत मूलपानी मैदानमा बागमती प्रदेश र त्रिभुवन आर्मी क्लबले 'ड्रु' नतिजा निकालेका छन्। बागमतीले मंलबार आर्मीलाई ११८ रनको लक्ष्य दिएको थियो। लक्ष्य पछ्याएको इनिङ्समा आर्मीले चार विकेट गुमाएर ३९ रन जोडेपछि खेल 'ड्रु' भएको हो। आर्मीले दोस्रो इनिङ्सको पाँचौं ओभरमा तीन विकेट गुमाएको थियो। बागमतीका लेग स्पिनर तथा कप्तान सन्दीप लामिछानेले ४.३ ओभरमा भीमा सार्की, ४.४ ओभरमा विनोद भण्डारी तथा ४.६ ओभरमा कुशल मल्लको विकेट लिएका थिए। पाँच ओभरपछि खेल बराबरीको घोषणा भयो। प्रतिस्पर्धामा बागमतीका आयुष घिरैया म्यान अफ दी म्याच भए। उनले आर्मीविरुद्ध पहिलो इनिङ्समा ७७ रन तथा दोस्रो इनिङ्समा ७६ रनको योगदान दिएका थिए।

बागमतीले पहिलो इनिङ्स २५९/७ र दोस्रो इनिङ्स २१०/३ को अवस्थामा समाप्त गरेको थियो। आर्मीले पहिलो इनिङ्स ३५२/७ को स्थितिमा समाप्त गरी ९३ रनको अग्रता लिएको थियो। दोस्रो इनिङ्समा बागमतीले तीन विकेट गुमाएर २१० रन जोड्दै ११८ रनको लक्ष्य दिएको थियो। बागमतीको पहिलो इनिङ्समा ईशान पाण्डेले ६९ रन तथा विवेक मगरले ३१ रनको योगदान दिए। बलिङमा आर्मीका सहाब आलमले तीन तथा नरेन साउदले दुई विकेट लिए।

शीर्ष स्थानमा एपिएफ

आर्मीको पहिलो ब्याटिङमा भीम सार्कीले सर्वाधिक ७४ रनको योगदान दिए। यसैगरी सन्तोष कार्कीले ४३ रन, कप्तान विनोद भण्डारीले ४० रन तथा नरेश साउदले ५१ बलमा आठ छक्का र एक चौका प्रहार गरी ६६ जोडे। बागमतीको दोस्रो इनिङ्समा रित गौतमले ५६ रन तथा ईशान पाण्डेले ४१ रन जोडे। अंकतालिकामा एपिएफले दुई खेलमा समान एक जित र हार सामना गरी ३८ अंक बटुलेको छ। यसैगरी, नेपाल पुलिसले पनि समान एक जित र हार निकाली ३७.५ अंक जोडेको छ। आर्मीले दुई खेलमा एक जित र अर्कोमा नो रिजल्ट निकाली ३७ अंक जोड्यो। बागमती २६.५ अंकका साथ चौथो स्थानमा छ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com